सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

६ वैशाख २०८३, आइतबार (19 Apr 2026, Sunday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक ६ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

कर्मचारीमा पेन्सन लोभ, राज्यको ढुकुटीमा भार



राजीनामा दिएको अघिल्लो जागिरलाई सेवावधिमा जोड्न ८०० कर्मचारीको निवेदन, साढे ६ सयले जोडाए सेवावधि

सुवास भट्ट/नयाँ पत्रिका

कर्मचारी राज्यको ढुकुटीमा भार थप्ने गरी अतिरिक्त अवधिको पेन्सनको लोभमा छन्। राजीनामा दिइसकेको अघिल्लो जागिरसमेत सेवावधिमा जोडेर पेन्सन बढाउने गरी निजामती सेवाका करिब आठ सय कर्मचारीले निजामती किताबखानामा निवेदन दिएका छन्।

सेवावधि जोड्न माग गर्दै निवेदन दिइएको निवेदन किताबखानाले अस्वीकार गरेको थियो। तर, अदालतमा फैसला ल्याई साढे ६ सय कर्मचारीले सेवावधि जोडाएको राष्ट्रिय किताबखानाको तथ्यांक छ। यसले राज्यकोषमा करोडौं भार थपिएको छ।

अस्थायी जागिरलाई सेवावधिमा गणना नगर्न सर्वोच्चको फैसला

राजीनामा दिएर २०औं वर्षअघि उपदानसमेत बुझिसकेका कर्मचारीलाई रकम फिर्ता गराएर सेवावधि जोडिएको छ। व्यक्तिगत रिटमार्फत अदालतको फैसलाका आधारमा कर्मचारीहरूको सेवावधि भटाभट जोडिएको छ। १४ वर्षसम्मको सेवावधि जोडिएको भेटिएका छन्। यसरी सेवावधि थप्दा ११-१२ हजारसम्म पेन्सनमा थपिने देखिएका छन्।

निजामती सेवाका साबिकका कानुनी व्यवस्थाअनुसार सेवा प्रवेश गरेका कर्मचारीलाई राजीनामा दिएको अघिल्लो पदको जागिर अवधिलाई सेवावधिमा थप गर्ने निर्णय भएका हुन्। २०औं वर्षअघि लिएको उपदान रकमको हाल न्यून हुने मूल्य फिर्ता गर्दा त्यसले कर्मचारीलाई पेन्सनको ठुलो लाभ प्रदान गरिदिएको छ भने राज्यलाई भार पर्न गएको छ।

अनुकूलताको फाइदा

अघिल्लो निजामती सेवा कानुनमा कर्मचारीको उमेरहद ६० र सेवावधि ३० वर्ष थियो। साबिकका ऐन र नियमावलीका व्यवस्थाबमोजिम निजामतीमा सेवा प्रवेश गरेका कर्मचारी कतिपय उपल्लो श्रेणीमा छन् भने कतिपय कनिष्ट श्रेणीमा भए पनि सेवाको उत्तरार्धमा छन्।

०४९ मा सरकारले नयाँ निजामती सेवा ऐन जारी गऱ्यो। त्यसले निजामती कर्मचारीको सेवावधिसम्बन्धी व्यवस्था खारेज गरेर उमेरहद ५८ वर्ष कायम गऱ्यो। अर्को वर्ष नियमावली पनि जारी भयो। नयाँ ऐन र नियमावलीले साबिकबन्दा कतिपय फरक व्यवस्था पनि गऱ्यो भने पछि संशोधनका क्रममा पनि दफा र नियममा केही फेरबदल भए।

फेरि पनि सरकारले कानुनी संशोधनबाट सेवावधि कायम तथा उमेरहद बढाउन सक्ने अनुमानका आधारमा जागिर लम्ब्याउन र उपादानको रकम प्रयोग गर्न पाउने भएपछि कर्मचारीहरूले नयाँ नियुक्ति लिएपछि अघिल्लो पदबाट राजीनामा बुझाएका थिए। अनुकूलतामा खेलेका कर्मचारीले जागिर अवधिको उत्तरार्धमा उपदान फिर्ता गरेर पेन्सनका लागि सेवावधि जोड्ने निवेदन दिएका हुन्। तर, किताबखानाले मानेन। यसपछि उनीहरू सर्वोच्च र उच्च अदालत गए। अदालतबाट पनि मागदाबीबमोजिम फैसला भएपछि किताबखानाले धमाधम सेवावधि जोडिदिएको छ। यो फैसला नजिरबाट न्यायसेवा र न्यायाधीशसमेत लाभान्वित हुनेछन्।

अदालतहरूमा मुद्दाका शृंखला

सेवावधि जोड्नेसम्बन्धीका विषय विभिन्न तहका अदालतमा पुगेका छन्। यसको शृंखला विगत पाँच वर्षदेखि जारी छ। राजीनामा दिइसकेको पूर्ववर्ती पदमा १० वर्ष २० दिन कार्यरत रहेको समयलाई हालको सेवावधिमा जोडिपाऊँ भन्दै सर्वोच्च अदालतका इजलास अधिकृत (उपसचिव) राजकुमार आचार्यले २ फागुन ०७८ मा सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरेका थिए। ८ फागुन ०४५ मा खरिदारको नियुक्ति लिएर प्रशासन सेवा/समूहमा छिरेका

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ कांग्रेस कलह

राजनीतिक लडाइँ यथावत्

विशेष महाधिवेशन पक्षले कानुनी वैधता पाए पनि समानान्तर गतिविधि र आरोप-प्रत्यारोपले संस्थापन-इतरबिचको दूरी कायमै

प्रेम गौतम/नयाँ पत्रिका

प्रमुख प्रतिपक्षी दल कांग्रेसभित्रको आधिकारितासम्बन्धी कानुनी विवाद सर्वोच्च अदालतबाट टुंगिए पनि राजनीतिक लडाइँ भने यथावत् छ। इतर समूहले विशेष महाधिवेशनबाट निर्वाचित गगन थापा नेतृत्वको कार्यसमितिलाई मान्यता दिने सर्वोच्चको फैसला स्वीकार गरे पनि 'राजनीतिक लडाइँ' कामय राख्ने जनाउ दिएको छ। कानुनी अन्योल अन्त्य भए पनि संस्थापन र इतर पक्षका आ-आफ्ना 'पोजिसन' छन्।

महाधिवेशनपछि देखिएको समानान्तर गतिविधि, आरोप-प्रत्यारोप र स्पष्टीकरणले संस्थापन र इतर पक्षबिच बढाएको दूरी र अविश्वास भने कायमै छ। अदालतको फैसालपछि इतर पक्षले पार्टी एकताको विषय सभापति थापाको हातमा पुगेको प्रतिक्रिया दिएको छ भने संस्थापनले संवादमार्फत राजनीतिक विवादको समाधान खोजिने बताएको छ।

संस्थापन पक्षले पार्टी एकताबद्ध बनाउन हदैसम्म लचिलो हुने जनाउ दिएको छ। इतर पक्षसँग संवादको जिम्मा सभापति थापा आफैंले लिएका छन्। इतर पक्षका समेत माग सम्बोधन गर्दै उनीहरूलाई सामेल गराएर १५औं महाधिवेशन सम्पन्न गर्ने संस्थापन पक्षको रणनीति छ। आगामी असोजका लागि १५औं महाधिवेशनको कार्यसूची तय गरिएको छ।

'सभापतिज्यूले कोसिस गरिरहनुभएको छ। उहाँहरू (इतर पक्ष)को आग्रह पनि सभापतिबाटै पहल होस् भन्ने छ। कुराकानी गर्छौं र एकजुट भएर १५औं महाधिवेशन गर्छौं,' महामन्त्री गुरुराज घिमिरेले भने, 'पार्टी एकताको विकल्प छैन। पार्टी सबैको साझा हो र सबै प्रक्रियामा सहभागी हौं। भूमिका दिने विषयमा पनि खुला छौं।'

» पृष्ठ २ मा क्रमशः



■ राजनीतिक विश्लेषक विज्ञान प्रसाईंको टिप्पणी-


अब पुराना नेताले युवालाई सहयोग गर्नुपर्छ

सर्वोच्च अदालतको फैसला आइसकेको सन्दर्भमा पुराना नेताहरूले अब नयाँ पार्टी खोल्ने स्थिति नै छैन। पुरानो प्रक्रियाबाट आएका युवाहरूले नयाँ शिराबाट अगाडि बढ्ने र पुराना नेताले साथ दिने हो भने कांग्रेसको भविष्य छ। फेरि पनि भाग खोज्ने, स्वार्थकेन्द्रित रूपमा अगाडि बढ्ने हो भने कांग्रेसको भविष्य छैन। कांग्रेसको गौरवमय लिगेसी फलो गरेर पुराना नेताले युवालाई अगाडि बढाउन सहयोग गर्नुपर्छ। आजको डिजिटल युवामा कांग्रेस नयाँ किसिमले जानुपर्छ।



गगन थापा, कांग्रेस सभापति

● **गुरुराज घिमिरे**, महामन्त्री



सभापतिज्यूले कोसिस गरिरहनुभएको छ। उहाँहरू (इतर पक्ष)को आग्रह पनि सभापतिबाटै पहल होस् भन्ने छ। कुराकानी गर्छौं र एकजुट भएर १५औं महाधिवेशन गर्छौं। पार्टी एकताको विकल्प छैन। भूमिका दिने विषयमा पनि खुला छौं। सहमतिमा काम गर्दै जाँदा असोजको महाधिवेशनको तालिकामा केही तलमाथि गर्न सकिन्छ।



पूर्णबहादुर खड्का निवर्तमान कार्यवाहक सभापति

● **मीन विश्वकर्मा**, नेता



अदालतको निर्णय स्विकारेका छौं। योसँगै वैधानिकताको विषय टुंगियो। अब राजनीतिक विषय बाँकी छ, त्यो भनेको पाटी एकता हो। पार्टीलाई कसरी एकताबद्ध बनाउनुहुन्छ ? कसरी ठुलो बनाउनुहुन्छ ? कसरी भावनात्मक रूपमा सबैलाई आबद्ध हुने वातावरण बनाउनुहुन्छ ? अब गगन थापाको खुट्टामा बल छ।

■ मध्यमार्गी भूमिकामा कोइराला पक्ष

शेखर कोइराला पक्ष मिलेर अगाडि बढ्नुको विकल्प नभएको निष्कर्षसहित छलफल गरेर अगाडि बढ्ने कोइराला पक्षको रणनीतिमा छ। 'अदालतबाट विशेष महाधिवेशन पक्षधरले आधिकारिकता प्राप्त गऱ्यो। अदालतको फैसला स्विकार्दै अब मिलेर जानुको विकल्प छैन। राजनीतिक रूपमा लड्नका लागि अर्को पार्टी बनाउन पनि आवश्यक छैन। अहिले सिंगो पार्टीको त यो अवस्था छ, अब अर्को पार्टी बनाएर के हुन्छ ?' कोइरालानिकट नेता सञ्जय गौतमले भने। उनले आन्तरिक छलफल गरेर अगाडि बढ्ने बताए।



■ निवर्तमान केन्द्रीय सदस्यहरूको बैठक आह्वान

राजनीतिक निर्णय लिन इतर पक्षले १४औं महाधिवेशनबाट निवर्तमान केन्द्रीय कार्यसमितिको बैठक बोलाएको छ। अनौपचारिक छलफलले पार्टीलाई एकताबद्ध गर्ने दायित्व सभापति थापाको काँधमा आएको निष्कर्ष निकाल्दै थप रणनीति बनाउन बैठक बोलाएको हो। आइतबार मध्याह्न १२ बजे बस्ने गरी धुम्बाराहीस्थित स्मार्ट होटेलमा खड्काले निवर्तमान केन्द्रीय सदस्यहरूको बैठक बोलाएका छन्। उक्त बैठकमा बृहत्तर छलफलमार्फत साझा धारणा बनाउन प्रयास गरिने महतले बताए।

■ असनमा शनिबार : रैथाने स्वाद र संस्कृति



शब्द/तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

काठमाडौं महानगरले शनिबार असनमा गाडी प्रवेश निषेध गरेपछि मौलिक परिकार र संस्कृतिको स्वाद सँगसँगै पस्किन थालिएको छ। कमलाक्षी चोक, भोटाहिटी चोक र महाबौद्धदेखि असनसम्मको क्षेत्रमा अब हरेक शनिबार यस्तै क्रियाकलाप हुनेछ।

कर्नर किक

● रवि मिश्र



गृह र कानुन मन्त्रालयबिच समन्वय नहुँदा कैद कट्टासम्बन्धी संशोधन प्रस्ताव अलपत्र



फौजदारी अभियोगमा सजाय तोकिएका कसुरदारले जेलमुक्त हुनुअघि पीडित वा उसको परिवारको सहमति लिनुपर्ने नियमावली संशोधन गर्ने मस्यौदा गृह मन्त्रालयमै थन्किंयो

(विस्तृत पृष्ठ ३)

सरकारका राष्ट्रिय प्रतिबद्धताको शल्यक्रिया



अग्रलेख

● सुरेश गौतम

बालेन सरकारको राष्ट्रिय प्रतिबद्धता आशाको पुल त हो, तर यसको जग पुरानै संरचना र परम्परागत कार्यशैलीमा ठडिएको छ

(पृष्ठ ४)

कारबाहीमा पर्दै हिमालयन रिका सञ्चालक र व्यवस्थापक

सम्पत्ति शुद्धीकरणमा मुछिएका दीपक भट्टको अनियमिततामा सहयोग गरेपछि निलम्बन गर्ने चेतावनीसहित प्राधिकरणले सोध्यो स्पष्टीकरण

(विस्तृत पृष्ठ ६)

मृत्युपछि पनि मिलेन मुक्ति

परिवारले चार लाख उपचार खर्च तिर्न नसक्दा मलेसियाको अस्पतालमा सप्तरीका मनजय सदाको शव १० दिनदेखि बन्धक

सप्तरीमा **सौरभ यादव**

परिवारले चार लाख उपचार खर्च तिर्न नसक्दा मलेसियाको अस्पतालमा सप्तरीका मनजय सदाको शव १० दिनदेखि बन्धक छ। १० वर्षअघि रोजगारीका लागि मलेसिया पुगेका सप्तरीको विष्णुपुर गाउँपालिका- ६, रामटोलका ३३ वर्षीय सदाको तेङ्कु अम्पुआन रहिमा क्लाङ अस्पतालमा उपचारका क्रममा २६ चैतमा मृत्यु भएको थियो। तर, उपचारमा लागेको चार लाख तिर्न नसकेका कारण अस्पतालले शव निकाल्न नदिएको हो।



मनजय सदा

मनजयकी २७ वर्षीय श्रीमती शिवकुमारी सदाका अनुसार श्रीमान्लाई अचानक पेट दुख्न थालेपछि एक साथीले अस्पताल लगेका थिए। केही दिनको उपचारपछि श्रीमान्का तिनै साथीले मृत्युको खबर पठाएको र उपचारमा लागेको चार लाख नतिरेसम्म शव नदिने जनाएको शिवकुमारीले सुनाइन्।

'अस्पतालमा उपचारका क्रममा लागेको चार लाख तिरेपछि मात्रै शव दिन्छौं भनेर अस्पतालले भनेको छ। तर, हामीसँग भएको यही झुप्रो घर मात्रै हो, यो पनि ऐलानी जग्गामा बनाएको हो,' शिवकुमारीले भनिन्,

» पृष्ठ २ मा क्रमशः



मनजय सदाको घर र शोकमग्न परिवार

● श्रीमती शिवकुमारी सदाको बिलौना-

हामी विपन्नले त्यति धेरै पैसा कहाँबाट ल्याउने ?

अस्पतालमा उपचारका क्रममा लागेको चार लाख तिरेपछि मात्रै शव दिन्छौं भनेर अस्पतालले भनेको छ। तर, हामीसँग भएको यही झुप्रो घर मात्रै हो, यो पनि ऐलानी जग्गामा बनाएको हो। हामी विपन्नले त्यति धेरै पैसा कहाँबाट ल्याउने ?

● बुढेसकालको सहारा गुमाएका ७० वर्षीय बुवा बुधन सदाले भने-

मृत्युपछि पनि उसले मुक्ति पाएन

मेरो सहारा ढल्यो। यो उमेरमा भारी बोकेर वा खेताला गएर परिवारको पेट पाल्ने सामर्थ्य मसँग छैन। परिवारको छाक कसरी टार्ने होला, बिरामी पर्दा औषधि कसले ल्याइदेला ? हाम्रो परिवारको भविष्य त धरापमा परेको छ नै, मृत्युपछि पनि उसले मुक्ति पाएन। अस्पतालबाट शव निकाल्न चार लाख तिर्ने हैसियत हामीसँग छैन।

कुखुरा फर्मले गाउँ नै दुर्गन्धित



दमक- १० मा रहेको हाइटेक पोल्ट्री फर्म

झापामा **चिरञ्जीवी घिमिरे**

झापाको दमक नगरपालिका- १० जहदा टोलका खड्गबहादुर श्रेष्ठको घर हाइटेक पोल्ट्री फर्मको ३० मिटर दूरीमा छ। दमककै ठुलो यो कुखुरा फर्मका कारण उनको परिवारले हैरानी भोग्नुपरेको छ। फर्मबाट निस्कने दुर्गन्ध उनको घरसम्म आइपुग्छ। फर्मबाट निस्कने दुर्गन्धले घरमा बस्न नै मुस्किल हुन्छ। त्यति मात्र होइन, थेग्नै नसक्ने गरी उनको घरसम्म झिँगा फैलिएको छ।

फर्मलाई व्यवस्थित गर्न नसक्दा अहिले उठीवास लाग्ने अवस्था आएको खड्गबहादुर बताउँछन्। 'गन्धले रातभर सुत्न सकिँदैन। गन्ध जतिवेला पनि आउँछ। झिँगाले हैरानी दिएको छ। खानासँगै झिँगा पनि खाइन्छ,' उनले भने, 'फर्मदेखि सबैभन्दा नजिकको घर नै मेरो हो। यति ठुलो फर्म त हामी हटाउन सक्दैनौँ, तर यहाँदेखि सारिदिए हुन्थ्यो भन्ने भएको छ।'

घरमा पाहुना आउँदा पनि दुर्गन्ध र झिँगाका कारण खाना पनि खान नसक्ने अवस्था आएको उनी बताउँछन्। 'पाहुना आउँदा त लाज नै हुन्छ। पोहोर फागुनमा छोरीको विवाह थियो। झिँगाका कारण कसैले पनि खाना खाएनन्,' उनले भने, 'हाम्रो समस्या कसैले बुझेनन्। दुर्गन्ध आयो भन्दा उल्टै धम्की दिइन्छ।'

झिँगा कम गर्न भनेर फर्मले वेलावेलामा विषादी छर्किन्छ। तर, त्यो विषादीले कृषक उल्टै मर्कामा छन्। 'विषादी छरेको थाहा पाएनौँ। भैँसी चराएका थियौँ। भैँसी नै बिरामी भयो,' खड्गबहादुर भन्छन्, '१० हजार खर्च गरेर भैँसी बचाएँ।'

यो पोल्ट्री फर्मका कारण सिँगो गाउँ नै प्रताडित छ। जहदा टोलका करिब ५० घरपरिवार यो फर्मको दुर्गन्धको सिकार बनेका छन्। फर्मबाट निस्किएको सुलीले गाउँसम्म नै दुर्गन्ध फैलिएको छ। फर्मबाट निस्किएको सुली फर्मवरिपरि जथाभावी छ। एउटा ट्यांकी बनाएर त्यहाँ सुली जम्मा पनि गरिएको छ। तर, ट्यांकीमा छोप्ने नहुँदा त्यसको दुर्गन्ध गाउँसम्म फैलिएको छ। ०७५ मा स्थापना भएयता स्थानीयले दुर्गन्ध र झिँगाका कारण सास्ती व्यहोर्नुपरेको छ। 'पूजा, विवाहजस्ता कार्यमा त यहाँ आएका पाहुनाले झिँगा र दुर्गन्धका कारण खाना खान सक्दैनौँ। हामी दैनिक समस्या भोगेर बसिरहेका छौँ,' स्थानीय राधिका पौडेल भन्छिन्, 'झिँगा बस्नै नसक्ने गरी आउँछ। दुर्गन्ध उस्तै छ। दुर्गन्धका कारण हैजा फैलने डर पनि छ। हामीले पाँच वर्षदेखि यो समस्या भोग्दै आएका छौँ।'

स्थानीयले लामो समयदेखि आवाज उठाइरहेका छन्, तर समस्या उस्तै छ। २४ मंसिर ०८० मै स्थानीयले दमक- १० स्थित वडा कार्यालयमा समस्या समाधान गरिदिन माग गर्दै निवेदन दिएका थिए। तर, सुनुवाइ नभएपछि उनीहरू पुनः केही दिनअघि नगरपालिकामा पुगे। दमक नगरपालिकाका नगर प्रमुख रामकुमार थापाले प्रभावित स्थानीयलाई नै नराखी केही जनप्रतिनिधि र सञ्चालकसँग २४ चैतमा बैठक बसेर केही निर्णय गरेका छन्। बैठकले झिँगा नियन्त्रण नभएसम्म फर्मपरिसरको एक किलोमिटरवरिपरि विषादी छिट्ने, फर्मको हातामा रहेको सुली र अन्य फोहोर तीन दिनभित्र व्यवस्थापन गर्ने, सुली व्यवस्थापनका लागि तीन महिनाभित्र ट्यांकी निर्माण गरिसक्नुपर्ने, फर्मको फोहोर व्यवस्थापनका लागि मोटरपम्पको व्यवस्थापन गरी एक हप्ताभित्र व्यवस्थापन गर्नुपर्ने र कुखुराको दानामा लार्भा चेक केमिकल प्रयोग गर्ने निर्णय गरेको छ। तर, एक साता बितिसक्दा पनि समस्या उस्तै रहेको स्थानीयको गुनासो छ। उक्त निर्णय गर्दा स्थानीय प्रभावित र टोल-विकासलाई समेत नराखीकनै निर्णय भएको जहदा टोल विकास संस्थाका पूर्वअध्यक्ष भक्तबहादुर धिमालले बताए। 'स्थानीयलाई नराखी सहमति भएछ। तर, अहिलेसम्म पनि केही फरक भएको छैन। पटक-पटक भन्दा पनि समाधान गरिएन,' उनले भने, 'यो गतिविधि हेर्दा जनप्रतिनिधि पनि कतै प्रभावित भएका त छैनन् भन्ने शंका उब्जिएको छ। प्रभावितविना नै कसरी सहमति भयो ?'

व्यावसायिक पन्छी फर्म तथा ह्याचरी सञ्चालन निर्देशिकाअनुसार पक्षीपालन व्यवसाय घना मानवबस्ती (१५ घरधुरीनजिक रहेको) क्षेत्रमा गर्न पाइनेछैन। तर, यो फर्मको ३० देखि ५० मिटरको दूरीमा बस्ती छन्। हाइटेक पोल्ट्री फर्मका सञ्चालक माधव पराजुलीले भने व्यवस्थापन भइरहेको बताए। उनले स्थानीय तहले दिएको सुझावका आधारमा पनि व्यवस्थापन गरिरहेको बताए। यद्यपि, झिँगा भने फर्मको कारण नभई अहिले झिँगा आउने समय नै भएको उनको दाबी छ। उनले केही व्यक्तिले सस्तोमा अन्डा नदिएपछि विरोध गरेको दाबी गरे। 'अहिले धेरै तनावमा छौँ। विभिन्न रोगले कुखुरा मरिरहेको छ,' उनले भने, 'न राज्यले हेर्छ, न त बिमा कम्पनीले नै। यस्तो अवस्थामा व्यवसायीलाई तनाव दिने काम नहोस्।'

दमक नगरपालिकाका नगर प्रमुख रामकुमार थापाले १२ बिघा क्षेत्रफलमा रहेको यो दमककै ठुलो कुखुरा फर्म भएको बताए। यो फर्मले व्यवस्थापन गर्न नसक्दा गाउँमा दुर्गन्ध फैलिएको उनको भनाइ छ। 'उनीहरूले व्यवस्थापन गर्न नसक्दा गाउँमा दुर्गन्धचाहिँ फैलिएको छ। तर, माथिल्लो निकायले दर्ता गरेको यो फर्म बन्द गर्ने अधिकार हामीलाई छैन। फर्मले पनि व्यवस्थापन गर्न नसकेको स्वीकार गरेको छ,' उनले भने, 'बैठक बसेर निर्णय गरी केही सुझाव दिएका छौँ। त्यो सुझाव कार्यान्वयन गर्न पनि तयार छन्। यदि कार्यान्वयन गर्ने हो भने केही व्यवस्थापन हुन सक्छ।'

■ थाइल्यान्डको गाँजा नेपालमा तस्करी

दुई वर्षमा झन्डै चार क्विन्टल थाई गाँजा बरामद, अन्तिम गन्तव्य भारत

टेकराज थामी/नयाँ पत्रिका

फ्लाई दुबईको उडानबाट गत २८ चैतमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल उत्रिएका भारतीय नागरिक मोहसिन सलाउद्दिन खानको गतिविधि प्रहरीलाई शंकास्पद लाग्यो। लागुऔषध नियन्त्रण ब्युरोको टोलीले उनीमाथि निगरानी बढायो, तर तत्काल पक्राउ गरेन। सलाउद्दिन विमानस्थलबाट बाहिरिए। सरासर सिनामंगलस्थित होटेल पुगे। पछ्याउँदै प्रहरी पनि होटेल प्रवेश गर्‍यो। उनलाई पर्खिरहेका अर्का भारतीय नागरिक मोहम्मद राहिल मोहम्मद ताहिर गंगु पनि सोही होटेलमा भेटिए।

प्रहरीले दुवैलाई नियन्त्रणमा लियो। उनीहरू बस्ने कोठा खानतलासी गर्दा झोलामा सात किलो गाँजा भेटियो। सोधपुछपछि खुल्यो- बरामद गाँजा थाइल्यान्डबाट ल्याइएको रहेछ। सलाउद्दिनले उक्त गाँजा बैंककबाट दुबई हुँदै नेपाल भित्र्याएका थिए।

३० असार ०८२ को ठिक ३:३० बजे। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा थाइल्यान्डको बैंककबाट आएको एयर एसियाको विमान अवतरण गर्‍यो। विमानबाट भारतीय नागरिक लेइयावन फुङ्थर पनि उत्रिइन्। लागुऔषध नियन्त्रण ब्युरोबाट विमानस्थलमा खटिएको प्रहरी टोलीको नजर उनको गतिविधिमा पर्‍यो। शंकास्पद देखिएपछि प्रहरीले उनलाई पछ्यायो। विमानस्थलबाट बाहिरिएपछि पक्राउ गरी खानतलासी गर्दा झोलामा पाँच किलो गाँजा भेटियो। सोधपुछपछि खुल्यो, उनले उक्त गाँजा थाइल्यान्डबाट ल्याएकी थिइन्।

श्रीलंकाको कोलम्बो हुँदै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल उत्रिएको श्रीलंकन एयरलाइन्सको जहाजबाट भारतीय नागरिक कपिल भारद्वाज ओर्लिए। उनको पनि गतिविधि शंकास्पद देखिएपछि प्रहरीले पिछा गर्‍यो। विमानस्थलबाहिर पक्राउ गरेर खानतलासी गर्दा उनको साथमा १८ किलो गाँजा र २.६५ किलो कोकिन फेला पर्‍यो।



सोधपुछपछि खुल्यो, उनले बरामद गाँजा थाइल्यान्डबाट ल्याएका थिए। प्रहरीले अनुसन्धानलाई अझ बृहत् बनाउने क्रममा उक्त घटनाको डेढ महिनापछि लैनचौरस्थित होटेलबाट अर्का भारतीय नागरिक अमृतसिंह सिन्धु पनि पक्राउ परे। अनुसन्धानपछि खुल्यो, थाइल्यान्डमा उत्पादन भएको गाँजा नेपाल भित्र्याउने धन्दाका एक 'मास्टर माइन्ड' उनी नै रहेछन्।

थाइल्यान्डमा उत्पादित गाँजा नेपाल तस्करी हुँदै आएको तथ्य बताउने यी प्रतिनिधि घटना मात्रै हुन्। पछिल्ला वर्ष थाइल्यान्डबाट ठुलो परिमाणमा गाँजा नेपाल भित्रिएको देखिन्छ। लागुऔषध नियन्त्रण ब्युरोको तथ्यांकअनुसार दुई वर्षमा थाइल्यान्डबाट नेपाल भित्रिएको ३८९.७१ किलो गाँजा बरामद भएको छ। यी घटनामा ११७ अभियुक्त पक्राउ परेका छन्। जसमध्ये ८३ अभियुक्त भारतीय नागरिक छन्, जुन कुल पक्राउको ७०.९४ प्रतिशत हो। पक्राउ पर्नेमा १२ नेपाली, थाई र श्रीलंकन तीन-तीन तथा मलेसियका एक रहेको प्रहरीले जनाएको छ।

लागुऔषध नियन्त्रण ब्युरो प्रमुख कृष्ण कोइरालाले पछिल्ला वर्ष थाइल्यान्डमा उत्पादन भएको गाँजा नेपाल भित्रिने गरेको बताए। अधिकांश घटनामा भारतीय नागरिक संलग्न हुने गरेको उनको भनाइ छ। 'पछिल्ला वर्ष थाइल्यान्डमा उत्पादन भएको गाँजा नेपाल भित्रिने गरेको छ। दुई वर्षमा मात्रै झन्डै चार क्विन्टल बरामद गरेका छौँ। तस्करीमा संलग्न अधिकांश भारतीय देखिन्छन्,' उनले भने।

प्रहरीका अनुसार थाइल्यान्डमा उत्पादित गाँजा नेपाल खतप हुने उद्देश्यले तस्करी गरिएको देखिँदैन। यसको अन्तिम गन्तव्य भारत हो। थाई गाँजामा टिएचसी (टेट्राहाइड्रोक्यानाबिनो) र सिडिबी (क्यानाबिडोन) नामको केमिकल अत्यधिक हुन्छ। हाइब्रिड गरिएको गाँजामा यस्ता केमिकल धेरै हुने प्रहरीको भनाइ छ। त्यसैले भारतमा यस्तो गाँजाको माग धेरै छ। सोही मागलाई पूर्ति गर्न तस्करले उक्त गाँजा नेपाल हुँदै भारत लैजाने गरेका हुन्।

बिरामीसम्बन्धी भिडियो सार्वजनिक नगर्न चिकित्सकलाई चेतावनी

नयाँ पत्रिका

नेपाल मेडिकल काउन्सिलले चिकित्सकले बिरामीसँग सम्बन्धित भिडियो सामग्री सामाजिक सञ्जालमा सार्वजनिक नगर्न कडा चेतावनी दिएको छ। काउन्सिलले 'अनलाइन परामर्श'का नाममा विनापरीक्षण औषधि सिफारिस गर्ने, रोगबारे सुझाव दिने तथा भिडियो सामग्री प्रसारण गर्ने प्रवृत्तिप्रति गम्भीर आपत्ति जनाएको छ।

काउन्सिलका रजिस्ट्रार डा. सतिशकुमार देवले जारी गरेको विज्ञप्तिमा उचित परीक्षण र प्रत्यक्ष मूल्यांकनविना दिइने सल्लाहले बिरामीको स्वास्थ्यमा गम्भीर जोखिम निम्त्याउन सक्ने उल्लेख गरिएको छ। यस्तो अभ्यासले अनावश्यक जटिलता बढाउने र दीर्घकालीन हानि पुर्‍याउन सक्ने काउन्सिलको चेतावनी छ।

'विभिन्न सामाजिक सञ्जाल टिकटक, इन्स्टाग्राम तथा फेसबुकजस्ता सामाजिक सञ्जालमार्फत 'अनलाइन परामर्श'का नाममा चिकित्सकले बिरामीसँग सम्बन्धित भिडियो सामग्री सार्वजनिक गर्ने, विभिन्न रोगको उपचारका लागि औषधि प्रयोग गर्न सुझाव दिने, औषधि सिफारिस गर्ने तथा स्वास्थ्यसम्बन्धी भिडियो सामग्री व्यापक रूपमा प्रसारण गर्नेजस्ता कार्य भइरहेकोप्रति नेपाल मेडिकल काउन्सिलको गम्भीर ध्यानाकर्षण भएको छ,' काउन्सिलका रजिस्ट्रार डा. देवले जारी गरेको विज्ञप्तिमा छ, 'स्वास्थ्य सेवा अत्यन्त संवेदनशील क्षेत्र भएकाले बिरामीको उचित परीक्षण, आवश्यक जाँच तथा काउन्सिलमा दर्ता रहेका चिकित्सकको प्रत्यक्ष मूल्यांकनविना औषधि सेवन गर्न सुझाव दिनु वा त्यस्तो सल्लाह प्रचार गर्नुले बिरामीको स्वास्थ्यमा गम्भीर जोखिम उत्पन्न हुन सक्ने, अनावश्यक जटिलता बढ्न सक्ने तथा दीर्घकालीन हानिसमेत पुग्न सक्ने तथ्य सर्वविदितै छ।'

काउन्सिलले यसप्रकारका गैरजिम्मेवार तथा अवैज्ञानिक सूचना तथा सल्लाहले सर्वसाधारणलाई भ्रममा पार्ने भन्दै चिकित्सकलाई केही नियम पालना गर्न भनेको छ। काउन्सिलले बिरामीसँग सम्बन्धित भिडियो सामग्री सार्वजनिक नगर्न, गर्नैपर्ने अवस्था भएमा बिरामीको अनुहार र पहिचान नखुलाउने, सामाजिक सञ्जालमार्फत परीक्षणविना औषधि सिफारिस गर्ने कार्य तुरुन्त बन्द गर्ने र स्वास्थ्यसम्बन्धी कुनै पनि जानकारी वा परामर्श दिँदा वैज्ञानिक आधार, प्रमाणित तथ्य र पेसागत आचारसंहिताको पूर्ण पालना गर्ने अनुरोध छ। काउन्सिलले सामाजिक सञ्जालमा देखिएका अप्रमाणित सल्लाहका आधारमा औषधि प्रयोग नगरी योग्य तथा दर्ता प्राप्त चिकित्सकसँग मात्र परामर्श लिन बिरामीहरूसँग पनि आग्रह गरेको छ।

अस्पतालबाट डिस्चार्ज भए ओली



नयाँ पत्रिका

पूर्वप्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी शर्मा ओली अस्पतालबाट डिस्चार्ज भएका छन्। ओली २१ दिनको उपचारपछि शनिबार अस्पतालबाट डिस्चार्ज भएका हुन्। गत चैत १४ गते पक्राउ परेपछि स्वास्थ्य समस्या देखिएसँगै उनलाई त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा भर्ना गरिएको थियो। अस्पतालमा रहँदा उनको पत्थरीसम्बन्धी शल्यक्रिया गरिएको थियो।

अस्पताल स्रोतका अनुसार स्वास्थ्य अवस्था सुधारोन्मुख भएपछि चिकित्सकहरूको सल्लाहमा उनलाई डिस्चार्ज गरिएको हो। उपचार अवधिभर उनी चिकित्सकहरूको निगरानीमा रहेका थिए। डिस्चार्जपछि पनि केही समय नियमित फलोअप र आराम गर्न चिकित्सकले सुझाव दिएका छन्।

कर्मचारीमा पेन्सन...

पृष्ठ १ बाट क्रमशः

आचार्य १० वर्ष सोही पदमा कार्यरत थिए। खुला प्रतिस्पर्धामा लोकसेवा पास गरेर न्याय सेवा/समूहको नायब सुब्बा सिफारिस भएपछि उनले अघिल्लो पदबाट राजीनामा दिए, २८ फागुन ०५५ मा। यसक्रममा पदोन्नति हुँदी उनी सर्वोच्च अदालतमा इजलास अधिकृत भएर आएका हुन्। नासुमा नाम निस्केपछि खरिदार पदबाट राजीनामा दिएका उनले उपादानबापत २८ हजार ७७९ रुपैयाँ रकम पनि बुझेका थिए।

वर्षौंपछि ११ पुस ०७८ मा उनले खरिदारबाट राजीनामा दिएको अवधिको सेवाअवधि जोडिपाउन निजामती किताबखानामा निवेदन दिएका थिए। आफूले सेवा प्रवेश गर्दा उपदान फिर्ता गरेपछि जहिलेसुकै सेवाअवधि जोडाउन सकिने प्रावधान भएको र सेवा प्रवेश गरेको बखत कायम नरहेको व्यवस्थाले आफूलाई असर नगर्ने हुँदा बुझेको उपदान रकम लिई पहिलेको सेवाअवधि जोडिपाउन उनले निवेदन दिएका थिए। निवेदनउपर सेवाअवधि जोड्नेतर्फ कुनै कारबाही नगरी र नोकरी जोडाउने कानुनी व्यवस्था नभएको र त्यसो गर्न नमिल्ने भनी किताबखानाले पत्र दिएको थियो। संविधान र कानुनप्रदत्त मौलिक हकअधिकार प्रतिकूल भएको दाबी गर्दै किताबखानाको पत्र उत्प्रेषणको आदेशद्वारा बदर गरी सेवाअवधि थप्ने मागसहित उनले रिट निवेदन हालेका थिए। तर, निजामती कानुनबमोजिम म्यादभित्रै निवेदन दिएको नदेखिएको भन्दै किताबखानाले १६ फागुनमा निर्णय गरेर सेवाअवधि जोड्न नमिल्ने पत्र दिएको थियो।

निजामती सेवा ऐन र नियमावलीमा भएको व्यवस्थाबमोजिम समय सन्दर्भअनुसार प्राप्त हुने लाभलाई स्वीकार गरी सुविधासमेत उपभोग गरेपश्चात् समयमा नै कानुनी अधिकार प्रयोग नगरी लामो समयपछि उपभोग गरिसकेको सुविधा फिर्ता गरेर पुनः अर्को सुविधा माग गर्नु कानुनतः असान्दर्भिक देखिएको जवाफ किताबखानाले अदालतमा पठाएको थियो। निवेदकले रिट निवेदनमा उल्लेख गरेका विषयवस्तु स्वच्छ र सफा हात, समर्पण र सुविधा प्रयोग गरिसकेपछि विवादको उठान गर्ने सिद्धान्तसमेतको प्रतिकूल भएको देखिएको लिखित जवाफ १५ फागुन ०७८ मा किताबखानाले पठाएको छ।

मुद्दामा विपक्षी बनाइएको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पनि प्रचलित कानुनले तोकेको अवधिभित्र सेवाअवधि नजोडी उक्त अवधि व्यतीत भइसकेपछि पहिले गरेको सेवा हालको सेवामा गणना गर्ने निवेदन जिकिर कानुनसम्मत नदेखिएको तर्क गरेको थियो। निजामती सेवा नियमावली, २०५० मा ०५६ को दोस्रो संशोधनद्वारा थप गरिएको नियम १२३ को उपनियम (३) ले सम्बन्धित सबै निजामती कर्मचारीलाई पहिले गरेको सेवाअवधि हालको सेवाअवधिसँग जोड्नका लागि १ (एक) वर्षको समयावधि दिएको छ। रिट निवेदकले उल्लेखित अवधि व्यतीत गरी जुनसुकै समयमा पनि जोडाउन पाउने भनी अपव्याख्या गरेर प्रचलित कानुनले दिएको सुविधालाई तोकिएको समयमा उपयोग नगरी हाल आएर आफ्नो संवैधानिक तथा कानुनी हक-अधिकारको प्रयोगमा वञ्चित भएको भन्ने दाबी लिन मिल्ने होइन भन्ने तर्क पनि मन्त्रालयले लिखित जवाफमा गरेको थियो। कानुनमा उल्लेख भएको समयावधिभित्र नगरी सो समय समाप्त भएपश्चात् सेवाअवधि जोडिपाऊँ भन्ने निवेदन खारेजभागी रहेको लिखित जवाफ मन्त्रालयको थियो। कानुनी उपचार माग गर्ने व्यक्तिले सफा हात लिई अदालत प्रवेश गर्नुपर्ने मान्यताविपरीत दायर रिट खारेज गरिपाउनेसहितको लिखित जवाफ २ ९ फागुनमा मन्त्रालयले पठाएको थियो।

सर्वोच्चले उपदानको रकम फिर्ता गरी सेवाअवधि कायम गर्ने-गराउने गरी आचार्यको पक्षमा २१ साउन ०८० मा फैसला गरिदिएको थियो। सेवा प्रवेश गर्दा ऐन र नियमावलीमा गरिएको कानुनी व्यवस्थाअनुसारको अधिकार प्रत्येक निजामती कर्मचारीले प्राप्त गर्ने हुँदा निवेदनबमोजिमको सेवाअवधि जोडिने हक निवेदकले प्राप्त गर्ने देखिएको फैसलामा सर्वोच्चले भनेको छ। सर्वोच्चको यही फैसला र नजिरमा टेकेर उच्च अदालतहरूले पनि सेवाअवधि जोड्ने फैसला गरिदिए।

तर, हालै भने उच्च अदालतले यससम्बन्धीका रिट खारेज गरिदिएको छ। 'पहिलेको पदबाट राजीनामा स्वीकृत गराई सेवा टुटेपछि खुला प्रतिस्पर्धाबाट पुनः निजामती सेवामा प्रवेश गरेको अवस्थामा ०४९ साल कात्तिक २१ गतेभन्दा अगावै निरन्तर सेवामा रहेको भनी मान्न मिल्दैन' भन्ने फैसला गरिदिएको छ। त्यस्तै, निजामती सेवा ऐनको दफा ३७ (३) मा व्यवस्था भएको २१ कात्तिक ०४९ अघि सेवा प्रवेश गरेका कर्मचारीलाई ३० वर्ष सेवा अवधि पूरा गरेर स्वैच्छिक अवकाश लिन पाउनेबारे तथा ५८ वर्षे सेवाअवधिका कारण अवकाश हुने कर्मचारीले ६० वर्ष पूरा हुन बाँकी अवधिको सेवाअवधि पेन्सनका लागि सेवाअवधिमा जोड्न पाउने व्यवस्थाबारे पनि उच्च अदालतले निर्णय गरिदिएको छ। निवृत्तिभरण प्रयोजनका लागि दुई वर्ष थप गर्न नमिल्ने व्याख्यासहित परेका सातवटा निवेदन खारेज गरिदिएको छ।

मृत्युपछि पनि...

पृष्ठ १ बाट क्रमशः

'हामी विपन्नले त्यति धेरै पैसा कहाँबाट ल्याउने ?' मनजय कावेली ह्युमन रिसोर्सेज प्राइभेट लिमिटेडमार्फत फ्याक्ट्री वर्करका रूपमा मलेसिया गएका थिए। मलेसियामा काम गरेको कम्पनीले पनि शव ल्याउन कुनै पहल नगरेको उनको गुनासो छ। श्रीमान्को शव झिकाइदिन जिल्ला प्रशासन कार्यालय, सप्तरी र वैदेशिक रोजगार बोर्डमा निवेदन दिएकी छिन्। तर, कसैले कुनै पहल नगरेको उनको गुनासो छ।

मनजयको मृत्युपछि रुवाबासी चलेको घरमा शव नै मलेसियामा बन्धक बनेको खबरले थप पीडा दिएको छ। घरमा श्रीमती शिवकुरमारी, एक छोरी र बुबा-आमा छन्। उनीहरूको जिम्मेवारी मनजयको काँधमा थियो।

बुढेसकालको सहारा गुमाएका ७० वर्षीय बुबा बुधन सदा छोराको शव विदेशमा बन्धक भएको सुनेर झन् धेरै मर्माहत छन्। 'मेरो सहारा ढल्यो। यो उमेरमा भारी बोकेर वा खेताला गएर परिवारको पेट पाल्ने सामर्थ्य मसँग छैन। परिवारको छाक कसरी टार्ने होला, बिरामी पर्दा औषधि कसले ल्याइदेला ?' उनले चिन्ता व्यक्त गरे, 'हाम्रो परिवारको भविष्य त धरापमा परेको छ नै, मृत्युपछि पनि उसले समेत मुक्ति पाएन। अस्पतालबाट शव निकाल्न चार लाख तिर्ने हैसियत हामीसँग छैन।'

जिल्ला प्रशासन कार्यालयमातहतको आप्रवासी स्रोत केन्द्रकी केस स्टडी प्रमुख नीता चौधरीले भने मनजयको शव ल्याउन पहल भइरहेको बताइन्। 'पहल जारी छ, छिट्टै उहाँको शव नेपाल आउँछ,' उनले भनिन्। आप्रवासी स्रोत केन्द्रले वैदेशिक रोजगारीमा समस्यामा परेकाहरूको उद्धारमा सहजीकरणको काम गर्दै आएको छ।

राजनीतिक...

पृष्ठ १ बाट क्रमशः

आवश्यक परे महाधिवेशनको मितिसमेत केही तलमाथि गर्न सकिने घिमिरेले संकेत गरे। 'सहमतिमा काम गर्दै जाँदा असोजको निर्धारित तालिकामा काम नसकिने अवस्था बने त्यसमा केही तलमाथि गर्न सकिन्छ। तर, हामी धेरै विलम्ब गर्ने पक्षमा छैनौँ,' उनले भने।

कार्यवाहक सभापतिका नाममा विज्ञप्ति जारी गरेपछि नेता पूर्णबहादुर खड्कालाई सोधेको स्पष्टीकरण संस्थापन पक्षले अब अघि नबढाउने भएको छ। 'उहाँहरूको आधिकारिकताको मागदाबी खारेज भएपछि अब त्यो स्पष्टीकरणको अर्थ छैन। पार्टी एकतालाई खलल पार्ने काम पुनः भयो भने अर्को स्पष्टीकरण सोध्ने काम हुन सक्छ, अहिलेलाई पुरानो स्पष्टीकरण अघि बढ्दैन,' महामन्त्री घिमिरेले भने।

त्यसैबिच सभापति थापाले पनि अदालतको फैसलापछि एकताबद्ध हुन आह्वान गरेका छन्। 'सम्मानित सर्वोच्च अदालतको निर्णयले पार्टीका सबै साथीलाई एकताबद्ध बनाउँदै पार्टीलाई फेरि बलियो बनाउने साझा यात्रामा अघि बढ्ने वातावरण बनाएको छ। यो कुनै जित-हारको विषय होइन, विधि, प्रक्रिया र लोकतान्त्रिक अभ्यासको विषय हो। पार्टीका सदस्य र शुभेच्छुक, देशभित्र वा बाहिर जहाँ भए पनि, अब आ-आफ्नो ठाउँबाट अझ जिम्मेवारीका साथ पार्टीको एकता र पुनर्जागरणका लागि सकारात्मक भूमिका हुनेछ भन्ने मेरो विश्वास छ,' शनिबार सामाजिक सञ्जालमा स्टाटस लेख्दै थापाले भनेका छन्।

इतर पक्षले अदालतको फैसला स्वीकार गर्ने निर्णय गरेर पार्टी एकता जीवित राख्ने लचकता प्रदर्शन गरेको छ। शुक्रबार अदालतको फैसलापछि खड्काले आफूपक्षीय नेताहरूसँग शनिबार गरेको अनौपचारिक छलफलमा फैसला स्वीकार गरेर अघि बढ्ने निष्कर्ष निस्किएको हो। अनौपचारिक छलफलमा नेताहरू विमलेन्द्र निधि, डा. शशांक कोइराला, कृष्णप्रसाद सिटौला, डा. प्रकाशशरण महत, एनपी साउद, रमेश लेखक, मीन विश्वकर्मालगायत नेता सहभागी थिए।

अनौपचारिक छलफलमा खड्काले अदालतको फैसला विवादित भए पनि मानेर जानुको विकल्प नभएको बताएका छन्। 'अदालतको फैसला आएको छ। विधि, विधानअनुसार १४औँ महाधिवेशनकै पक्षमा फैसला आउनुपर्ने थियो। तर, सरकारी वकिलले नै स्विकारेको विषयमा पनि फरक ढंगले फैसला आयो। तैपनि स्वतन्त्र न्यायालयको फैसला मान्नुपर्छ,' खड्काको भनाइ उद्धृत गर्दै एक नेताले भने।

नेता विमलेन्द्र निधिले पनि फैसला मान्नुपर्ने र फैसलामा दिइएका कतिपय आधारलाई मान्न नसकिने बताएका थिए। 'फैसलामा आधार दिइएका थुप्रै विषय छन्, तिनलाई मान्न सकिँदैन। जस्तो, राजनीतिक दलसम्बन्धी ऐनको दफा ५१ मा तपाईंहरूले जाँचबुझ गर्नुभयो त भनेर न्यायाधीशले सरकारी वकिललाई सोध्दा जाँचबुझ त गरिएन भन्ने जवाफ आएको थियो। तर, फैसलामा जाँचबुझ गरी भन्ने आयो। त्यस्ता धेरै विरोधाभास विषय छन्, ती विषयहरूलाई मान्न सकिँदैन,' निधिको भनाइ उद्धृत गर्दै विश्वकर्माले भने।

नेता कृष्णप्रसाद सिटौलाले अदालतको फैसलामा असहमति भए पनि लोकतान्त्रिक पार्टी कांग्रेसले मानेर जानुपर्ने बताएका थिए। 'फैसलामा चित्त नबुझ्न सक्छ। आफूले चाहेअनुसारको मात्रै फैसला आउँदैन। स्वतन्त्र न्यायपालिकाको फैसला कांग्रेसले मान्दै आएको छ, यसलाई पनि मानेर जानुपर्छ,' सिटौलाको भनाइ उद्धृत गर्दै एक नेताले भने।

छलफलमा सहभागी नेता मीन विश्वकर्माले विगतमा जस्तै कांग्रेसले अदालतको फैसलाको मान्ने बताए। 'सदैव विधिको शासन मान्ने, शक्ति पृथकीकरणका आधारमा स्वतन्त्र न्यायपालिकाको फैसलालाई आत्मसात् गर्ने परम्पराबाट आएका नेताहरूले पछिल्लो निर्णय पनि स्वीकार गर्ने स्पष्ट गर्नुभएको छ,' उनले भने, 'आगामी दिनमा पार्टीलाई एकताबद्ध बनाएर कसरी लैजान सकिन्छ भन्नेबारे परामर्श भएको छ। निरन्तर छलफल गर्दै जाने, विभिन्न पदमा रहेका साथीहरूको सुझाव, परामर्शलाई सुन्ने र निष्कर्षमा पुग्ने कुरा भएको छ।'

विश्वकर्माले अदालतले फैसला गरिसकेपछि खड्का अब निवर्तमान कार्यवाहक सभापति भएको बताए। 'वैधानिकताको विषय टुंगियो। अब राजनीतिक विषय बाँकी छ, त्यो भनेको पाटी एकताको विषय हो,' उनले भने।

इतर पक्षले आधिकारितको मान्यता प्राप्त पक्षको खुट्टामा बल पुगेको र पार्टी एकताको विषय संस्थापन पक्षले चाल्ने कदममा भरपर्ने स्पष्ट पारेको छ। विगतमा संस्थापन पक्षका रूपमा आफूहरूले भूमिका खेलेको र अब पनि संस्थापन पक्षकै कोर्टमा बल रहेको इतर पक्षले बताएको छ। 'पार्टीलाई कसरी एकताबद्ध बनाउनुहुन्छ ? कसरी पार्टीलाई ठुलो बनाउनुहुन्छ ? कसरी भावनात्मक रूपमा सबैलाई कांग्रेसमा आबद्ध हुने वातावरण बनाउनुहुन्छ ? अब गगन थापाको खुट्टामा बल छ,' उनले भने।

इतर पक्षले १५औँ महाधिवेशनका लागि साझा संयन्त्र बनाउनुपर्ने विषय उठाएको छ। नेता डा. प्रकाशशरण महतले पार्टी एकता र मजबुतका लागि सहमतिमूलक र सम्मानजनक ढंगबाट अघि बढ्नुपर्ने बताए। 'दुवै पक्षको सहमतिमा बनेको संयन्त्रले महाधिवेशन सम्पन्न गर्‍यो भने त्यसबाट चयन हुने नेतृत्वमा सबैको स्वामित्व स्थापित हुन्छ,' महतले भने, 'विशेष महाधिवेशनमा ठुलो तप्का सहभागी नभएकाले अहिलेको निर्णयमा सबैको अपनत्व छैन। सहमतिका लागि ठोस प्रस्ताव आउनुपर्छ।'

राजनीतिक विश्लेषक विज्ञान प्रसाईंले पुराना नेताले युवालाई सहयोग गर्नुपर्ने बताए। 'अदालतको फैसला आइसकेको सन्दर्भमा पुराना नेताहरूले अब नयाँ पार्टी खोल्ने स्थिति नै छैन। पुरानो प्रक्रियाबाट आएका युवाहरूले नयाँ शिराबाट अगाडि बढ्ने र पुराना नेताले साथ दिने हो भने कांग्रेसको भविष्य छ। फेरि पनि भाग खोज्ने, स्वार्थकेन्द्रित रूपमा अगाडि बढ्ने हो भने कांग्रेसको भविष्य छैन। कांग्रेसको गौरवमय लिगेसी फलो गरेर पुराना नेताले युवालाई अगाडि बढाउन सहयोग गर्नुपर्छ। आजको डिजिटल युवामा कांग्रेस नयाँ किसिमले जानुपर्छ,' उनले भने।

निवर्तमान केन्द्रीय सदस्यहरूको बैठक आह्वान

राजनीतिक निर्णय लिन इतर पक्षले १४औँ महाधिवेशनबाट निवर्तमान केन्द्रीय कार्यसमितिको बैठक बोलाएको छ। अनौपचारिक छलफलले पार्टीलाई एकताबद्ध गर्ने दायित्व सभापति थापाको काँधमा आएको निष्कर्ष निकाल्दै थप रणनीति बनाउन बैठक बोलाएको हो। आइतबार मध्याह्न १२ बजे बस्ने गरी धुम्बाराहीस्थित स्मार्ट होटेलमा खड्काले निवर्तमान केन्द्रीय सदस्यहरूको बैठक बोलाएका छन्। उक्त बैठकमा बृहत्तर छलफलमार्फत साझा धारणा बनाउन प्रयास गरिने महतले बताए।

गृह र कानुन मन्त्रालयबिच समन्वय नहुँदा कैद कट्टासम्बन्धी संशोधन प्रस्ताव अलपत्र

फौजदारी अभियोगमा सजाय तोकिएका कसुरदारले जेलमुक्त हुनुअघि पीडित वा उसको परिवारको सहमति लिनुपर्ने नियमावली संशोधन गर्ने मस्यौदा गृह मन्त्रालयमै थन्कियो

● **शशीधर घिमिरे**, महानिर्देशक
कारागार व्यवस्थापन विभाग



विद्यमान नियमावलीअनुसार कैद कट्टा गरी जेलमुक्त गर्दा पीडितको सहमति अनिवार्य हुन्छ। अदालतले उक्त व्यवस्था संशोधन गर्न भन्यो। त्यसका लागि मस्यौदा तयार गर्नुपर्ने भयो। विभागले मस्यौदा तयार गरी गृहमा पेस गरेको छ। त्यसपछिको विकास क्रमबारे थाहा भएन।

टेकराज थामी/नयाँ पत्रिका

कैद कट्टा गर्न पीडितको सहमति अनिवार्य नहुने गरी संशोधन गर्न प्रस्ताव गरिएको फौजदारी कसुर (कैद कट्टा) नियमावली, ०७६ गृह र कानुन मन्त्रालयबिच समन्वय नहुँदा अलपत्र परेको छ। कारागार व्यवस्थापन विभागले डेढ महिनाअघि नै नियमावली संशोधन गर्न गृह मन्त्रालय पठाएको थियो। तर, गृह र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयबिच समन्वय नहुँदा संशोधन प्रस्ताव अलपत्र परेको हो।

विभागका महानिर्देशक शशीधर घिमिरेले अदालतको आदेशपछि कैद कट्टासम्बन्धी विद्यमान प्रावधान संशोधन गर्न मस्यौदा तयार गरी गृह मन्त्रालय पेस गरिएको बताए। 'विद्यमान नियमावलीअनुसार कैद कट्टा गरी जेलमुक्त गर्दा पीडितको सहमति अनिवार्य हुन्छ। अदालतले उक्त व्यवस्था संशोधन गर्न भन्यो। त्यसका लागि मस्यौदा तयार गर्नुपर्ने भयो। विभागले मस्यौदा तयार गरी गृहमा पेस गरेको छ। त्यसपछिको विकासक्रमबारे थाहा भएन,' उनले भने।

सर्वोच्च अदालतले १० असार ०८२ मा कैद कट्टा गर्न पीडितको सहमति अनिवार्य नहुने, तर उनीहरूको राय भने अनिवार्य रूपमा लिनुपर्ने फैसला गरेको थियो। साथै, कैद कट्टा गरी कसुरदारलाई जेलमुक्त गर्दा मन्त्रिपरिषद्ले निर्णय गरे पुग्ने पनि सर्वोच्चको फैसलामा भनिएको थियो। तर, त्यसअघि विद्यमान



> मस्यौदा गृहमा पेस भएलगत्तै कानुन मन्त्रालयले उक्त नियमावली संशोधन आफ्नो क्षेत्राधिकारभित्र पर्ने भन्दै हस्तक्षेप गरेको थियो

नियमावली संशोधन गर्न सरकारलाई आदेश दिएको थियो। विभागले सर्वोच्चको सोही आदेशपछि फौजदारी कसुर(कैद कट्टा) नियमावली, ०७६ संशोधन प्रस्तावको मस्यौदा तयार गरेको थियो। मस्यौदा गृहमा पेस भएलगत्तै कानुन मन्त्रालयले उक्त नियमावली संशोधन आफ्नो क्षेत्राधिकारभित्र पर्ने भन्दै हस्तक्षेप गरेको थियो।

गृह स्रोतले भन्यो, 'फौजदारी कसुर(कैद कट्टा) नियमावली, ०७६ संशोधनका लागि आवश्यक सबै तयारी पूरा भयो। तत्कालीन गृहमन्त्री ओमप्रकाश अर्यालले नियमावली संशोधनका लागि मन्त्रिपरिषद् बैठकमा प्रस्ताव लैजाने तयारी गर्दै हुनुहुन्थ्यो। त्यही वेला कानुन मन्त्रालयले नियमावली संशोधन गर्ने क्षेत्राधिकार गृहको नभएको दाबी गऱ्यो। त्यसपछि संशोधन प्रस्ताव स्थगित भयो।'

फैजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, ०७४ को दफा ५० अनुसार फौजदारी कसुर (कैद कट्टा) नियमावली, ०७६ बनेको हो। फौजदारी कसुर ऐन र त्यसअन्तर्गतको नियमावली कानुन मन्त्रालयले बनाएको हो। त्यसो हुँदा संशोधन पनि कानुनले नै गर्नु मन्त्रालयको भनाइ छ। कानुन मन्त्रालय स्रोतले भन्यो, 'फैजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, ०७४ को दफा ५० अनुसार फौजदारी कसुर(कैद कट्टा) नियमावली, ०७६ बनेको हो। उक्त कानुन र नियमावली दुवै नै कानुन मन्त्रालय बनाएको हो। त्यसो हुँदा संशोधन पनि कानुनले नै गर्नुपर्छ। हामीले गृहलाई सोही विषय भनेका हौं।'

गृहकी सूचना अधिकारी रमा आचार्यले फौजदारी कसुर (कैद कट्टा) नियमावली, ०७६ संशोधन सम्बन्धमा बुझेर मात्रै प्रस्ट पार्न सकिने बताइन्। 'फौजदारी कसुर (कैद कट्टा) नियमावली, ०७६ संशोधनका सन्दर्भमा बुझेर मात्रै प्रस्ट पार्न सकिएला। अहिले यो विषयमा केही भन्न सक्ने अवस्था छैन,' उनले भनिन्।

फौजदारी कसुर (कैद कट्टा) नियमावली, ०७६ को नियम ५(१) को 'घ'मा कैद कट्टा गरी जेलमुक्त हुनुअघि सम्बन्धित कसुरदारले पीडित वा उनको पतिपत्नी, बाबुआमा, छोराछोरी, बाजेबज्यैका सहमति लिनुपर्ने भनी उल्लेख छ। 'ज्यानसम्बन्धी कसुरको हकमा पीडित आफैं वा निजको पतिपत्नी, बाबुआमा, छोराछोरी, बाजे वा बज्यैले अनुसूची २ (क) बमोजिमको ढाँचामा दिएको सहमतिपत्र आवश्यक छ,' नियममा भनिएको छ।

सर्वोच्चको पछिल्लो फैसलाले नियमावलीको सोही नियम संशोधन गर्न भनेको थियो। कर्तव्य ज्यान कसुरका कैदी योगराज ढकाल 'रिगल'लाई कैद कट्टा गरी जेलमुक्त गरिएपछि १६ कात्तिक ०८० मा सर्वोच्चले नियमावलीमा उक्त नियम थप गरेको थियो। १० असार ०८२ को फैसलामा सर्वोच्चले विगतको आफ्नै फैसला संशोधन गरी उक्त नियम हटाउन भनेको थियो। तर, पीडितको राय भने अनिवार्य रूपमा लिन भनेको थियो।

प्रस्तावित मस्यौदामा कैद कट्टा मन्त्रिपरिषद्कै निर्णयबाट हुने व्यवस्था गरिएको छ। जहाँ राष्ट्रपतिको स्वीकृतिलाई अनिवार्य गरिएको छैन। विद्यमान नियमावलीमा भने कैद कट्टाको निर्णय मन्त्रिपरिषद्ले गर्ने, तर स्वीकृति भने राष्ट्रपतिले गर्ने व्यवस्था छ। नियमावलीको नियम ७ (३, ४) मा भनिएको छ, 'प्राप्त प्रस्ताव मनासिब देखिएमा नेपाल सरकार, मन्त्रिपरिषद्ले कसुरदारलाई लागेको कैद कट्टा गर्ने निर्णय गरी स्वीकृतिका लागि राष्ट्रपतिसमक्ष सिफारिस गर्नेछ। नेपाल सरकारबाट भएको सिफारिसबमोजिम कुनै कसुरदारलाई तोकिएको कैद राष्ट्रपतिबाट कट्टी भएमा त्यसको सूचना नेपाल सरकार मन्त्रिपरिषद्लाई दिनुपर्नेछ।'

फैजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, ०७४ दफा ३७ मा ५० प्रतिशत कैद सजाय भुक्तान गरेका कसुरदारको चालचलन ठिक भए सम्बन्धित कसुरदारलाई जेलमुक्त गर्न सकिने व्यवस्था छ। 'कसुरदारको कैदमा रहँदा चालचलनमा सुधार आएमा र निजले पचास प्रतिशत कैद सजाय भुक्तान गरेमा निजलाई भएको कैद सजाय कारागारले तोकिएबमोजिम कट्टा गर्न सक्नेछ,' उक्त दफामा भनिएको छ। तर, भ्रष्टाचारसम्बन्धी कसुर, जन्म कैद, जबर्जस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, अपहरण तथा शरीर बन्धक, लागुऔषधको ओसारपसार तथा कारोबार, संगठित अपराध, सम्पत्ति शुद्धीकरण, यातना वा क्रूर, निर्मम, अमानवीय वा अपमानजनक व्यवहारसम्बन्धी कसुर र मानवताविरुद्धको अपराधका कसुरदारको हकमा भने यो व्यवस्था लागू हुनेछैन।

मरेका बोइलर कुखुराको मासु खाँदा दुई बालकको मृत्यु

आमा र भाइ बिरामी



धनगढी/ कैलालीको चुरे गाउँपालिकामा मरेका बोइलर कुखुराको मासु खाएर बिरामी भएका एकै परिवारका दुई नाबालक दाजुभाइको मृत्यु भएको छ। मृतकका आमा र भाइ बिरामी भएका छन्। चुरे- ३, भक्तपुर बस्ने राधिका ताम्राकारका छोरा पाँच वर्षीय दिपक र आठ वर्षीय भीम ताम्राकारको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। २८ वर्षीया राधिका र उनका कान्छा छोरा तीन वर्षीय दिपेश ताम्राकार बिरामी परेको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक कैलाश विष्टले जानकारी दिए। दुवैजनाको सेती प्रादेशिक अस्पतालमा उपचार भइरहेको छ। प्रहरीका अनुसार उनीहरूको अवस्था खतरामुक्त छ।

प्रहरी निरीक्षक **कैलाश विष्ट**, जिल्ला प्रहरी कार्यालय कैलाली



उनीहरूले बिहीबार मरेको बोइलर कुखुरा खाएको बुझिएको प्रहरी निरीक्षक विष्टले बताए। प्रहरीका अनुसार मासु खाएपछि चारैजना बिरामी भएका थिए। घटना बिहीबारको भए पनि बिरामीको अवस्था गम्भीर बनेपछि प्रहरीलाई शुक्रबारमात्र खबर गरिएको थियो। त्यसपछि प्रहरीको समन्वयमा उनीहरू चारैजनालाई एम्बुलेन्सको व्यवस्था गरेर सेती प्रादेशिक अस्पताल ल्याइएकोमा दुईजनाको उपचारका क्रममा मृत्यु भएको छ। दुईजनाको उपचार भइरहेको छ।

कुखुराको मासु खाएर बिरामी भए पनि मृत्युको कारण पोस्टमार्टम रिपोर्टपछि थाहा हुने प्रहरीले जनाएको छ। प्रहरीका अनुसार ताम्राकारको परिवारले स्थानीय विकास पोल्ट्री फर्ममा मरेका कुखुराको मासु खाएको बुझिएको छ। आफैं प्रहरीको सम्पर्कमा आएका फर्म सञ्चालक मंगल साउदलाई बोलाएका वेला उपस्थित हुने गरी छोडिएको प्रहरीले जनाएको छ। पशुपन्छी रोग अन्वेषण प्रयोगशाला धनगढीका अनुसार घटनापछि फर्ममा पालिएका कुखुराको परीक्षण गर्दा कुनै संक्रमण देखिएको छैन। प्रहरीले पोस्टमार्टम रिपोर्ट आएपछि मृत्युको कारण खुल्ने जनाएको छ।

संक्षेप

जन्ती बोकेको जिप दुर्घटना हुँदा तीनजनाको मृत्यु, १५ घाइते

सल्यान/ बनगाड कुपिन्डे नगरपालिका- १० पुछालामा जन्ती सवार जिप दुर्घटना हुँदा तीनजनाको मृत्यु भएको छ। १५ जना घाइते भएका छन्। बनगाड कुपिन्डे नगरपालिका-८ थाबाट कालीमाटी गाउँपालिका- १ लक्ष्मीपुर जाँदै गरेको लु.प्र ०१००१ ज ०२७१ नम्बरको जिप पुछाला भन्ने स्थानमा दुर्घटना भएको हो। दुर्घटनामा परी बनगाड कुपिन्डे नगरपालिका- ८ का ५० वर्षीय टोपबहादुर थापा, ५० वर्षीय ठगे घर्ती र २९ वर्षीय कर्णबहादुर पुनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सल्यानले जनाएको छ। गम्भीर घाइते तीनैजनालाई उपचार का लागि सल्यान जिल्ला अस्पतालमा ल्याउँदा डाक्टरले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय सल्यानका प्रहरी निरीक्षक तथा सूचना अधिकारी देवराज भट्टराईले जानकारी दिए। दुर्घटनामा परी मनबहादुर थापा, अम्मरसिंह कँवर, डम्मर घर्ती, जनक थपा, भूपेन्द्र कँवर, भुलबहादुर थापा, जुगसिंह पुन, अम्मर पुन, नरसिंह थापा, प्रेमबहादुर घर्ती, नरबहादुर थापा, कर्णबहादुर थापा, लालबहादुर घर्ती, तिलक थापा र गाडीचालक कुलबहादुर राना घाइते भएको भट्टराईले बताए। घाइतेलाई मेहलकुना अस्पताल पठाइएको प्रहरीको भनाइ छ। जिप अनियन्त्रित हुँदा सडकबाट करिब ५० मिटर तल खसेको छ।

हावाहुरीले ढालेको रुख टेम्पोमाथि खस्दा दुईजनाको मृत्यु

महोत्तरी/ हावाहुरीका कारण रुख टेम्पुमाथि खस्दा जलेश्वरमा दुईजनाको मृत्यु भएको छ। चारजना घाइते भएका छन्। शनिबार साँझ जलेश्वर नगरपालिका- ९ प्रकौलीस्थित जलेश्वर-जनकपुर सडकखण्डमा जलेश्वरबाट जनकपुरतर्फ जाँदै गरेको ज१घ ४८५० नम्बरको टेम्पुमाथि मसालाको रुख ढल्दा दुर्घटना भएको हो। रुखले किच्दा टेम्पुमा सवार दुई यात्रुको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ। मृत्यु हुनेमा धनुषाको जनकपुरधाम उपमहानगरपालिका- २० देवडा रुपैठाकी ४१ वर्षीया शकुन्तला पण्डित र महोत्तरीको एकडारा गाउँपालिका- ३ का २३ वर्षीय राहुल मल्ली छन्। दुर्घटनामा चारजना घाइते भएका छन्, जसमध्ये दुईजनाको अवस्था गम्भीर छ। गम्भीर घाइते जलेश्वर नगरपालिका- ११ का ५२ वर्षीय टेम्पुचालक हरेन्द्र ठाकुरलाई थप उपचारका लागि प्रादेशिक अस्पताल जनकपुर पठाइएको छ। मृतक राहुल मल्लीकी ४३ वर्षीया आमा फेकनी देवी पनि गम्भीर घाइते भएकी छिन्। उनलाई प्रादेशिक अस्पताल जनकपुरमा रेफर गरिएको प्रहरीले जनाएको छ

बिजुलीको पोल स्थानान्तरण नहुँदा रोकियो कालोपत्रे

बर्दिया/ सडकको बीचमा रहेको बिजुलीको पोल समयमा स्थानान्तरण नहुँदा गेरुवा गाउँपालिका बन्ने लागेको कालोपत्रे सडक निर्माणको काम प्रभावित भएको छ। सडकको बीचमा रहेको बिजुलीको पोल समयमा स्थानान्तरण नहुँदा गेरुवा गाउँपालिका-४ सतमोहरीको बन्न कालोपत्रे सडक निर्माणको काम प्रभावित भएको हो। गेरुवा गाउँपालिका-४ सतमोहरीमा रहेको बिजुलीको पोल समयमा स्थानान्तरण नहुँदा सतमोहरीदेखि बुढीकुलो करिडोर हुँदै खोल्टीबजार जाने सडक कालोपत्रे हुँदैछ। सो सडक तुल्सी/डि.जे/राउचुली निर्माण कम्पनीले तीन करोड ११ लाख १० हजार ८५३ रुपैयाँमा ठेक्कामा लिएर बनाउन लागेको हो। एक किलोमिटर आठ सय मिटर सडक कालोपत्रे भइसकेको तथा सडकको बीचमा रहेको पोल स्थानान्तरण नहुँदा सतमोहरीको थोरै भागमा मात्र सडक कालोपत्रे हुन बाँकी रहेको निर्माण कम्पनीले जनाएको छ। ठेक्का भइसकेपछि सडकको बीचमा पर्ने बिजुलीको पोल स्थानान्तरण गर्न सुरुमा निर्माण कम्पनीले र पालिका दुवैले नेपाल विद्युत प्राधिकरण वितरण केन्द्रसँग पोल स्थानान्तरणको लागि काम गरेको देखिदैन। तर सडक कालोपत्रे गर्ने बेला पोल स्थानान्तरणको लागि निर्माण कम्पनी र पालिकाको सक्रियता बढेको छ

■ रातो मच्छिन्द्रनाथको रथारोहण



'वर्षा र सहकालका देवता' मानिने रातो मच्छिन्द्रनाथको रथारोहण गरिएको छ। हरेक वर्ष वैशाख शुक्ल पक्ष प्रतिपदाको दिन साइत निकाली मच्छिन्द्रनाथलाई रथमा विराजमान गराउने चलनअनुसार शनिबार रथारोहण गरिएको हो। मछिन्द्रनाथको मूर्तिलाई ललितपुरको तःबहालबाट खटमा राखेर पुल्चोकमा बनाइएको रथमा पुऱ्याई विराजमान गराएपछि विधिवत् रूपमा मच्छिन्द्रनाथको जात्रा सुरु भएको मानिन्छ। **तस्बिर : संजित परियार/नयाँ पत्रिका**

डाक्टर अभावले सल्यान अस्पतालमा शल्यक्रिया सेवा बन्द

सल्यानमा **दीपक शर्मा**

सल्यान जिल्ला अस्पतालमा डाक्टरको अभावका कारण शल्यक्रिया सेवा बन्द भएको छ। एक हप्तादेखि शल्यक्रिया सेवा बन्द हुँदा अस्पतालमा आएका बिरामी मारमा परेका छन्। जसले गर्दा बिरामीहरू दाङ, नेपालगन्ज तथा सुर्खेतलगायतका अस्पताल जान बाध्य भएका छन्।

एक तालिमप्राप्त मेडिकल अफिसर एमडीमा नाम निकाले अध्ययनमा गएको र अर्का एक एमडिजिपी डाक्टर आफैं बिरामी भएर उपचारत भएपछि सल्यान जिल्ला अस्पतालमा शल्यक्रिया सेवा बन्द भएको हो। दुवै छात्रवृत्ति करार पदमा कार्यरत डाक्टर हुन्।

मिति नाघेका तथा जटिल अवस्थामा रहेका गर्भवतीहरूलाई जिल्लाबाहिर रेफर गरिँदै आएको स्वास्थ्य सेवा कार्यालय सल्यानका प्रमुख डा. अर्जुनकुमार बुढामगरले जानकारी दिए। एमडिजिपी डाक्टरको अभावबारे संघ र प्रदेश सरकारलाई तत्कालै जानकारी गराएर माग गरिए पनि अहिलेसम्म व्यवस्थापन हुन नसकेको उनको भनाइ छ। 'अहिले सामान्य सुत्केरी सेवा मात्र सञ्चालनमा छ, जटिल अवस्था भएका तथा मिति नाघेका गर्भवतीहरूलाई जिल्ला बाहिर रेफर गर्दै आइरहेका छौं,' उनले भने।

जिल्लामा मासिक सरदर १० देखि १५ जनासम्मको शल्यक्रिया हुँदै आइरहेको छ। जिल्लामा जटिल अवस्थाका गर्भवती, एपेन्डिस तथा हर्नियाको शल्यक्रिया हुने गरेको डा. बुढाको भनाइ छ। अस्पतालमा शल्यक्रिया सेवा बन्द हुँदा गर्भवती तथा सुत्केरीहरू बढी प्रभावित भएको सिद्धकुमाख गाउँपालिका- २ की यमुना खड्काले बताइन्। बहिनीको डेलिभरीका लागि अस्पताल आएकी खड्काले अहिलेसम्म बहिनीको अवस्था सामान्य भए पनि बिचमै कुनै कारण अप्रेसन गर्नुपर्ने अवस्था आए के गर्ने भन्ने चिन्ताले सताएको बताए।

सल्यान अस्पतालमा मासिक एक सयभन्दा बढी सुत्केरी हुन आउने गर्दछन्। सल्यानका प्रतिनिधिसभा सदस्य रमेशकुमार मल्लले कर्णाली प्रदेशका सामाजिक विकासमन्त्री घनश्याम भण्डारी, स्वास्थ्य मन्त्रालयका सचिव डा. विकास देवकोटा र प्रधानमन्त्रीका सचिवालयसमेतलाई समस्या यथाशीघ्र डाक्टरको व्यवस्था गर्न आग्रह गरिसकेको बताए। १५ शैय्याको सल्यान जिल्ला अस्पतालले अहिले आन्तरिक स्रोतबाट ५० शय्याबाट सेवा दिँदै आइरहेको छ। अस्पतालमा सल्यानसँगै रुकुम र रोल्पासम्मबाट समेत बिरामी चेकजाँचका लागि आउने गर्दछन्।

तालतलैयाको बक्यौता नउठ्दा भजनीका योजना कार्यान्वयन प्रभावित

२७ वटा फर्म र व्यक्तिले अझै तिरेनन् पौने ६ करोड

धनगढीमा **तेजराज भट्ट**

नगरभित्रका तालतलैयाको बक्यौता रकम नउठ्दा भजनी नगरपालिकाले चालू आर्थिक वर्षको बजेटमा आन्तरिक आयतर्फ समावेश गरेका योजनाहरू कार्यान्वयनमा समस्या देखिएको छ। तालतलैया ठेक्काबापत यस वर्ष करिब दुई करोड रुपैयाँ बक्यौता असुल हुने आकलनसहित नगरपालिकाले बजेटमा योजनाहरू समावेश गरेको थियो।

बक्यौता अहिलेसम्म असुल नभएकाले आन्तरिक आयबाट कार्यान्वयन गरिने योजनाहरू कटौती गर्नुपर्ने अवस्था रहेको नगर प्रमुख केवल चौधरीले बताए। पटकपटक ताकेता गर्दा पनि बक्यौता रकम असुल नभएको उनले बताए। 'बक्यौता रकमलाई आय अनुमान गरेर बजेटमा योजनाहरू समावेश गरेका थियौं,' उनले भने, 'तर असुल नभएपछि यो वर्षको बजेटमा राखिएका दुई करोड रुपैयाँ लागतका योजनाहरू कटौती गर्नुपर्ने स्थिति छ।'

कैलालीमा सबैभन्दा बढी तालतलैया रहेको पालिकामा पर्ने भजनीको आन्तरिक आयको प्रमुख स्रोत तालतलैयाको ठेक्काबाट आउने राजस्व हो। नगरपालिकाले डेढ दर्जन तालतलैयामा माछापालनका लागि ठेक्कामा दिएको छ। तर विगतमा तालतलैया ठेक्कामा लिएकाहरूले पाँच करोड ६९ लाख ९३ हजार रुपैयाँ बक्यौता नगरपालिकालाई तिरेका छैनन्।

असुल हुन बाँकी बक्यौतामध्ये केही दश वर्षअघिको ठेक्काको समेत छ। ६ वटा तालको ठेक्का अवधि गत चैत मसान्तमा सकिएको छ, तर ठेक्का लिएकाहरूले



● **केवल चौधरी**, नगर प्रमुख



पटकपटक ताकेता गर्दा पनि बक्यौता रकमलाई आय अनुमान गरेर बजेटमा योजनाहरू समावेश गरेका थियौं, तर असुल नभएपछि यो वर्षको बजेटमा राखिएका दुई करोड रुपैयाँ लागतका योजनाहरू कटौती गर्नुपर्ने स्थिति छ।

कबोल गरेको रकम तिरेका छैनन्। भजनी नगरपालिका-९, मा रहेका घोरताल गिदनीया ताल र सोनियारुपियया नुक्लीतालमा माछापालनको ठेक्का लिएको कैलाली मत्स्य तथा कृषि कम्पनी प्रालिले सबैभन्दा बढी तीन करोड ४२ लाख ७२ हजार रुपैयाँ राजस्व तिरेको छैन। यी दुई तालको पाँच वर्षको ठेक्का अवधि ०८० चैत मसान्तमै सकिएको थियो।

विभिन्न समयमा ताल ठेक्कामा लिएका २७ वटा फर्म र व्यक्तिले पाँच करोड ६९ लाख ९३ रुपैयाँ राजस्व नतिरेको नगरपालिकाले जनाएको छ। नगरपालिकाले बुधबार सार्वजनिक सूचना जारी गर्दै बक्यौता दाखिला गर्न भनेको छ। तालतलैयाको बक्यौता नउठ्दा आन्तरिक आय लक्ष्यअनुसार संकलन हुन नसकेको र यसले नगरपालिकाभित्रका विकासका गतिविधिहरू प्रभावित हुँदै गएका प्रमुख प्रशासकीय अधिकृत भोजराज भट्टले बताए। यही कारण आन्तरिक स्रोत खर्च गर्ने गरी नगरपालिकाले यस वर्षको बजेट तथा कार्यक्रममा राखेका कतिपय योजनाहरू कार्यान्वयन गर्न नसकिने अवस्था रहेको उनले बताए। 'तालतलैयाको बक्यौतालाई आयस्रोत अनुमान गरेर योजनाहरू राखिए तर बक्यौता उठेन,' भट्टले भने, 'आँकलन गरिएअनुसार आय नभएपछि आन्तरिक स्रोत उल्लेख गरिएका योजनाहरू कार्यान्वयन नहुने देखिन्छ।'

भजनीले चालू वर्षका लागि ६८ करोड ४३ लाख रुपैयाँको बजेट ल्याएको थियो। त्यसमध्ये संघबाट विभिन्न शीर्षकमा पाउने अनुदान र राजस्व बाँडफाँटबाहेक नगरपालिकाको आन्तरिक आयतर्फ तीन करोड र बक्यौता असुलिको दुई करोड रुपैयाँ बजेटको स्रोतको रुपमा राखिएको छ।

नगरभित्र रहेका तालतलैया आन्तरिक आयको प्रमुख स्रोतको रूपमा रहे पनि नगरपालिकाले बक्यौता रकम असुल गर्न सकेको छैन। नगरपालिकाले माछापालनका लागि ठेक्कामा दिएका अधिकांश वनभित्र रहेका प्राकृतिक ताल हुन्। कुनै ताल १०-१२ बिघासम्म फैलिएका छन्। कैलाली माछा उत्पादनको पकेट क्षेत्रका रुपमा रहेको छ। माछामा पूर्ण आत्मनिर्भर नभए पनि यहाँ उत्पादित माछाले धेरै हदसम्म माग धान्ने गरेको छ। भजनी, कैलारीलगायतका पालिकाहरू माछा उत्पादनका पकेट क्षेत्र हुन्।

सामुदायिक वनभित्र रहेका तालतलैया उपभोगको विषयमा विगतमा भजनी नगरपालिका र स्थानीय सामुदायिक वनबिच विवाद देखिएको थियो। सामुदायिक वनहरूले तालको ठेक्का आफूले लगाउन पाउनुपर्ने माग गर्दै आएका छन्। नगरपालिकाका अनुसार सामुदायिक वनका तर्फबाट यो मुद्दा कैलाली जिल्ला अदालतमा समेत परेको थियो। तर अदालतबाट नगरपालिकाको पक्षमा फैसला भयो। 'केही तालमा सामुदायिक वनले आम्दानी आफूले लिन पाउनुपर्ने माग गरेपछि विवाद देखिएको थियो। त्यही वहानामा केही ठेकेदारले राजस्व तिरेनन्' भजनी नगरपालिकाको राजस्व शाखाका कर्मचारी चिरञ्जिवीप्रसाद उपाध्यायले भने, 'त्यतिबेला ठेक्का लगाउँदा बैंक ग्यारेन्टी पनि नमागिएको रहेछ।'


सरकारका राष्ट्रिय प्रतिबद्धताको शल्यक्रिया

बालेन सरकारको राष्ट्रिय प्रतिबद्धता आशाको पुल त हो, तर यसको जग पुरानै संरचना र परम्परागत कार्यशैलीमा ठडिएको छ



● सुरेश गौतम

अग्रलेख



नेपालको राजनीतिक इतिहासमा २१ फागुनमा सम्पन्न निर्वाचन र त्यसपछिको सत्ता समीकरणलाई पुस्तान्तरणको एउटा असाधारण मोडका रूपमा हेरिएको छ। विशेषगरी, गत २३ र २४ भदौमा जेन-जी आन्दोलनको राप र तापबाट स्थापित भ्रष्टाचार नियन्त्रण र सुशासनका एजेन्डालाई संस्थागत गर्न वर्तमान सरकार गठन भएको हो। यही सरकारले जारी गरेको शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीको बुँदा नं. ३ अन्तर्गत राष्ट्रिय प्रतिबद्धता सार्वजनिक गरिएको छ, जसले आगामी दिनको शासकीय मार्गचित्र कोर्ने दाबी गर्छ। यद्यपि, यो दस्ताबेज निर्माण प्रक्रिया र यसले बोकेको राजनीतिक दर्शनमाथि गम्भीर प्रश्न खडा भएका छन्। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का नेता बालेन्द्र शाहको नेतृत्वमा गठित सरकारले झन्डै दुईतिहाइको अभूतपूर्व जनमत प्राप्त गरेको छ। संसदीय लोकतन्त्रको सर्वमान्य सिद्धान्तअनुसार स्पष्ट बहुमत प्राप्त दलले आफ्नै वाचापत्र र घोषणापत्रका आधारमा शासन सञ्चालन गर्नुपर्ने हो। तर, प्रधानमन्त्री शाहले आफ्नो दलको एकल वाचापत्रलाई कार्यान्वयनको मूल आधार बनाउनुको साटो संसद्मा रहेका ६ वटा राष्ट्रिय दलका साझा एजेन्डालाई समेटेर यो दस्ताबेज तयार पारेका छन्। यो कदमले राजनीतिक वृत्तमा नयाँ बहस सिर्जना गरेको छ।

यसलाई गहिराइबाट विश्लेषण गर्दा जस-अपजसको राजनीति र दायित्वबोधको प्रश्न प्रमुख भएर आउँछ। जनताले रास्वपाको वाचापत्रलाई पूर्ण विश्वास गरेर दुईतिहाइको म्यान्डेट दिएका हुन्। यस्तो अवस्थामा अन्य दलका एजेन्डालाई राष्ट्रिय प्रतिबद्धतामा मिसाउनुले प्रधानमन्त्री शाह कतै रास्वपाको नीति र दर्शनबाहिर जान खोजेका त होइनन् भन्ने संशय पैदा गरेको छ। सबै दलका एजेन्डा समेट्नुलाई साझा स्वामित्व भनिए पनि यसले भोलि सरकार डेलिभरीमा असफल हुँदा त्यसको दोष अन्य दलको थाप्लामा हालेर जस-अपजसको भागीदारीबाट उम्किने 'सेफ एक्जिट' खोजिएको त होइन ? भन्ने प्रश्न उठ्नु स्वाभाविक देखिन्छ। प्रधानमन्त्री शाहले अंगीकार गर्न खोजेको यो बहुदलीय सहमतिको मोडेललले रास्वपालाई एउटा वैकल्पिक शक्तिको सट्टा परम्परागत समन्वयकारी शक्तिका रूपमा मात्र चित्रण गर्ने जोखिम बढाएको छ। जब जनताले एउटा निश्चित विचार र दललाई स्पष्ट बहुमत दिन्छन्, तब उक्त दलले आफ्नो दर्शनमा कुनै सम्झौता नगरी दृढतापूर्वक आफ्ना कार्यक्रम अगाडि बढाउनु नै जनमतको वास्तविक कदर हो।

आर्थिक समृद्धिको खाका र वित्तीय चुनौती : वर्तमान सरकारले प्रस्तुत गरेको आर्थिक समृद्धिको खाका निकै महत्त्वाकांक्षी र आशावादी देखिन्छ। यसले आगामी पाँच वर्षभित्र नेपालको औसत आर्थिक वृद्धिदर सात प्रतिशत हासिल गर्ने र प्रतिव्यक्ति आयलाई हालको करिब एक हजार ४९६ डलरबाट वृद्धि गरी तीन हजार डलर पुऱ्याउने लक्ष्य राखेको छ। यसलाई पछ्याउँदै कुल गार्हस्थ्य उत्पादनको आकारलाई १०० अर्ब डलरनजिक पुऱ्याउने संकल्प गरिएको छ। सरकारले यस आर्थिक यात्रामा निजी क्षेत्रलाई प्रमुख संवाहक र सरकारलाई केवल नियामकको भूमिकामा सीमित गर्ने नीति अघि सारेको छ। तर, यस महत्त्वाकांक्षी लक्ष्यलाई पछिल्लो आर्थिक परिदृश्यसँग तुलना गर्दा केही गम्भीर चुनौती सतहमा आउँछन्। नेपालको पछिल्लो एक दशकको औसत आर्थिक वृद्धिदर करिब चार देखि पाँच प्रतिशतवरिपरि रहेको छ। सात प्रतिशतको निरन्तर वृद्धि हासिल गर्न कुल गार्हस्थ्य उत्पादनको करिब ३० देखि ३५ प्रतिशत लगानी आवश्यक पर्छ। हाल नेपालको पुँजीगत खर्च गर्ने क्षमता विनियोजित बजेटको ६०-७० प्रतिशतभन्दा माथि जान सकेको छैन। यस्तो अवस्थामा लगानीको सुनिश्चितता नगरी वृद्धिदरको रटान लगाउनु फगत चुनावी नाराजस्तै देखिन्छ। पाँच वर्षमा प्रतिव्यक्ति आय दोब्बरभन्दा बढी पुऱ्याउन वार्षिक ११ प्रतिशतभन्दा माथिको न्यूनतम वृद्धि चाहिन्छ। विश्वव्यापी बजारमा हुने पेट्रोलियम पदार्थको मूल्यवृद्धि र डलरको विनिमय दरमा आउने उतारचढावले यो लक्ष्यलाई थप कठिन बनाउँछ।

१० वर्षसम्म करको दर स्थिर राख्ने प्रतिबद्धता सुन्दा लगानीमैत्री सुनिए पनि यो नेपालको वर्तमान राजस्व संरचनासँग मेल खाँदैन। नेपालको चालू खर्च राजस्वले मात्र धान्न धौधौ परिरहेको अवस्था र सार्वजनिक ऋणको भार जिडिपीको ४२ प्रतिशत नाघिसकेको परिवेशमा करका दर स्थिर राखेर बढ्दो दायित्व कसरी व्यवस्थापन गर्ने भन्ने ठोस आधार दस्ताबेजमा छैन। दस्ताबेजमा सात प्रतिशतको वृद्धिका लागि आवश्यक पर्ने वैदेशिक लगानीको भरपर्दो स्रोत र स्वदेशी उत्पादन वृद्धि गर्ने ठोस कार्ययोजनाको अभाव छ। निजी क्षेत्रलाई नेतृत्व सुम्पिने कुरा गरिरहँदा नेपालको उद्योग क्षेत्रको जिडिपीमा योगदान पाँच प्रतिशतभन्दा तल झरेको यथार्थलाई बेवास्ता गरिएको छ। तथ्यांकको जादु देखाएर जनतालाई सपना बाँड्नु एउटा पक्ष हो भने विद्यमान संरचनात्मक अवरोधहरू, जस्तै- कमजोर कर्मचारीतन्त्र, भ्रष्टाचार र लगानीको असुरक्षालाई चिरेर परिणाममुखी काम गर्नु अर्को पाटो हो। दस्ताबेजमा उल्लिखित आर्थिक लक्ष्य हासिल गर्न केवल प्रतिबद्धता मात्र पर्याप्त छैन, यसका लागि आफ्नो वाचापत्रअनुसारको कठोर र साहसिक आर्थिक सुधारको बाटो समात्नु आवश्यक देखिन्छ।

पूर्वाधार विकास र आयोजना व्यवस्थापन : पूर्वाधार विकासलाई आर्थिक समृद्धिको मेरुदण्ड मान्दै केही साहसिक कदमको घोषणा गरिएको छ। विशेषगरी, आयोजना कार्यान्वयनमा रहेको अन्तरनिकाय समन्वयको अभावलाई चिर्न एकीकृत मल्टिमोडल ट्रान्सपोर्ट सिस्टम र पहुँचका भरमा बजेट विनियोजन गर्ने प्रवृत्तिको अन्त्यजस्ता विषयले सुशासनको नयाँ संकेत दिएका छन्। आयोजना सम्पन्न नभएसम्म आयोजना प्रमुख र कर्मचारीको सरुवा नगर्ने व्यवस्था मिलाउने प्रतिबद्धता जनाइनु नेपालको विकास प्रशासनको सबैभन्दा ठुलो रोग अल्पकालीन कर्मचारीतन्त्रमाथिको कडा प्रहार हो। तथ्यांकले के देखाउँछ भने नेपालका राष्ट्रिय गौरवका आयोजनामा एक वर्षमा औसत दुईदेखि तीनपटकसम्म आयोजना प्रमुख फेरिने गरेका छन्, जसले गर्दा मेलम्चीजस्ता आयोजना पूरा हुन तीन दशक कुर्नुपऱ्यो। महेन्द्र राजमार्गलाई तीन वर्षभित्र अन्तर्राष्ट्रिय मापदण्डमा स्तरोन्नति गर्ने र भारतसँग जलमार्ग तथा चीनसँग पारवहन सम्झौतामार्फत बन्दरगाह उपयोग गर्ने लक्ष्य राखिएको छ। तर, नारायणगढ-बुटवलजस्ता सडक खण्डको वर्तमान सुस्त गति हेर्दा तीन वर्षमा अन्तर्राष्ट्रिय मापदण्डमा स्तरोन्नति गर्ने कुरा निकै महत्त्वाकांक्षी देखिन्छ। जलवायु अनुकूलनको कुरा गर्दा अझै पनि नेपालको हालको इन्जिनियरिङ पद्धति डोजरे विकासमै आधारित छ।

> सरकारले आफ्नो प्रतिबद्धतालाई केवल एउटा सरकारी दस्ताबेजका रूपमा सीमित नराखी, जेन-जी आन्दोलनको भावनाअनुसार निर्मम कार्यान्वयनको बाटो रोज्यो भने मात्र नेपालको समृद्धिको सपनाले साकार रूप लिन सक्छ

शिक्षा र स्वास्थ्यमा आमूल सुधारको परिकल्पना : शिक्षा क्षेत्रमा मेरिटोक्रेसी (योग्यता प्रणाली) लाई मुख्य आधार बनाइएको छ। विश्वविद्यालयदेखि विद्यालयसम्मलाई दलीय राजनीतिबाट पूर्णतः मुक्त गर्ने र शिक्षकको कुनै पनि राजनीतिक दलसँगको आबद्धता निषेध गर्ने बुँदा सबैभन्दा साहसिक र चर्चाको विषय बनेको छ। नेपालका सार्वजनिक विद्यालयमा कार्यरत करिब ८० प्रतिशत शिक्षक कुनै न कुनै राजनीतिक दलका भ्रातृ संगठनमा आबद्ध छन्। यो प्रतिबद्धता कार्यान्वयन भएमा शिक्षाको गुणस्तरमा २० देखि ३० प्रतिशतले सुधार आउने अपेक्षा गर्न सकिन्छ। तर, दशकौंदेखि जरा गाडेर बसेको शिक्षक युनियनको राजनीतिक शक्तिलाई कसरी व्यवस्थापन गर्ने भन्ने ठोस मार्गचित्रको अभाव छ।

स्वास्थ्य क्षेत्रमा म स्वस्थ, मेरो परिवार स्वस्थ अभियानमार्फत रोकथाममुखी स्वास्थ्य प्रणालीमा जोड दिइएको छ। प्रत्येक नागरिकको डिजिटल स्वास्थ्य प्रोफाइल तयार गर्ने र सन् २०८८ सम्ममा स्वास्थ्य क्षेत्रको बजेटलाई कुल बजेटको आठ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ। नेपालको स्वास्थ्य बजेट हाल ४.८ प्रतिशत मात्र छ। स्वास्थ्य सेवामा नागरिकको आफ्नै खल्तीबाट हुने खर्च अझै पनि ४७ प्रतिशतभन्दा माथि छ। हाल स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध भएका ५० प्रतिशतभन्दा बढी नागरिकले नवीकरण नगरेको तथ्यांकले सेवाको गुणस्तरमा कमी र दाबी भुक्तानीको संकटलाई दर्साउँछ।

पर्यटन र ऊर्जा : अन्तर्राष्ट्रिय र भूराजनीतिक आयाम : सन् २०२७ लाई राष्ट्रिय आरोग्य वर्ष मनाउने र पर्यटकको खर्च प्रतिव्यक्ति प्रतिदिन १०० डलर पुऱ्याउने लक्ष्य राखिएको छ। भैरहवा र पोखरा विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालन गर्ने प्रतिबद्धता जनाइएको छ। यद्यपि, नेपालको उड्डयन क्षेत्र अझै पनि युरोपेली संघको 'ब्ल्याक लिस्ट'मा छ। ६० अर्बभन्दा बढीको लगानीले प्रतिफल दिन नसकिरहेको अवस्थामा कूटनीतिक पहलविना यी विमानस्थल चल्नु कठिन छ। पर्यटनको नयाँ कुरा गरिए पनि यसका लागि आवश्यक पर्ने उच्चस्तरीय पूर्वाधार र वेलनेस सेन्टरहरूको स्पष्ट खाका छैन।

ऊर्जाको हकमा ३० हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य राखिएको छ। यसका लागि करिब ४० देखि ५० अर्ब डलर लगानी आवश्यक पर्छ। यति ठुलो लगानीका लागि वैदेशिक पुँजीको सुनिश्चितता र नेपालको वन तथा वातावरण कानुनको अवरोध हटाउने ठोस कार्ययोजना छैन। अन्तरदेशीय प्रसारण लाइन निर्माणमा हुने भूराजनीतिक खिचातानीले यसलाई थप जटिल बनाउनेछ।

सुशासन, रोजगारी र परराष्ट्र नीति : ०४६ पछिका सार्वजनिक पदधारीको सम्पत्ति छानबिन गर्ने र सरकारी सेवामा टाइम कार्ड लागू गर्ने कुराले नयाँ आशा जगाएको छ। तर, सम्पत्ति छानबिन प्रक्रिया कतै विपक्षीलाई तर्साउने राजनीतिक प्रतिशोधको हतियार त बन्दैन ? भन्ने संशय कायमै छ। मन्त्रालयको संख्या घटाएर १७ मा झार्ने र कर्मचारीतन्त्रमा हुने दलीय ट्रेड युनियन खारेज गर्ने प्रतिबद्धता सुधारका लागि कोसेढुंगा मानिएको छ।

पाँच वर्षमा १५ लाख रोजगारी सिर्जना गर्ने र विदेशमा रहेका करिब ५० लाख नेपालीको सीपलाई ब्रेन गेनका रूपमा प्रयोग गर्ने भनिएको छ। डिजिटल रोजगारीलाई कानुनी मान्यता दिने कुरा यसको सकारात्मक पक्ष हो। आइटीलाई राष्ट्रिय रणनीतिक उद्योग घोषणा गरी एआईलाई प्राथमिकता दिने लक्ष्य छ। स्वदेशमा औद्योगिक वातावरण नबनाई र न्यूनतम ज्यालाको ग्यारेन्टी नगरी विदेशबाट सीप फर्किएला भन्नु अतिरञ्जना मात्र हुन सक्छ।

परराष्ट्र नीतिको हकमा 'नेपाली प्रथम' नाराका साथ नेपाललाई दुई छिमेकीबिचको 'भाइब्रेन्ट ब्रिज' (गतिशील पुल) बनाउने परिकल्पना छ। सैन्य गठबन्धनमा सामेल नहुने कुरा स्पष्ट भए पनि भारत र चीनको स्वार्थ टकराइरहने हुनाले समदूरीको साटो समनिकटता कायम राख्न अत्यन्तै जटिल कूटनीति आवश्यक पर्छ, जसको खाका यसमा अपुग छ। सहकारी क्षेत्रमा सर्वसाधारणको करिब सात खर्बभन्दा बढी बचत छ। जसमध्ये करिब एक खर्बभन्दा बढी अपचलन भएको अनुमान छ। बचतकर्ताको पैसा फिर्ता गर्न आवश्यक पर्ने ठोस वित्तीय स्रोतको आधार दस्ताबेजमा छैन। कोष स्थापना गर्ने कुराले मात्र पीडितको तत्कालको समस्या हल हुँदैन।

बालेन सरकारको यो राष्ट्रिय प्रतिबद्धता आशाको पुल त हो, तर यसको जग पुरानै संरचना र परम्परागत कार्यशैलीमा ठडिएको छ। यदि सरकारले यसलाई केवल एउटा सरकारी दस्ताबेजका रूपमा सीमित नराखी जेन-जी आन्दोलनको भावनाअनुसार निर्मम कार्यान्वयनको बाटो रोज्यो भने मात्र नेपालको समृद्धिको सपनाले साकार रूप लिन सक्छ। अन्यथा, यो दस्ताबेज नेपाली राजनीतिको अर्को एउटा सुन्दर तर असान्दर्भिक सपनाको पुलिन्दा मात्र बन्ने खतरा छ। वैकल्पिक शक्तिले पाएको यो ऐतिहासिक अवसर कतै परम्परागत समन्वयको भुमरीमा हराउने त होइन भन्ने चिन्ता नागरिक तहमा व्याप्त छ।

३ प्रश्न

नेपाली कांग्रेसका नेता **नैनसिंह महर**लाई



सर्वोच्च अदालतको पछिल्लो फैसलापछि पार्टीलाई एकताबद्ध राख्न वर्तमान संस्थापन पक्षले के गर्नुपर्छ ?

संसारका कुनै पनि द्वन्द्वको समाधान संवाद र अन्तर्क्रियाबाटै निस्किन्छ। कांग्रेसभित्रको विवाद या असहमतिको निकास पनि आपसी संवाद र अन्तर्क्रिया नै हो। पार्टीमा विवाद, मनोमालिन्य या असहमति देखिइसकेपछि संवाद र अन्तर्क्रियाको पहल मूल नेतृत्व अर्थात् सभापतिबाटै हुनुपर्छ। पार्टी नेतृत्वको आधिकारिकताबारे सम्मानित सर्वोच्च अदालतको फैसला सबैले मान्नुको विकल्प छैन। पछिल्लो निर्वाचनपछि यतिखेर पार्टी खुम्चिएको छ। त्यसैले, पार्टीसित जोडिएका तमाम असन्तुष्ट नेता, कार्यकर्ता सबैसँग संवादको पहलकदमी सभापतिबाटै हुनुपर्छ। उहाँको पहलकदमीपछि पार्टीलाई एकढिक्का बनाएर अघि बढाउन सबैले आआफ्नो स्थानबाट 'इफोर्ट' लगाउनुपर्छ।

यस्तोमा सर्वोच्चको फैसलालाई स्विकार्दैनौं भन्ने केही नेतासँगै पूर्वसंस्थापन समूहको दायित्वचाहिँ के हुन्छ नि ?

यस विषयमा असन्तुष्ट नेताहरूबिच छलफल चलिरहेको छ। यति ठुलो पार्टीमा कसैको कसैसँग मनोमालिन्य या चित्त दुःखाइ हुन सक्छ। त्यसलाई कम गर्न या मनोमालिन्य हटाउन सभापतिले व्यक्तिगत या सामूहिक भेटघाट र संवाद सुरु गर्नुपर्छ। कानुनी शासनमा विश्वास गर्ने लोकतान्त्रिक दलका कुनै पनि नेता, कार्यकर्ताले सर्वोच्चको फैसला मान्दैनौं भन्न मिल्दैन।

अहिलेको अप्ठ्यारोमा पार्टीलाई एकढिक्का बनाएर आगामी दिनमा विगतको विरासत फर्काउन सक्ने सम्भावना कति देख्नुहुन्छ ?

त्यसको पूरापूर सम्भावना छ। कांग्रेसभित्र यस्ता समस्या विगतमा पनि पटक-पटक आएका थिए। लोकतान्त्रिक पार्टी वाद, प्रतिवाद र संवादबाटै बलियो बन्ने हो। आवधिक निर्वाचन लोकतन्त्रको आत्मा हो। निर्वाचनमा सहभागी भइसकेपछि हारजित स्वाभाविक हो। सधैं जितनैपर्छ भन्ने हुँदैन। बिपी र सुवर्णशमशेरबिच जनतालाई रैतीबाट नागरिक बनाउन भएको सहमतिपछि जन्मेको कांग्रेसले अब बाँकी कार्यभार पूरा गर्न देश, जनता र पार्टीको बृहत्तर हितका लागि एकताबद्ध हुनुको विकल्प छैन। सबै ठिक ठाउँमा उभिएर एकताबद्ध भई अघि बढ्यौं भने पार्टीको विगतको विरासत फर्काउन कठिन छैन।

प्रेरक प्रसंग

समाजमा शक्तिको प्रयोग

गंगाकिनारमा सन्तको प्रवचन सुनिरहेका एक शिष्यले प्रश्न गरे- गुरुदेव, केही नयाँ काम गर्न खोज्दा समाजले हाम्रो विरोध गऱ्यो भने के गर्नु ठिक होला ? सन्तले भने- यस प्रश्नको उत्तर भोलि दिनेछु।

दोस्रो दिन जब सबै शिष्य नदीकिनारमा एकत्रित भए, तब सन्तले भने- आज हामी एउटा प्रयोग गर्नेछौं। माछा समात्न प्रयोग हुने यी तीन लट्ठी हेर त। एउटै काठबाट बनेका यी सबै बिल्कुल समान छन्। उनले अघिल्लो दिन प्रश्न गर्ने शिष्यलाई अगाडि बोलाए र भने- बाबु, यी लट्ठीले माछा समात। शिष्यले लट्ठीमा काँटा लगाएर पानीमा डुबाए। एकैछिनमा एउटा ठुलो माछा काँटामा फस्यो। त्यो देखेर सन्तले भने- अब पूरा शक्ति लगाएर बाहिर निकाल। शिष्यले त्यसै गरे। उता माछाले पनि पूरै शक्ति लगाएर भाग्ने कोसिस गऱ्यो। परिणामतः लट्ठी भाँचियो।

सन्तले भने- केही छैन, यो अर्को लट्ठी लिएर पुनः प्रयास गर। शिष्यले फेरि काँटा पानीमा डुबाए। यसपटक पनि माछा काँटामा फस्यो। गुरुले भने- आरामसाथ, बिस्तारै लट्ठी बाहिर तान। शिष्यले त्यस्तै गरे। तर, माछाले जोडले झड्का दिँदा लट्ठी शिष्यको हातबाट फुत्कियो। सन्तले भने- ओहो ! माछा फेरि फुत्कियो। अब यो लट्ठी लिएर एकपटक फेरि प्रयत्न गर। शिष्यले त्यसै गरे। यसपटक माछा फस्नासाथ सन्तले भने- यसपटक जति शक्ति माछाले लगाउँछ, तिमीले पनि त्यति नै शक्ति लगाएर बाहिर तान। केहीबेरमा माछा थाक्छ अनि तिमी सजिलै त्यसलाई बाहिर निकाल्न सक्नेछौ।

शिष्य त्यस्तै गरेर माछा पक्रिन सफल भए। सन्तले भने यी माछा त्यो समाजजस्तै हुन्, जसले तिमीहरूले केही गर्दा विरोध गर्छ। समाजविरुद्ध तिमीहरूले बढी बल लगायौ भने तिमीहरू पराजित हुनेछौ। कम शक्ति लगायौ भने पनि तिनले तिमीहरूका योजना पूरा हुन दिँदैनन्। तर, उनीहरूले जति बल प्रयोग गरेर विरोध गर्छन्, त्यति नै बल प्रयोग गऱ्यौ भने उनीहरू बिस्तारै थाक्छन् र हार स्विकार्छन्, तब मात्र तिमीहरूको जित हुनेछ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

अब रडाको नगर

सर्वोच्च अदालतले नेपाली कांग्रेसको आधिकारिकतासम्बन्धी अन्तिम फैसला दिएसँगै अब कांग्रेसमा विशेष महाधिवेशन वैधानिक थियो भन्ने स्थापित भएको छ। अब त्यसलाई अवैधानिक भन्ने पूर्वसंस्थापन अर्थात् शेरबहादुर देउवा गुटका नेताले सर्वोच्चको निर्णयलाई शिरोपर गरी खुरुक्क पार्टी गतिविधिमा लाग्नु बुद्धिमानी हुन्छ। उनीहरूले फेरि पनि अनेक जालझेल र तिकडम अपनाएर पार्टीलाई कमजोर बनाउने खेल खेले भने भविष्यमा उनीहरूको राजनीतिक अस्तित्व त नामेट हुने नै छ, साथमा पार्टीको अस्तित्व पनि इतिहासमा मात्र सीमित हुनेछ। कांग्रेसजस्तो ऐतिहासिक पार्टीलाई बचाउने हो भने अबका दिनमा गुटगत रडाको सदाका लागि बन्द गरेर आगामी महाधिवेशनको तयारीमा जुट्नुको विकल्प छैन।

● **वन्दना राई**, कौशलटार, भक्तपुर

असल कामको सुरुवात

अबदेखि असनमा हरेक शनिबार सवारीसाधन प्रवेश गर्न नपाउने समाचार सुन्दा खुसी लाग्यो। यस क्षेत्रमा शनिबारका दिन किनमेल गर्न जाँदा साँघुरो सडक, मान्छेको ठेलमठेल घुइँचो र त्यसबिच मोटरसाइकलमा ट्याँट्याँ र टुँटुँको आवाजले हैरान पार्ने गरेको थियो। अब शनिबार सवारीसाधनको प्रवेश बन्द गरिँदा यस क्षेत्रमा किनमेलका लागि पुग्ने ग्राहक र व्यापारी दुवैलाई सहज हुने विश्वास गर्न सकिन्छ।

● **गोविन्द पुरी**, नरदेवी, काठमाडौं

नदी बचाउने कसले ?

'बागमतीको पानीमा मान्छेको असली छाया' शीर्षकको समाचार पढ्दा दुःख लाग्यो। बागमतीको पानीमा प्राणघातक पारो र सिसादेखि एन्टिबायोटिक्स औषधि, ट्वाइलेट र अस्पतालजन्य फोहोर र मृत जीवसम्मका कारण माछालगायत कुनै पनि जलचर बाँच्न असम्भव भएको समाचारले मन रन्थनियो। यो समस्या बागमती मात्र होइन, उपत्यकाभित्रका सम्पूर्ण सानाठुला नदीको हो। यसको समाधानका लागि र नदीलाई जीवित बनाउन सरकारले कदम चालोस्।

● **भुवन महर्जन**, पुल्चोक, ललितपुर

सबैका आ-आफ्नै समस्या

सरकारले यसपटक विद्यालयमा विद्यार्थी भर्ना र कक्षा सञ्चालनको समय पछाडि सारिदिएपछि विभिन्न प्रतिक्रिया आए। कतिपयले भने, 'अन्तिम परीक्षापछि विद्यार्थीलाई रिफ्रेस दिलाउन र शिक्षकलाई वार्षिक कार्ययोजना बनाउन यो बिदा एकदम ठिक छ।' तर, यसका विपक्षमा तर्क आए। सरकारी विद्यालयका शिक्षकले भने, 'हाम्रा विद्यार्थी निजीले तान्ने भए। यति लामो बिदा गरेर कहाँ हुन्छ ?' सरकारले हप्तामा दुई दिन बिदा दिने निर्णय गरेपछि 'कोर्स नसकिने' कुरा पनि आयो। 'सकिहालिन्छ नि' भन्नेहरू पनि निस्किए।

छोराछोरीलाई विद्यालय पठाऊँ बन्द छ। कोठामा बसेर मोबाइल चलाएकोचलायै छन्। यस्तो भएपछि सहरिया अभिभावकलाई आफ्ना छोराछोरी अब बिग्रे भन्ने लाग्ने नै भयो। मोबाइल चलाएर दिक्क भएपछि 'लु हामीलाई घुमाउन लानू' भनेर हैरान पार्छन्। घुमाएर ल्यायो, एक-दुई दिनपछि फेरि, 'घुमाउन लानू' भन्छन्। अब कताकता मात्रै लानु ? यस्ता गुनासा त कति-कति ! दुईदिने बिदाले ज्यालादारी शिक्षकलाई पनि पिर पार्ने नै भयो। उता, अफिस जानुलाई मात्रै काम ठान्ने कर्मचारीका लागि दुईदिने बिदा 'तास बिदा' हुने भयो। विभिन्न क्रिया-प्रतिक्रिया र छलफलबिच कतिपय स्थानीय तहले वैशाख ६ गतेदेखि नै पूर्ववत् विद्यालय सञ्चालन गर्ने निर्णय गरेका छन्। यसलाई धेरैले 'गुड जब' ठाने पनि कतिपयले 'संघको निर्णय अवज्ञा गर्नुहुँदैन भन्दै छन्। सरकारको पछिल्लो निर्णयसँगै सबैका आ-आफ्नै समस्या सुनिन थालेका छन्।

● **इन्द्रकुमार श्रेष्ठ**, वागीश्वरी मावि, च्याम्हसिंह, भक्तपुर
sindrakumar14@gmail.com

आज इरान, भोलि अफ्रिका

इरानमाथि आज जे भइरहेको छ, भोलि अफ्रिकामाथि पनि त्यही हुन सक्छ, त्यसैले अफ्रिकाले अवैध युद्धको विरोध गर्नुपर्छ



देश / विदेश

● तफी म्हका

इरानमाथि इजरायल र अमेरिकाको आक्रमणका क्रममा केही साताभित्रै हजारौं मारिए। आक्रमणको पहिले दिनमै 'सजरेह तैयबेह' बालिका प्राथमिक विद्यालयमा बम खस्दा १७५ कलिला बालिका तथा विद्यालयका स्टाफ मारिएका थिए। उसो त यस्तो हिंसाको लामो र परिचित इतिहास छ। गाजादेखि लेबनानसम्म र अहिले इरानमा आमनागरिकले साम्राज्यवादको मूल्य तिरिरहेका छन्। खासमा विश्वशक्ति र तिनका सहायकको आक्रामकताको सिकार आमनागरिकहरू मात्र भएका छैनन्। २८ फेब्रुअरीको इजरायली आक्रमणमा इरानका सर्वोच्च नेता अयातुल्लाह अली खामेनी र वरिष्ठ सैन्य अधिकारीसमेत मारिएका थिए।

अफ्रिकीहरूका लागि हजारौं किलोमिटर टाढा घटेको यस संकट दूरीका हिसाबले टाढा भए पनि भोगाइका हिसाबमा भने टाढा छैन। खाडीमा देखिएको अस्थिरताले अफ्रिकाभर इन्धन मूल्यमा देखिएको वृद्धि त अन्यत्र पनि देखिएकै परिघटना हो। तर, यस द्वन्द्वमा अफ्रिकाको सम्बन्ध आर्थिक मात्र नभई कानुनी र राजनीतिक पनि छ। अर्थात्, एउटा राज्यले अर्को राज्यमाथि बल प्रयोगको प्रश्नले सीधै अफ्रिकी देशलाई पनि छुन्छ।

संयुक्त राष्ट्र संघको बडापत्रको 'धारा २(४)'ले राज्यहरूलाई आत्मरक्षाबाहेकको अवस्थामा वा संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को अनुमतिबाहेक अर्को देशको क्षेत्रीय अखण्डता वा राजनीतिक स्वतन्त्रताविरुद्ध सैन्य बल प्रयोग गर्न निषेध गर्छ। यस सिद्धान्तलाई लामो समयदेखि अन्तर्राष्ट्रिय व्यवस्थाको केन्द्रबिन्दु मानिन्छ। इरानमाथि भएको आक्रमणमा भने यी दुईमध्ये कुनै पनि सर्त पालना गरिएन। अफ्रिकी देशले धेरै पहिलेदेखि देखे-भोगेको के हो भने लोकतन्त्र, मानव अधिकार वा मानवीय सुरक्षाका नाममा पश्चिमले गर्ने सैन्य अभियान छिटै तिनको घोषित उद्देश्यभन्दा धेरै टाढा विस्तार हुने गर्छ।



लिबिया यसको उदाहरण हो। मार्च २०११ मा संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्ले 'प्रस्ताव १९७३' लागू गऱ्यो। प्रस्तावले परिषद्लाई लिबियामा कर्नल मुअम्मर गद्दाफीविरुद्ध उठेको विद्रोहका क्रममा आमनागरिकको जिउधन जोगाउन 'सबै आवश्यक उपाय' अपनाउने अधिकार दियो। केही महिनाभित्रै, नेटो राष्ट्रका विमानले लिबियाभरि व्यापक बमबारी सुरु गरे। लिबियाका सैन्य प्रतिष्ठान र सरकारी पूर्वाधार मुख्य निसानामा परे। अभियानमा उल्लेख्य नागरिकसमेत मारिइरहेका थिए। आक्रमणले लिबियाली अफ्रिकी सरकार अत्यन्त हिंसात्मक तवरले अपदस्थ भयो र सो देशका नेता भिडबाट मारिए। धेरै अफ्रिकीका लागि यो आक्रमण खुसीको घटना थिएन।

नेटोको हवाई आक्रमण र गद्दाफीको हत्याको एक दशकभन्दा बढी समय बितिसक्दा पनि लिबिया राजनीतिक रूपमा विभाजित छ। त्रिपोली र पूर्वी लिबियामा दुई प्रतिद्वन्द्वी सरकार छन्। बाँकी देशको ठुलो भागमा सशस्त्र मिलिसिया सक्रिय छन्। लिबियाको पतन खासमा दक्षिणतर्फको साहेल क्षेत्रमा अस्थिरता सिर्जनाको प्रस्थानविन्दु बन्यो। लिबियाबाट लुटिएका हतियार प्रयोग भएर मालीमा सन् २०१२ को विद्रोह तीव्र बन्यो। मालीबाट सुरु भएको हिंसात्मक इस्लामिक विद्रोहले छिमेकी निजेर र बुर्किनाफासोलाई पनि लपेटेर अझै रोकिएको छैन। विद्रोहलाई देखाएर ती तीनवटै देशमा सैन्य कु भयो। त्यसले विद्रोहमा झन् आगोमा घिउको काम गऱ्यो। वास्तवमा, इरान, लिबिया र कंगोको लोकतान्त्रिक गणतन्त्रमा जब नेताहरूले देशको रणनीतिक स्रोतमाथि (इरान र लिबियाको हकमा तेल, कंगोको हकमा धातुजन्य खनिज) राष्ट्रिय नियन्त्रण स्थापित गर्न खोजेपछि पश्चिमसँग टकराव सुरु भएको देखियो।

संयुक्त राष्ट्र संघ र यसको बडापत्र शक्तिशाली पश्चिमी राष्ट्रबाट अफ्रिका र अन्य भेगका कजोर देश खुला रूपमा लुट्न रोक्न सक्ने सीमित अवरोधमध्ये एक हो। यसैले अफ्रिकी नेताहरूले इरानमाथिको आक्रमणको स्पष्ट विरोध गर्दै अफ्रिकी संघ र संयुक्त राष्ट्र संघको महासभामार्फत साम्राज्यवादी शक्तिका विभिन्न रूपको सामना गर्नुपर्छ।

अफ्रिकी राज्यले मे २५, १९६३ मा आदिस अबाबामा 'अर्गनाइजेसन अफ अफ्रिकन युनिटी' स्थापनाको अवसरमा घानाका संस्थापक राष्ट्रपति क्वामे एनक्रुमाहले अन्य अफ्रिकी नेतालाई चेतावनी दिँदै भनेका थिए, 'स्वतन्त्रता खासमा नयाँ र लामो संघर्षको प्रस्तानविन्दु मात्र हो। हामीले आफ्नै आर्थिक र सामाजिक मुद्दा अवलम्बन गर्न खोज्दा भविष्यमा पनि नवउदारवादी हस्तक्षेप र अपमान रोकिनेछैन।' ६० वर्षभन्दा बढी समयपछि पनि त्यो चेतावनी अझै सान्दर्भिक देखिन्छ। संयुक्त राष्ट्र संघको बडापत्रका सिद्धान्तहरूको रक्षा गर्ने समय आएको छ। अन्यथा, आज इरानले भोगेको नियति भोलि अफ्रिकाले भोग्नुपर्ने हुन सक्छ।

(म्हका समाजिक तथा राजनीतिक टिप्पणीकार हुन्)

अलजजिराबाट

चाँडै युद्ध अन्त्य होस् भन्ने चाहन्छन् इरान–अमेरिका

मुद्रास्फीति र ग्यासको मूल्य बढ्दै गएको र ट्रम्पको मगा अर्थात् मेक अमेरिका ग्रेट अगेन आधारमाथि चुनौती बढेकाले ट्रम्पलाई इरानसँग तत्काल सम्झौता आवश्यक छ

संयुक्त राज्य अमेरिका र इरानसँग सम्झौता गर्नुबाहेक अरू केही विकल्प छैन। इस्लामाबादमा भएको पहिलो चरणको वार्ता अमेरिकी लाभलाई बलियो बनाउने उद्देश्यले गरिएको एकीकृत प्रदर्शनजस्तो देखिन्थ्यो। इरानी बन्दरगाहको नाकाबन्दी यति छिटो भयो कि ह्वाइट हाउसका अधिकारीहरूले यो रणनीति पहिले नै दिमागमा राखेका हुन सक्छन्। नाकाबन्दीले इरानमा ल्याउन खोजेको आर्थिक पीडालाई पूर्ण रूपमा महसुस गर्न समय लाग्नेछ। तर, ६० प्रतिशत इन्धन क्षमताले पनि तेहरानको अर्थतन्त्र र यसको तेलमा निर्भर चीनजस्ता सहयोगीलाई थप असर गर्नेछ।

दोस्रो चरणको वार्तामा सफलताको सम्भावना राजनीतिक आवश्यकता र वार्ताको टेबलमा रहेका व्यक्तिको दृष्टिकोणमा भर पर्छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प खुलेआम सम्झौता चाहन्छन् र भन्छन्- इरान पनि वार्ता चाहन्छ। मुद्रास्फीति र ग्यासको मूल्य बढ्दै गएको र ट्रम्पको मगा (मेक अमेरिका ग्रेट अगेन) आधार खुलेआम विद्रोहमा रहेको अवस्थामा ट्रम्पलाई तत्काल सम्झौताको आवश्यकता छ।



● निक प्याटन विल्स

विल्स लन्डनस्थित सिएनएनका प्रमुख अन्तर्राष्ट्रिय सुरक्षा संवाददाता हुन्

ट्रम्पको निरन्तर परिवर्तनशील अडान ध्यानको कमी, स्मरणशक्तिको समस्या वा अपरम्परागत वार्ता ढाँचाबाट उत्पन्न भएको हो भनेर अनुमान गर्न गाह्रो छ। तर, तपाईंको विपक्षीलाई तपाईं के चाहनुहुन्छ भनेर जान्न वार्ता रणनीतिको रूपमा यसको सीमा बुझ्नुपर्ने हुन्छ।

इरानले सांस्कृतिक युद्ध जितेे पनि, मध्य पूर्वमा अभूतपूर्व आगो फैलाए पनि, आफ्नो मन्त्रिपरिषद् र सुरक्षा उपकरणको क्रूर पतन सहे पनि तत्काल सम्झौताको आवश्यकता छ। प्रचारको दुनियाँ वास्तविक संसार होइन। उनीहरूको हमला कति प्रभावकारी छ भनेर दैनिक घोषणामा दाबी गरिएता पनि १३ हजारभन्दा बढी लक्ष्यमा भएको प्रहारपछि तेहरानको अवस्था धेरै खराब छ।

३९ दिनको बम विस्फोटबाट भएको क्षति अकाट्य छ। अयातोल्लाह अली खामेनीको स्थानमा अर्का नेता आएका छन् भनेर अमेरिकी नेतृत्वको आलोचना भइरहेका बेला नयाँ नेता मोजतबा अझै सार्वजनिक रूपमा देखिएका छैनन्। इरानी क्रान्तिकारी गार्ड कोर्प्स (आइआरजिसी) अब नेतृत्वको तेस्रो चरणमा छ। तिनीहरू रक्तपातको बदला लिन चाहने कट्टरपन्थी



हर्मुज जलमार्गमा इरानको फेरि अवरोध

तेहरान/ इरानले अन्तर्राष्ट्रिय रूपमा तेल प्रवाह हुने नाका हर्मुज जलमार्गलाई पुनः बन्द गरेको छ। युद्धविराम अवधिभर हर्मुज नाका खुला गर्ने घोषणा गरेको २४ घण्टा नबित्दै इरानले पुनः बन्द गरेको हो। प्रमुख ढुवानी च्यानल हर्मुजलाई शुक्रबार इरानले खोलेको थियो। इरानका विदेशमन्त्री अब्बास अराघचीले शुक्रबार जलघाँटी खुला भएको घोषणा गरे पनि शनिबार संसद्का सभामुख मोहम्मद बगेर गालिबाफले अवरोध कायमै रहने चेतावनी दिए। इरानी सेनाले हर्मुजमा केही जहाजमाथि हमला गरेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन्। हर्मुज बन्द गर्ने बताएपछि कैयौं पानीजहाजले आफूहरू आक्रमणमा परेको जानकारी दिएका छन्। ओमानभन्दा २५ माइल टाढा एउटा ट्यांकर र एउटा कन्टेनर पानीजहाजमाथि आक्रमण भएको हो। इरानको सुरक्षा परिषद्ले युद्धको अन्त्य नभएसम्म हर्मुजको जलमार्ग नियन्त्रण गर्न कटिबद्ध रहेको बताएको छ भने इरानी बन्दरगाहहरूमा अमेरिकी नाकाबन्दीलाई 'युद्धविरामको उल्लंघन' भनेको छ। यसअघि इरानसँग सम्बन्धित पानीजहाजमाथि अमेरिकाले नाकाबन्दी लगाएकाले पुनः उक्त जलमार्ग नियन्त्रणमा लिन लागेको इरानी सेनाले बताएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँग 'धेरै राम्रो कुराकानी' भइरहेको बताएका छन्।

> विशेषगरी पाकिस्तानमा १६ घण्टाको वार्तापछि अमेरिका र इरानको अडान कति अनौठो रूपमा नजिक थियो भन्ने कुरालाई मनन गर्दा दुवै देश पूर्ण शत्रुतामा फर्कने सम्भावना कम देखिन्छ।

वार्ता खराब भइरहेको छ भने थप वार्तालाई प्रोत्साहन गर्न भित्रभित्रै प्रगति भइरहेको हुन्छ।

तर, दुवै पक्ष हर्मुजको जलमार्ग पुनः खोल्न सकिन्छ भन्ने कुरामा सहमत देखिन्छन्। अमेरिकाले इरानी बन्दरगाहमा गरेको नाकाबन्दीले यस मुद्दामा तेहरानको प्रभावलाई नाटकीय रूपमा कम गरेको छ। यसबिचमा इरानले युद्धविराम अवधिभर हर्मुज नाका खुला गर्ने घोषणा गरेको २४ घन्टा नबित्दै आफ्नो बाचाबाट पछाडि हट्यो। इरानलाई थाहा छ कि चीनमाथिको दबाब कम गर्न स्वतन्त्र यातायातलाई अनुमति दिन आवश्यक छ। विवाद अब सम्झौताको वास्तविक सारभन्दा विवरणबारे बढी छ।

दुवै पक्ष इरानको आणविक संवर्द्धनमा रोक लगाउन सहमत छन्। एक अमेरिकी अधिकारीको भनाइमा तेहरान पाँच वर्षसम्म आणविक संवर्द्धनमा रोक लगाउन चाहन्छ, अर्थात् अर्को अमेरिकी राष्ट्रपतिको आधा कार्यकालसम्म। तर, छलफलसँग परिचित एक स्रोतका अनुसार अमेरिका २० वर्ष चाहन्छ। यहाँ रचनात्मक गणितले सजिलो सम्झौता प्रदान गर्छ। यस वर्ष र गत वर्ष बम विस्फोट गरेर इरानको संवर्द्धन क्षमता घटाइएको छ। बाँकी रहेका ४०० किलोग्रामभन्दा बढी ६० प्रतिशत संवर्द्धित युरेनियम हुन्, जुन ट्रम्पको भनाइमा धुलोमा गाडिएको छ। अमेरिका र इजरायली हवाई प्रभुत्व र निगरानीको वर्तमान अवस्थामा तेहरानले यो भण्डारलाई चाँडै बममा रूपान्तरण गर्न सक्ने सम्भावना कम छ। आणविक संवर्द्धनको मुद्दा इरानी सार्वभौमिकताको हो, जुन अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आइएइए) प्रयोग गरेर यसलाई रुसमा पठाएर, बेचेर वा कन्टेनरको निगरानी गरेर समाधान गर्न सकिन्छ।

इरान, लेबनान र अन्यत्र रहेका आफ्ना प्रतिनिधिलाई एक्लै छोड्न चाहन्छ। हिजबुल्लाहले हप्तौंको लडाइँ र रकेट आक्रमणमा यो कुरा स्पष्ट पारेको छ कि २०२४ को युद्धले उनीहरूलाई स्थायी रूपमा कमजोर बनाएको छैन। दक्षिणमा दीर्घकालीन कब्जाका लागि इजरायलको चाहना अझै पनि अस्पष्ट छ र उनीहरूको आक्रमण देखिन्छ। उनीहरूको आवधिक क्रूरता प्रायः देखिन्छ। लेबनानको सरकार वर्षौंपछि इजरायलसँग पहिलोपटक प्रत्यक्ष वार्तामा छ। तर, यसले फेरि पनि स्पष्ट रूपमा हिजबुल्लाहलाई निःशस्त्रीकरण गर्ने आफ्नो वाचा पूरा गर्न सकेको छैन र निकट भविष्यमा त्यसो गर्ने सम्भावना पनि छैन। उदीयमान वार्ताले सम्भवतः यो मुद्दालाई छिट्टै सम्बोधन गर्नेछ। अमेरिका-इरान सम्झौताको अगाडि रहेका कठिनाइ चानेचुने छैनन्।

ट्रम्पले विगत दुई महिनामा लगभग सबैलाई निराश पारेका छन्, पोप लियोदेखि इजरायलसम्म। उनले आफ्नो पहिलो प्रमुख युद्धबाट बाहिर निस्कन आवश्यक छ, जुन सम्झौता उनका (पूर्व) समर्थकले फेब्रुअरी २८ अघिको हामी बाँचिरहेको संसारभन्दा राम्रोसँग बेच्न सक्छन्।

ट्रम्पलाई दुइटा स्थायी प्रश्नले सताउनेछन्। के इरानसँगको कुनै ठुलो सम्झौता राष्ट्रपति बाराक ओबामाले २०१५ मा हस्ताक्षर गरेको र ट्रम्पले आफ्नो पहिलो कार्यकालमा तोडेको सम्झौताभन्दा राम्रो देखिन्छ ? यसलाई परिभाषित गर्न गाह्रो हुनेछ, इरानको आणविक पूर्वाधारमा ठुलो क्षति पुगेको छ र ट्रम्पले यसलाई समृद्ध सामग्री वा थप समृद्ध गर्ने माध्यमविना नै छाड्न खोजिरहेका छन्, त्यसैले त्यो पहुँचभित्र छ। दोस्रो भनेको धुलोबाट बाहिर निस्कने इरानको विशेषता हो, धेरै कमजोर, क्षतिग्रस्त, पूर्वाधार क्षतिको साथ जुन एक पुस्ताका लागि महसुस गर्न सकिन्छ। तर, यसको लचिलोपन स्वयं स्पष्ट छ र विगत एक वर्षको अनियमित युद्धले इरानलाई आफ्नो रक्षाका लागि बलियो माध्यमको आवश्यकता छैन भनेर सुझाव दिने कुनै पनि मध्यम आवाजलाई निर्णायक रूपमा मौन पारेको छ।

ट्रम्पले इरानको बम बनाउने माध्यमलाई कम गर्ने सम्झौता गर्न सक्छन्। तर, उनको रोजाइको पहिलो युद्धको अनपेक्षित परिणाम बाहिर आउन थालेका छन्। पहिलो कुरा त यो हो कि इरानका कट्टरपन्थीले निःसन्देह अहिले पहिलेभन्दा बढी बमको आवश्यकता महसुस गरिरहेका छन्।

- सिएनएनबाट

इतिहासमा आज

अप्रिल १९



● सन् २०११ : **क्युबाली नेता फिडेल क्यास्ट्रोले ४५ वर्षदेखि सम्हालिरहेको सत्तारुढ कम्युनिस्ट पार्टीको केन्द्रीय समितिको प्रथम सचिवबाट राजीनामा दिए।**

● **सन् १७७०** : ब्रिटिस समुद्री अन्वेषक क्याप्टेन जेम्स कुक पहिलोपटक अस्ट्रेलिया महादेश पुग्ने युरोपेली बने।

● **सन् १७७५** : बेलायती सेना र अमेरिकी क्रान्तिकारीबिच म्यासाचुसेट राज्यको कोनकोर्ड र लेक्जिङटनमा झडप भएसँगै अमेरिकी स्वतन्त्रता संग्राम सुरु भयो। यो युद्ध आठ वर्षपछि सन् १९८३ सेप्टेम्बर ३ मा पेरिसमा सम्झौतापछि टुंगिएको थियो।

● **सन् १९२७** : अभिनेत्री माई वेस्ट न्युयोर्कको एक नाटक अभिनयका क्रममा 'अश्लीलता फैलाएको र युवाहरूको नैतिकता भ्रष्ट बनाएको' आरोपमा दोषी ठहर। उनलाई १० दिनको जेलसजाय तथा पाँच सय डलर जरिवाना तिराइएको थियो।

● **सन् १९३२** : अमेरिकी राष्ट्रपति हर्बट हुबरले कामदारलाई सातामा पाँच दिन काम, दुई दिन बिदाको प्रस्ताव गरे।

● **सन् १९३३** : अमेरिकी राष्ट्रपति फ्र्याङ्कलिन डी रुजबेल्टले देशले सुन र मुद्राबिचको विनिमय परित्याग गर्ने घोषणा गरे।

● **सन् २०१८** : स्वाजिल्यान्डका राजा मस्वाती तृतीयले देशको नाम बदलेर इस्वातिनी राखे। इस्वातिनीको अर्थ 'स्वाती जातिको धर्ती' भन्ने हुन्छ।

● **सन् २०२१** : क्युबाको सत्तारुढ कम्युनिस्ट पार्टीले देशको सबैभन्दा शक्तिशाली पद पार्टीका प्रथम सचिव राहुल क्यास्ट्रोको स्थानमा मिगेल डियाज क्यानेललाई चयन गऱ्यो।

हाइड्रोजन प्रविधिलाई प्राथमिकता दिँदै चीन

बेइजिङ/ चीनले स्वच्छ र दिगो ऊर्जा विकास गर्न हाइड्रोजन प्रविधिलाई उच्च प्राथमिकता दिएको छ। देशको पहिलो मानवविहीन हाइड्रोजन-इलेक्ट्रिक हाइब्रिड खानी ट्रक इनर मंगोलियाको सेंगली कोइलाखानी सञ्चालनमा आएको छ। यो ट्रक हाइड्रोजन र ब्याट्रीले सञ्चालनमा आउँछ। ट्रकले देशमा वार्षिक एक हजार टन कार्बन उत्सर्जन घटाउन मद्दत गर्छ। यो प्रविधिले जाडो मौसममा समेत राम्रोसँग काम गर्ने क्षमता राख्छ। चीन सरकारले हाइड्रोजन ऊर्जा प्रवर्द्धन गर्न ठोस नीति अपनाउँदै सन् २०२१-२०३५ रणनीति ल्याएको छ। साथै, सन् २०३० सम्म हाइड्रोजन उद्योगलाई व्यवस्थित रूपमा विस्तार गर्ने योजना बनाइएको छ।

हालै पूर्वीचीनको यान्ताई सहरमा समुद्री हाइड्रोजन उत्पादन केन्द्र निर्माण सम्पन्न भएको छ, जसले भविष्यमा लामो दूरीका पानीजहाजका लागि हरित इन्धन आपूर्ति गर्न सक्छ। यस्तै, सांघाईलगायत सहरमा हाइड्रोजन बस, ट्याक्सी, ट्रक तथा अन्य सवारीसाधन परीक्षणका रूपमा सञ्चालन भइरहेका छन्। तर, हाइड्रोजन प्रविधिले अझै केही चुनौती सामना गरिरहेको छ। उच्च लागत, प्रविधिगत सीमा र पूर्वाधार अभावका कारण यसको व्यापक प्रयोगमा केही कठिनाइ देखिएको छ। हाल विश्वभर हरित हाइड्रोजन उत्पादन एक प्रतिशतभन्दा कम छ, जसले थप अनुसन्धान र लगानी आवश्यक रहेको देखाउँछ। देशभरि विभिन्न ठाउँमा हाइड्रोजन प्रविधिको प्रयोग बढिरहेको छ।

पाँच लाख आप्रवासीलाई वैधता दिने निर्णयले तरंगित स्पेन

स्पेन सरकारले एक आममाफी कार्यक्रमलाई अनुमोदन गरेको छ। योसँगै अब युरोपेली देश स्पेनमा गैरकानुनी रूपमा बसिरहेका झन्डै पाँच लाख कागजविहीन आप्रवासीले अब वैध हैसियतका लागि आवेदन दिन पाउनेछन्। स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेजको सरकारले यसै साता पारित गरेको आममाफी कार्यक्रमअन्तर्गत अप्रिल १६ देखि आवेदन दिने बाटो खुलेको हो। आममाफीपछि त्यहाँ गैरकानुनी ढंगले बसेका कागजविहीन आप्रवासीलाई बैध बाटो अपनाउन ढोका खुलेको छ।



योसँगै अन्य पश्चिमी देशले आप्रवासीविरोधी कानुन ल्याइरहँदा स्पेन भने अलग मार्ग लिएको देखिएको छ। तथापि, यस कदमको विपक्षी दलले विरोध गरेका छन्। साथै देशको निजामती कर्मचारीबाट पनि यसले काम थपिने र बढेको काम थेग्न कठिन हुने गुनासो गरेका छन्।

विपक्षीले सरकारको अनुमान गलत भएको र लगभग १० लाख आप्रवासीले यस योजनाका लागि आवेदन दिन सक्ने बताएका छन्। विपक्षी पिपुल्स पार्टी (पिपी) ले यो योजनालाई 'आक्रोश' भनेर वर्णन गरेको छ। पिपीले वैधानिकीकरणलाई रोक्न प्रयास गर्ने वाचा गरेको छ। पार्टीले सकारको कदमले अवैध आप्रवासीलाई पुरस्कृत गर्ने र थप आप्रवासीको प्रवाहलाई प्रोत्साहित गर्ने आरोप लगाएको छ।

सरकारको योजनाले कागजात नभएका आप्रवासीलाई एक वर्षको नवीकरणीय आवास अनुमति प्रदान गर्नेछ। योग्य हुनका लागि आवेदकले स्पेनमा पाँच महिना बसोवास गरिसकेको र कुनै आपराधिक रेकर्ड नभएको प्रमाणित गर्नुपर्छ। उनीहरूसँग आवेदन दिनको लागि १६ अप्रिलदेखि जुनको अन्तिमसम्म समयसीमा तोकिएको छ। यसविपरीत क्याथोलिक चर्चले सरकारको कानुनलाई समर्थन गरेको छ।

संसद्मा बहुमत नभएको सान्चेज सरकारले यो प्रावधान द्रुत गतिमा लागू गर्न संसद्लाई बाइपास गर्न अनुमति दिने अध्यादेश ल्याएको थियो। यसअघि सान्चेज सरकारले विधेयकमार्फत नै सांसदबाट आममाफी विधेयक अगाडि बढाउने प्रयास गरेको थियो। तथापि, त्यो विधेयक फेल भयो।

नयाँ व्यवस्थाअनुरूप निश्चित सर्त पूरा गरेका जुनसुकै आप्रवासीले एक वर्षदेखि अस्थायी बसोवास तथा काम गर्ने अनुमतिपत्रका लागि आवेदन दिन सक्नेछन्। आप्रवासनमन्त्री एल्मा साइजले आप्रवासीले बिहीबारदेखि अनलाइनमार्फत र अप्रिल २० देखि व्यक्तिगत रूपमै आवेदन दिन सक्ने बताइन्। आवेदन दिने समय जुन ३० मा बन्द हुनेछ।

आवेदन दिन आवश्यक सर्तमा आवेदक जनवरी १ भन्दाअघि नै स्पेनमा आइपुगेको हुनुपर्नेछ भने कम्तीमा पाँच महिनादेखि स्पेनमा निरन्तर बसिरहेको प्रमाणित पनि गर्नुपर्नेछ। त्यस्तै, आवेदकको कुनै आपराधिक रेकर्ड हुनुहुनेछैन। हाल अस्थायी बसोवासको अनुमति पाएकाले

> विपक्षीले सरकारको अनुमान गलत भएको र लगभग १० लाख आप्रवासीले यस योजनाका लागि आवेदन दिन सक्ने बताएका छन्। विपक्षी पिपुल्स पार्टी (पिपी)ले सरकारको कदमले अवैध आप्रवासीलाई पुरस्कृत गर्ने र थप आप्रवासीको प्रवाहलाई प्रोत्साहित गर्ने आरोप लगाएको छ।

एक वर्षपछि अन्य काम वा स्थायी बसोवास अनुमतिपत्रका लागि आवेदन दिन योग्य हुनेछन्।

जन्मदर घटेसँगै स्पेनको जनसंख्यामा वृद्धको हिस्सा बढेसँगै त्यहाँ विभिन्न जानसांख्यिक समस्या आउने देखिन्छ। तिनै समस्या कम गर्न आप्रवासनलाई खुकुलो बनाउन खोजिरहेका प्रधानमन्त्री सान्चेजले यस कदमलाई 'न्यायको कदम र आवश्यक' बताए।

तर, रुढिवादी विचार बोक्ने विपक्षी पिपुल्स पार्टीका नेता अल्बर्टो नेज फेइजोले भने आप्रवासीको बसाइ सहज बनाउने व्यवस्थालाई 'अमानवीय, अनुचित, सुरक्षाको हिसाबमा जोखिमपूर्ण र टिकाउन नसकिने' संज्ञा दिए। तर, सोही पार्टीले विगतमा (सन् २००० को दशकको सुरु) सत्तामा हुँदा आप्रवासीको दुई सामूहिक वैधानिकता दिएको इतिहास छ।

सरकारले नयाँ प्रावधानमा हाल लुकेर बसिरहेका पाँच लाख अवैध आप्रवासीले आवेदन दिन सक्ने अनुमान गरेको छ। विश्लेषकले यो संख्या अझ बढ्न सक्ने सुझाव दिएका छन्। उता मंगलबार नै अध्यागमन कर्मचारीको प्रतिनिधित्व गर्ने ट्रेड युनियनले भने हालको साधनस्रोतले सरकारको कार्यक्रम सञ्चालन गर्न कठिन भएको भन्दै स्रोत बढाउन आह्वान गऱ्यो।

स्पेनका धेरै युरोपेली छिमेकीले आप्रवासनमाथि नियन्त्रण कडा पार्दै गर्दा स्पेनको पछिल्लो योजना आएको हो। समाजवादी र पिपी दुवै सरकारले विगतमा आप्रवासी आममाफी लागू गरेका छन्। सबैभन्दा पछिल्लो २००५ मा भएको थियो, जतिबेला पाँच लाख ७७ मानिसले समाजवादी प्रशासनअन्तर्गत बसोवास प्राप्त गरेका थिए।

फन्कास थिंकट्यांकको अनुमान छ कि स्पेनमा लगभग आठ लाख ४० हजार कागजातविहीन आप्रवासी छन्, जसमध्ये धेरैजसो ल्याटिन अमेरिकी छन्।

'यसले धेरै मानिसलाई फाइदा पुऱ्याउनेछ, उनीहरूलाई काममा पहुँच दिनेछ र जीवनको गुणस्तर राम्रो बनाउनेछ,' बोलिभियाली ग्राफिक डिजाइनर रिकार्डोले भने। उनी आवेदन दिने योजनामा छन्। उनी अगाडि भन्छन्, 'सरकारी योजनाले स्पेनका लागि बढी पैसा र रोजगारदाताका लागि कानुनी रूपमा धेरै कामदार उपलब्ध हुनेछन्।'

■ सुस्त समृद्धि

सान्चेजले यो कदमलाई 'आवश्यकता' भन्दै 'नयाँ आप्रवासीको आगमनविना समृद्धि नै सुस्त हुने' चेतावनी दिए। 'आप्रवासीको गतिशीलताका कारण स्पेनको अर्थतन्त्र अहिले युरोपमा सबैभन्दा तीव्र वृद्धि हुने अर्थतन्त्र बनेको छ,' सान्चेजले भने।

करिब पाँच करोड जनसंख्या भएको स्पेनमा कम्तीमा एक करोड बासिन्दा देशबाहिर जन्मिएका अनुमान छ। स्पेनमा रहेका बाह्य बासिन्दामा कोलम्बिया, भेनेजुएला र मोरक्कोमा जन्मिएकाको ठुलो संख्या रहेको छ।

- अलजजिराबाट

मुख्यमन्त्री हुनुअघि सम्राटले दिएका थिए नेपालबारे विवादित अभिव्यक्ति

विहार/ गत अप्रिल १५ मा भारतको पूर्वीराज्य विहारका मुख्यमन्त्री बनेका सम्राट चौधरीले झन्डै साढे सात महिनाअघि नेपालबारे विवादास्पद टिप्पणी गरेका थिए। टिप्पणीका कारण उनलाई भारतीय जनता पार्टी (भाजपा)ले सचेतसमेत गराएको थियो। नेपालमा भदौ २३ र २४ को जेन जी आन्दोलनले भारतमा पनि धेरैको ध्यान तानेको थियो। आन्दोलन सकिएको भोलिपल्ट भदौ २५ (सेप्टेम्बर १०) का दिन नेपालबारे सम्राटको टिप्पणी थियो, 'अराजकता हुनुको कारण तत्कालीन कंग्रेस सरकार (भारतीय कंग्रेस) ले नेपाललाई हिन्दुस्तानबाट अलग राख्नु हो। नेपाल आज भारतको अंग हुन्थ्यो भने त्यहाँ शान्ति कायम हुन्थ्यो। खुसियाली पनि हुन्थ्यो।' भारतका नाम चलेका युट्युब च्यानलमा अझै सम्राटको यो भनाइ हेर्न र सुन्न सकिन्छ।

उनी त्यतिमै रोकिँदैनन्। अझ पाकिस्तानको कुरा पनि जोड्छन्। उनी अगाडि भन्छन्, 'यदि पाकिस्तान भारतको हिस्सा हुन्थ्यो भने ऊ पनि भारतसँगसँगै समृद्ध हुन्थ्यो। म त स्पष्ट भनिरहेको छु। यो कंग्रेसको भूल हो, जसको कारणले हामीले यो भेल्लुपरिरहेको छ।'



■ नेपालबारे यस्तो थियो सम्राटको टिप्पणी

कंग्रेसले केही देशलाई अलग राख्यो। नेपाल यदि आज भारतको अंग हुन्थ्यो भने त्यहाँ शान्ति पनि हुन्थ्यो। नेपालमा खुसियाली पनि हुन्थ्यो। हेर्नुहोस् मानिसमा असन्तुष्टि हुन्छ, तर अराजकता हुन भएन। म भन्छु कि यदि आज ऊ (नेपाल) भारतको अंग हुन्थ्यो भने आज नेपाल पनि समृद्ध हुन्थ्यो। म त स्पष्ट भनिरहेको छु। यो कंग्रेसको भुल हो, जसका कारण हामीले यो भेल्लुपरिरहेको छ। अराजकता हुनुको कारण तत्कालीन कंग्रेस सरकारले तिनलाई हिन्दुस्तानबाट अलग राख्नु हो।

■ भाजपाको कडा निर्देशन

सम्राटको विवादास्पद टिप्पणी मिडियामा आएपछि भाजपाले केन्द्रबाट आफ्ना नेता, कार्यकर्ता र सामाजिक सञ्जाल प्रयोगकर्तालाई नेपालबारे कुनै टिप्पणी नगर्न कडा निर्देशन दिएको थियो। निर्देशन विशेषतः पार्टीका मन्त्री, सांसद र विभिन्न पदमा रहेका सदस्यलाई विशेषतः लागू हुने भाजपा स्रोतलाई उद्धृत गर्दै टाइम्स अफ इन्डियाले त्यतिबेला लेखेको थियो। नेपालमा तीव्र रूपम विकसित घटनाबिच दिइने टिप्पणीले नेपाल-भारत सम्बन्धमा असर गर्न सक्ने भन्दै निर्देशन दिइएको त्यतिबेला भाजपाले बताएको थियो। विहारमा झन्डै दुई दशक शासन गरेका जनता दल युनाइटेड (जेडियू)का प्रमुख नीतीश कुमारको बहिर्गमनपछि सम्राट अहिले मुख्यमन्त्री बनेका छन्। पद सम्हालेसँगै उनले विहारमा भाजपाको पहिलो मुख्यमन्त्रीको रेकर्डसमेत बनाए। हिन्दीभाषीको बाहुल्य रहेको राज्यमा जेडियूले मुख्यमन्त्री पाउँदा विहारमा भने बनाउन सकेको थिएन।

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार ६ वैशाख ०८३

बागमतीको बजेट खर्च सुस्त

नौ महिनामा विकास खर्च २३ प्रतिशत मात्र



मकवानपुरमा **पोष्टराज अधिकारी**

बागमती प्रदेश सरकारले चालू आर्थिक वर्ष ०८२/८३ को नौ महिनामा विकास खर्च न्यून देखिएको छ। प्रदेशको विकाससँग प्रत्यक्ष सम्बन्धित पुँजीगत खर्चका लागि चालू आवमा ४० अर्ब ८३ करोड ५३ लाख छुट्याइएको छ। सो पुँजीगत बजेटमध्ये नौ महिनामा नौ अर्ब ४२ करोड ३२ लाख मात्रै खर्च भएको छ, जुन कुल बजेटको २३.०९ प्रतिशत मात्रै हो। आव सकिन तीन महिना बाँकी हुँदा सरकार ३१ अर्ब ४१ करोडभन्दा बढी विकास बजेट खर्च गर्नुपर्ने दबाबमा परेको छ।

प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको तथ्यांकअनुसार चैत मसान्तसम्म कुल बजेटको २८.७१ प्रतिशत मात्र खर्च गरेको छ। प्रदेश सरकारले चालू आर्थिक वर्षका लागि ६७ अर्ब ४७ करोड ३३ लाख ७० हजार रुपैयाँ बजेट विनियोजन गरेको थियो। तर, चैत मसान्तसम्म १९ अर्ब ३७ करोड १७ लाख खर्च भएको छ। आर्थिक वर्ष सकिन तीन महिना बाँकी रहँदा सरकारले अझै ४८ अर्ब १० करोड १५ लाख ८९ हजार रुपैयाँ खर्च गर्नुपर्ने अवस्था देखिएको छ।

विकासकेन्द्रित मन्त्रालयकै खर्च कमजोर

बागमती सरकारका विकासकेन्द्रित मन्त्रालयहरूको खर्च गर्ने क्षमता कमजोर देखिएको छ। प्रदेश सरकारको कुल विनियोजित बजेटको करिब ४० प्रतिशत हिस्सा पाएको भौतिक पूर्वाधार विकास मन्त्रालयले नौ महिनामा ३० प्रतिशत मात्र बजेट खर्च गरेको छ। २१ अर्ब १४ करोड पुँजीगत बजेट रहेको उक्त मन्त्रालयले हालसम्म ६ अर्ब ३७ करोड मात्र खर्च गरेको हो। आगामी तीन महिनामा मन्त्रालयले १४ अर्बभन्दा बढी विकास खर्च गर्नुपर्ने भएको छ।

बजेटको हिस्सा अनुसार दोस्रो ठुलो मन्त्रालय खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयले नौ अर्ब ७२ करोड पुँजीगत बजेट पाएकोमा हालसम्म दुई अर्ब ४४ करोड मात्रै खर्च गरेको छ, जुन २५.१३ प्रतिशत हो। त्यस्तै, कृषि तथा पशुपक्षी विकास मन्त्रालयले दुई अर्ब १३ करोड रुपैयाँ पुँजीगत बजेटमध्ये ४१ करोड (१९.६३ प्रतिशत) मात्र खर्च गरेको छ। स्वास्थ्य मन्त्रालयले तीन अर्ब ४१ करोड पुँजीगत बजेटमा ८७ करोड (२५.५५ प्रतिशत), वन तथा वातावरण मन्त्रालयले दुई अर्ब १२ करोड पुँजीगत बजेटमा ४४ करोड (२१.०५ प्रतिशत) खर्च गरेको छ। प्रदेशका १४ मन्त्रालयमध्ये श्रम, रोजगार तथा यातायात मन्त्रालयले सबैभन्दा बढी ४४.७१ प्रतिशत बजेट खर्च गरेको छ। त्यस्तै, आर्थिक मामिला तथा योजना मन्त्रालयले ३०.१२ प्रतिशत, सामाजिक विकास मन्त्रालयले ३०.०५ प्रतिशत, वन तथा वातावरण मन्त्रालयले ३५.१२ प्रतिशत बजेट खर्च गरेका छन्। उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयले २६.४४ प्रतिशत, भौतिक पूर्वाधार विकास मन्त्रालयले ३०.२५ प्रतिशत र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले २१.३० प्रतिशत बजेट खर्च गरेको देखिएको छ।

सबैभन्दा कमजोर कार्यसम्पादन भने युवा तथा खेलकुद मन्त्रालयको देखिएको छ। उक्त मन्त्रालयले चैत मसान्तसम्म १४.१२ प्रतिशत मात्र बजेट खर्च गरेको छ। त्यस्तै खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयले २६.४३ प्रतिशत, स्वास्थ्य मन्त्रालयले २४.१२ प्रतिशत, संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयले २५.३१ प्रतिशत तथा कृषि तथा पशुपक्षी विकास मन्त्रालयले २१.०३ प्रतिशत बजेट कार्यान्वयनमा ल्याएका छन्।

राजस्व संकलन पनि औसत, लक्ष्य भेट्टाउन चुनौती

बागमती प्रदेश सरकारको चालू आव ०८२/८३ को नौ महिनासम्म राजस्व संकलन औसत देखिएको छ। आर्थिक मामिला तथा योजना मन्त्रालयका अनुसार प्रदेश सरकारले लक्ष्यको ४१.४० प्रतिशत मात्र राजस्व संकलन गरेको छ। चालू आवमा कुल ६७ अर्ब ४७ करोड ३३ लाख ७० हजार राजस्व संकलन गर्ने बागमतीको लक्ष्य छ। तर, चैत मसान्तसम्म २७ अर्ब ९३ करोड मात्रै राजस्व संकलन भएको छ।

प्रदेशको आम्दानीमा मूल्य अभिवृद्धि कर (भ्याट) र सवारीसाधन कर मुख्य स्रोत बनेका छन्। मूल्य अभिवृद्धि करतर्फ आठ अर्ब ६७ करोड लक्ष्य राखिएकोमा पाँच अर्ब ६३ करोड रुपैयाँ (६४.८६ प्रतिशत) संकलन भएको छ। त्यस्तै, सवारीसाधन करतर्फ पाँच अर्ब २५ करोड रुपैयाँ लक्ष्यमा तीन अर्ब ६ करोड रुपैयाँ (६१.४० प्रतिशत) राजस्व उठेको छ।

घरजग्गा रजिस्ट्रेसन दस्तुरबाट तीन अर्ब ४२ करोड रुपैयाँ (४५.८० प्रतिशत) तथा अन्तःशुल्कबाट दुई अर्ब २९ करोड रुपैयाँ (४९.३२ प्रतिशत) राजस्व संकलन भएको छ। यी शीर्षकमा प्राप्त हुने राजस्व संघीय सरकारसँगको बाँडफाँटबाट आउने गरेको छ। प्रदेशको आन्तरिक स्रोततर्फ मनोरञ्जन कर संकलनमा केही वृद्धि देखिएको छ। आन्तरिक आयतर्फ ६६ लाख रुपैयाँ लक्ष्य राखिएकोमा ६० लाख ५५ हजार रुपैयाँ (९२.०४ प्रतिशत) संकलन भइसकेको छ।

त्यस्तै, पर्यटन शुल्कबाट ६३.०२ प्रतिशत, वन पैदावार (काठ-दाउरा) बिक्रीबाट एक करोड ९९ लाख रुपैयाँ संकलन भएको छ। सवारीचालक अनुमतिपत्र तथा नवीकरण (ब्लुबुक) दस्तुरबाट एक अर्ब ८६ करोड रुपैयाँ (७५.४० प्रतिशत) राजस्व उठेको छ। संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानतर्फ आठ अर्ब ३५ करोड रुपैयाँ लक्ष्य राखिएकोमा पाँच अर्ब ८३ करोड रुपैयाँ (७०.४५ प्रतिशत) प्राप्त भएको छ। तर ससर्त, विशेष तथा समपूरक अनुदानतर्फको प्राप्ति भने लक्ष्यअनुसार हुन सकेको छैन। विशेष गरी, पुँजीगततर्फको ससर्त र समपूरक अनुदान चैत मसान्तसम्म करिब १५ प्रतिशत मात्र प्राप्त भएको देखिएको छ।

यस्तै, गत वर्षको नगद मौज्दात र बेरुजु असुलीबाट १६ अर्ब ९८ करोड रुपैयाँ प्राप्त हुने अनुमान गरिएको भए पनि चैत मसान्तसम्म एक अर्ब २१ करोड रुपैयाँ (०.७१ प्रतिशत) मात्र प्रगति भएको छ।

कारबाहीमा पर्दै हिमालयन रिका सञ्चालक र व्यवस्थापक

सम्पत्ति शुद्धीकरणमा मुछिएका दीपक भट्टको अनियमिततामा सहयोग गरेपछि निलम्बन गर्ने चेतावनीसहित प्राधिकरणले सोध्यो स्पष्टीकरण

मिलन विश्वकर्मा/नयाँ पत्रिका

विवादास्पद व्यवसायी दीपक भट्टको अनियमिततामा सहयोग र कम्पनीको रकम दुरुपयोग गरेको भन्दै नेपाल बिमा प्राधिकरणले हिमालयन रि-इन्स्योरेन्सका सञ्चालक समिति र उच्च व्यवस्थापकलाई निलम्बनको चेतावनीसहित स्पष्टीकरण सोधेको छ। प्राधिकरणले गत मंगलबार सञ्चालक समितिका सदस्य र उच्च व्यवस्थापन तहका कर्मचारीलाई सात दिनको समय दिएर स्पष्टीकरण सोधेको हो।

उनीहरूले पेस गर्ने जवाफका आधारमा उचित निर्णय लिने तयारीमा प्राधिकरण रहेको छ। उनीहरूले जवाफ पेस गरेपछि प्राधिकरण सञ्चालक समितिले अध्ययन गरेर सम्भवतः निलम्बनको निर्णय लिने स्रोतको भनाइ छ। प्राधिकरणका निर्देशक साम्भराज लामिछानेले हिमालयन रिका सञ्चालक र व्यवस्थापकलाई सातदिने स्पष्टीकरण सोधेको जानकारी दिए। जवाफ प्राप्त भएपछि बोर्डले यसबारे उचित निर्णय गर्ने उनको भनाइ छ।

व्यवस्थापनतर्फ प्रमुख कार्यकारी अधिकृत (सिइओ) उपास्ना पौडेल, नायब प्रमुख कार्यकारी अधिकृत (डिसिइओ) मुकेशकुमार कपुर तथा कार्यकारी निर्देशकहरू मनीष कुमार, शिशिर गैरे र सन्तोष केसीलाई स्पष्टीकरण सोधिएको छ।

यसैगरी, सञ्चालक समिति सदस्यहरू अमित मोर, राजीव मोर, शुभेच्छा खरेल र सुवास झुनझुनवालालाई पनि स्पष्टीकरण सोधिएको छ। दुई साताअघि सञ्चालक समितिबाट बाहिरिएको साहिल अग्रवाल र रोहित गुप्तालाई पनि स्पष्टीकरण सोधिएको प्राधिकरण स्रोतको भनाइ छ। प्राधिकरणको कारबाहीको डरमा उनीहरूले स्पष्टीकरण नसोध्दै राजीनामा दिएका थिए। उनीहरूको ठाउँमा दीपेन्द्रकुमार मिश्र र पृथ्वीराज थापालाई नियुक्ति गरिएको छ। त्यस्तै, कम्पनीको अध्यक्षमा उदयकुमार निरौला चयन गरिएको छ। हिल्टनको पुनर्बिमा दाबी प्रकरणमा समेत अनुसन्धानमा पर्ने देखिए कम्पनीका अध्यक्ष शेखर गोल्छाले पनि गत ८ चैतमा राजीनामा दिएका थिए।

प्राधिकरणले सम्पत्ति शुद्धीकरण निवारण विभागको पत्रका आधारमा गरेको अनुसन्धानमा हिमालयन रिका आधारभूत सेयरधनी दीपक भट्टले कम्पनीको रकम दुरुपयोग गरेको देखिएको छ। त्यसमा कम्पनीका सञ्चालक र उच्च व्यवस्थापनले सहयोग गरेको देखिएको छ। कम्पनीको लगानीमा भएको सेयर बिक्री गरेर पनि लामो समयसम्म भुक्तानी लिन ताकेता नगरेको र सो रकम भट्टले प्रयोग गरेको देखिएको छ। यस्ता अनियमिततामा सहयोग गरेको भन्दै प्राधिकरणले निलम्बन गर्ने चेतावनीसहित सञ्चालक र व्यवस्थापकलाई स्पष्टीकरण सोधेको छ।

व्यवसायी भट्टलाई भने यसअघि नै सम्पत्ति शुद्धीकरणको कसुरमा कारबाही गर्न सम्पत्ति शुद्धीकरण विभागमा सिफारिस गरिएको थियो। सोही सिफारिसलगायतका आधारमा दीपक भट्ट सम्पत्ति शुद्धीकरणको मुद्दामा अनुसन्धानका लागि हिरासतमा छन्। यससँगै जोडिएको मुद्दामा सञ्चालक समितिका पूर्वसदस्य साहिल अग्रवाल भने फरार छन्।

हिमालयन रि हिल्टन होटेलको पुनर्बिमा दाबीको घोटालामा पनि विवादमा छ। हिल्टनको बिमा गरेको दी ओरियन्टल इन्स्योरेन्सले प्राधिकरणको निर्देशनविपरीत हुलदंगा तथा आतंकवाद जोखिमको पुनर्बिमा हिमालयन रिमा गरेको थियो। तर, जेन-जी आन्दोलनमा ध्वस्त भएको हिल्टनको दाबी परेपछि त्यसको पुनर्बिमा दाबी भने सरकारी स्वामित्वको नेपाल रिमा गरिएको थियो। यस सम्बन्धमा प्राधिकरणले हिमालयन रिलगायतका कम्पनीलाई कारबाही गरिसकेको छ। यही विवादबिच कम्पनीका अध्यक्ष शेखर गोल्छाले पनि राजीनामा दिएका थिए।

मुख्यतः विवादास्पद व्यवसायी भट्टलाई सहयोग गरेको आरोपमा उनीहरूलाई स्पष्टीकरण सोधिएको हो। भट्ट हिमालयन रि-इन्स्योरेन्स कम्पनीका आधारभूत सेयरधनी हुन्। हिमालयन रिमा भट्टको इन्फिनिटी होल्डिङ्सको ४.५० प्रतिशत सेयर हिस्सा अर्थात् ४६ लाख ८० हजार कित्ता सेयर छ।

गत २८ फागुनमा विभागले भट्टले हिमालयन रि-इन्स्योरेन्सलगायतका बिमा कम्पनीको रकम अनिमियता वा आर्थिक दुरुपयोग गरे-नगरेको सम्बन्धमा छानबिन गरी राय प्रतिक्रियासहितको प्रतिवेदन सात दिनभित्र पेस गर्न प्राधिकरणलाई अनुरोध गरेको थियो।

भट्टले बिमा क्षेत्रको तीन अर्ब ८१ करोड ४६ लाख चार हजार रुपैयाँबराबरको रकम दुरुपयोग गरेको विभागको आशंका छ। भट्टले दोस्रो बजारबाट नेपाल रि-इन्स्योरेन्सलगायतका कम्पनीको सेयर किन्न विभिन्न मितिमा हिमालयन रिबाट दुई अर्ब ७३ करोड ३३ लाख १५ हजार, हिमालयन रिकै सहायक कम्पनी हिमालयन सेक्युरिटीजबाट २२ करोड १९ लाख ७१ हजार, नेपाल लाइफको सहायक कम्पनीबाट ३७ करोड, एचएलआई लार्ज क्याप फन्डबाट २५ करोड १४ लाख ८४ हजार र नेपाल माइक्रो इन्स्योरेन्सबाट १६ करोड १७ लाख ५२ हजार गरेर कुल तीन अर्ब ८१ करोड ४६ लाख चार हजार रुपैयाँ दुरुपयोग गरी भृकुटी स्टक ब्रोकिङ कम्पनी (ब्रोकर नम्बर ५५) बाट सेयर खरिद गरी भुक्तानी गरेको देखिएको छ। त्यस सम्बन्धमा छानबिन गरेर राय प्रतिक्रियासहितको प्रतिवेदन विभागमा पठाउन भनी प्राधिकरणलाई पत्र पठाइएको थियो।

प्राधिकरणले यसबारे छानबिन गरेर कारबाहीको सिफारिससहित प्रतिवेदन विभागलाई बुझाएको थियो। प्राधिकरणको छानबिनमा भट्टले अनियमितता गरेको देखिएको थियो। त्यसमा सहयोग गर्ने कर्मचारी र सञ्चालकलाई भने नियामकीय कारबाही गर्न लागिएको हो।

'छानबिनका क्रममा उहाँ (दीपक भट्ट)ले अनियमितता गरेको देखियो। त्यसपछि उहाँलाई आवश्यक कारबाही गर्न सिफारिस गर्दै सम्पत्ति शुद्धीकरण विभागमा प्रतिवेदन बुझाएका थियौं,' स्रोतले भन्यो, 'त्यसमा सहयोग गर्ने सञ्चालक तथा कर्मचारीलाई भने नियामकीय कारबाही गर्न लागेका हौं।'

छानबिनका क्रममा हिमालयन रि-इन्स्योरेन्स कम्पनीले आफ्नो लगानीको विभिन्न सेयर बिक्री गरेको देखिन्छ। तर, सेयर बिक्रीबापत कम्पनीले पाउनुपर्ने भुक्तानी ब्रोकरबाट प्राप्ति भएको देखिन्न। त्यो भुक्तानी प्राप्तिका लागि कम्पनीबाट पनि ताकेता भएको देखिएन। कम्पनीले पाउनुपर्ने त्यो रकम भट्टले प्रयोग गरेको देखिएको छ। 'हिमालयन रि पब्लिक कम्पनी हो। पब्लिक कम्पनीको पैसा यसरी दुरुपयोग गर्न पाइँदैन,' स्रोतले भन्यो, 'त्यसैले सञ्चालक र कर्मचारीलाई नियामकीय कारबाही गर्न लागेका हौं।'

हिमालयन रि
HIMALAYAN RE

स्पष्टीकरण सोधिएका सञ्चालक
- अमित मोर
- राजीव मोर
- शुभेच्छा खरेल
- सुवास झुनझुनवाला
- साहिल अग्रवाल (राजीनामा)
- रोहित गुप्ता (राजीनामा)

स्पष्टीकरण सोधिएका व्यवस्थापक
- उपास्ना पौडेल (सिइओ)
- मुकेशकुमार कपुर (डिसिइओ)
- मनीष कुमार (कार्यकारी निर्देशक)
- शिशिर गैरे (कार्यकारी निर्देशक)
- सन्तोष केसी (कार्यकारी निर्देशक)

GREEN DRIVE
GLOBAL AUTO LOAN
INTEREST RATE STARTING FROM
6.07% p.a.
T & C apply
Global IME Bank
GLOBAL CONNECT
Call Us: +977-1-5970600
globalconnect@gibl.com.np

बुढीगण्डकी बनाउन उच्चस्तरीय छलफल

काठमाडौं/ १२ सय मेगावाटको बुढीगण्डकी जलविद्युत् आयोजनाको निर्माण सुरु गर्ने सम्बन्धमा सम्बन्धित मन्त्रालय तथा निकायका प्रतिनिधिबिच छलफल भएको छ। सभामुख डोलप्रसाद (डिपी) अर्यालसहित भएको छलफलमा अर्थमन्त्री स्वर्णिम वाग्ले, ऊर्जामन्त्री विराजभक्त श्रेष्ठ, भौतिक पूर्वाधार तथा यातायातमन्त्री सुनील लम्साल, गृहमन्त्री सुधन गुरुङ तथा सांसदहरू कविन्द्र बुर्लाकोटी, बोधनारायण श्रेष्ठ, आशिका तमाङ, शोभा खनाल र एलिजा गुरुङको सहभागिता थियो।

त्यसैगरी, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. गुणाकर भट्ट, विद्युत् नियमन आयोगका अध्यक्ष रामप्रसाद धिताल तथा नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यको पनि उपस्थिति रहेको थियो।

बैठकमा बुढीगण्डकी जलविद्युत् कम्पनी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत अरुण रजौरियाले आयोजनाको वर्तमान अवस्था र आवश्यकताबारे प्रस्तुतीकरण गरेका थिए। छलफलपछि सभामुख अर्यालले आयोजनालाई तीव्र गतिमा अघि बढाउन आवश्यक कानुन निर्माण तथा संशोधन गर्ने बताउँदै कार्यान्वयनलाई फास्ट ट्र्याकमा लैजानुपर्ने बताए।

लगानी अभावमा बन्द हुँदै जुम्लाका उद्योग

आफैंले लगानी जुटाउन पनि नसक्ने, सरकारी अनुदान पनि प्राप्त गर्न नसकेपछि उद्योग खारेजीको संख्या बढ्दै गएको छ



जुम्लामा **मानदत्त रावल**

स्वदेशमै स्वरोजगार बन्ने उद्देश्यका साथ सिँजा गाउँपालिका- ४ का बिर्ख बुढाले ८ मंसिर ०७७ मा उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय जुम्लामा ऋतु पशुपक्षी उद्योग दर्ता गरी सञ्चालनमा ल्याए। तर, केही समय सञ्चालन गरे पनि लगानी अभावका कारण उनले ०८२ चैत अन्तिम साता उद्योग खारेजी गरेका छन्। यस्तै, चन्दननाथ नगरपालिका- ५, कालेखोलीका दलबहादुर सुनारले मेटल वर्कसप उद्योग ४ भदौ ०६५ मा दर्ता गरेर सञ्चालन गर्दै आएका थिए। पछिल्लो समय व्यवसाय पनि नहुने र लगानी गर्न पनि नसकेपछि उद्योग बन्द गर्नुपरेको उनले बताए।

बुढा र सुनारले जस्तै जुम्लाका धेरै उद्योगीले लगानी जुटाउन नसक्दा उद्योग बन्द गरेका छन्। एकातिर आफैंले लगानी जुटाउन नसक्ने र अर्कातिर सरकारको अनुदान पनि प्राप्त गर्न नसकेपछि उद्योग खारेजीको संख्या बढ्दै गएको हो। उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय जुम्लाको तथ्यांकअनुसार ०८२ चैतसम्म आठ सय ३२ उद्योग खारेज भइसकेका छन्। अझै सयौं उद्योग खारेजीको प्रक्रियामा रहेको कार्यालयको भनाइ छ।

उत्पादनमूलक उद्योगतर्फ जुम्लामा हालसम्म पाँच हजार तीन सय ८९ वटा उद्योग दर्ता रहेकामा आठ सय ३२ खारेज भइसकेको कार्यालयका प्रमुख मन्दिरनाथ योगीले बताए। 'जुम्लामा निर्वाहमुखी, नाफामुखी, व्यावसायिक र उत्पादनमुखी, अनुदानमुखी उद्योग बढी छन्,' उनले भने, 'अनुदान लिन उद्योग दर्ता गर्ने र अनुदान सकिएसँगै उद्योग बन्द गर्ने प्रवृत्तिले उत्पादन र रोजगारीमा सुधार आउन सकेको छैन।'

त्यसैगरी, कारोबार नै नगरेका, उत्पादन प्रशोधनको कामसमेत ठप्प गरेका, तर कानुनी रूपमा खारेज नगरी बन्द अवस्थामा रहेका एक हजार पाँच सय ३५ उद्योग छन्। आव ०८०/८१ मा ८१ वटा उत्पादनमुखी उद्योग खारेज भएका थिए। अहिलेसम्म आठ सय ३२ साना उद्योग खारेज भएका छन्। उत्पादनमूलक तथा वाणिज्यतर्फ गरी जुम्लामा कुल सात हजार ६ सय ८२ वटा उद्योग दर्ता रहेका छन्। उद्योग उत्पादनतर्फ चार हजार चार सय १७ र वाणिज्य उद्योगतर्फ तीन हजार दुई सय ६५ उद्योग दर्ता छन्।

उत्पादनमुखी उद्योग दर्ता भएका चार हजार चार सय १७ उद्योगमध्ये तीन हजार ६९ उद्योग सञ्चालन हुँदा एक हजार तीन सय ४८ उद्योग बन्द भएका छन्। त्यस्तै, वाणिज्य उद्योगतर्फ दर्ता भएका तीन हजार दुई सय ६५ उद्योगमध्ये तीन हजार ७८ उद्योग सञ्चालनमा छन् भने एक सय ८७ वटा उद्योग बन्द भएका छन्। चालू आवमा पनि आठ सय ३२ उत्पादनमुखी उद्योग खारेज भएपछि जुम्लामा उत्पादन भए पनि प्रशोधन अवस्था कमजोर देखिएको छ।

संघीयता कार्यान्वयनको सुरुवातमा हचुवाका भरमा नेता, सांसद र मन्त्रीका नजिककाले सहजै अनुदान पाउने भएपछि धमाधम उद्योग दर्ता गरेका थिए। वास्तविक उद्यमीभन्दा नक्कली उद्यमीले बढी अनुदान पाएको गुनासो बढेपछि अनुदान वितरणमा कडाइ गर्दा उद्योग खारेजी तथा बन्द हुने क्रम बढेको प्रमुख योगीको भनाइ छ। कृषि विकास कार्यालय, पशुसेवा कार्यालय, राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, डिभिजन वन कार्यालय, उद्योग तथा उपभोक्ता हित कार्यालयलगायतबाट दिइने अनुदानलाई कडाइ गरिएको छ। उद्यमी नारायणी चौलागाईंले अनुदान वितरण पारदर्शी नहुँदा वास्तविक उद्यमी संकटमा परेको बताइन्।

घट्यो वैदेशिक रोजगारीमा जाने नयाँ कामदारको संख्या


नयाँ पत्रिका

मध्यपूर्वमा जारी तनावका कारण नयाँ श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा जाने नेपाली कामदारको संख्यामा कमी आएको छ। वैदेशिक रोजगार विभागले तयार गरेको चालू आर्थिक वर्ष ०८२/८३ को चैत मसान्तसम्मको तथ्यांकले यस्तो देखाएको हो।

१६ फागुनमा अमेरिका र इजरायल मिलेर इरानमा हमला गरेपछि इरानले जवाफस्वरूप विभिन्न खाडी मुलुकमा आक्रमण सुरु गरेको थियो। यो युद्ध अझै साम्य हुन सकेको छैन। जसले गर्दा नेपाल सरकारले खाडी मुलुकका लागि दिने सबै प्रकृतिको श्रम स्वीकृति स्थगित गरेको थियो। तर, यसबिचमा ५ चैत र १ वैशाख मा गरेर खाडी मुलुकका लागि पुनः श्रम स्वीकृति (नवीकरण) भने खुला गरिएको छ। तर, नयाँ श्रम स्वीकृति अझै पनि स्थगित गरिएकै अवस्था छ। त्यसले गर्दा नेपालबाट नयाँ श्रम स्वीकृति लिएर बाहिरिने कामदारको संख्यामा गिरावट आएको देखिएको छ।

वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार चैतमा २० हजार पाँच सय ४५ वटा नयाँ श्रम स्वीकृति जारी भएको छ। यो चालू आवको अघिल्ला महिनाको तुलनामा सबैभन्दा कम हो। चालू आवको नौ महिनामा दुई लाख ९४ हजार ८१ जनाले वैदेशिक रोजगारीका लागि नयाँ अनुमति लिएका छन्। त्यसमा साउनमा ४४ हजार चार सय ६६, भदौमा ४५ हजार सात सय ३२ र असोजमा ३३ हजार दुई सय ६१ जनाले नयाँ अनुमति लिएको तथ्यांकमा उल्लेख छ।

यसैगरी, कात्तिकमा २२ हजार पाँच सय १४, मंसिरमा २९ हजार ६ सय १८, पुसमा ३१ हजार सात सय ५०, माघमा ३७ हजार आठ सय १२ र फागुनमा २८ हजार तीन सय ८३ जनाले नयाँ श्रम स्वीकृति लिएका छन्। तर, चैतमा भने २० हजार पाँच सय ४५ जनाले मात्रै श्रम स्वीकृति लिएका छन्। चैतमा वैदेशिक रोजगारको श्रम स्वीकृति लिने कामदारको कुल संख्या भने ६१ हजार आठ सय १९ रहेको छ।



वैदेशिक रोजगारीमा खाडी मुलुक जाने कामदारको हिस्सा धेरै हुने गर्छ। इरान युद्धका कारण खाडी मुलुकका लागि नयाँ श्रम स्वीकृति दिन स्थगित गरेपछि नेपालबाट बाहिरिने कामदारको संख्या प्रभावित भएको हो। समीक्षा महिनामा युएई, कतार, साउदी अरब, ओमान, टर्की, जोर्डन, कुवेतजस्ता खाडी मुलुकमा नयाँ श्रम स्वीकृति शून्य छ। तर, बिदामा नेपाल आएका कामदारले श्रम अनुमति नवीकरण गरेर गएका भने छन्।

युएईका लागि ११ हजार चार सय ६४, कतारका लागि आठ हजार पाँच सय ९५, साउदी अरबका लागि आठ हजार नौ सय २०, ओमानका लागि तीन सय ७६, जोर्डनका लागि १८, कुवेतका लागि एक, टर्कीका लागि ३४ जनाले पुनः श्रम स्वीकृति (नवीकरण) लिएको तथ्यांकमा देखिन्छ। चालू आवको नौ महिनामा कुल दुई लाख ९४ हजार ८१ जना नेपालीले पहिलोपटक श्रम स्वीकृति लिएर विदेश गएका छन्। जुन अघिल्लो आवको यसै अवधिको तुलनामा भने बढी हो। गत आवको यसै अवधिमा दुई लाख ४९ हजार ६ सय ५२ जनाले श्रम स्वीकृति लिएका थिए।

नौ महिनामा बाहिरिए पाँच लाख ८७ हजार

चालू आवको नौ महिनामा भने नयाँ र पुनः गरेर कुल पाँच लाख ८७ हजार तीन सय ४० जना नेपाली वैदेशिक रोजगारमा गएका छन्। यो गत आवको यसै अवधिको तुलनामा कम हो। गत आवको यसै अवधिमा ६ लाख सात हजार आठ सय ७४ जना वैदेशिक रोजगारमा गएका थिए। चालू आवको साउनमा ६८ हजार एक सय १०, भदौमा ६७ हजार नौ सय ७२, असोजमा ६४ हजार ६ सय ३४ र कात्तिकमा ७३ हजार ९४ जना वैदेशिक रोजगारीमा गएका थिए। यसैगरी, मंसिरमा ६५ हजार सात सय पाँच, पुसमा ६२ हजार पाँच सय ५९, माघमा ७० हजार पाँच सय तीन, फागुनमा ५२ हजार नौ सय ४४ र चैतमा ६१ हजार आठ सय १९ जना वैदेशिक रोजगारीमा गएका छन्। विभागले दिएको श्रम स्वीकृतिका आधारमा यस्तो तथ्यांक देखिएको हो।

भिसाप्राप्त ७,८८८ कामदारलाई तत्काल श्रम स्वीकृति दिन माग

काठमाडौं/ मध्यपूर्वका देशहरूमा चर्किएको द्वन्द्वका कारण ती मुलुकहरूमा नयाँ श्रम स्वीकृति रोकिएपछि अन्तिम चरणमा पुगेका हजारौं नेपाली कामदार अलपत्र परेका छन्। यही सन्दर्भमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष भुवन गुरुङले भिसा प्राप्त गरिसकेका सात हजार आठ सय ८८ कामदारलाई तत्काल अन्तिम श्रम स्वीकृति दिन सरकारसँग माग गरेका छन्। सबै प्रक्रिया पूरा गरेर भिसासमेत प्राप्त गरिसकेका कामदारलाई रोकेर राख्नु अन्यायपूर्ण भएको उनको भनाइ छ। 'यो देश र पीडितलाई प्रत्यक्ष रूपमा आर्थिक क्षति निम्त्याउने निर्णय हो। सात हजार आठ सय ८८ जना कामदार उड्न तयार छन्, उनीहरूलाई तत्काल अन्तिम श्रम स्वीकृति दिनुपर्छ,' उनले भने, 'पहिला भिसा आएका उडेपछि नयाँ डिमान्डको स्वतः खुल्ने वातावरण बन्छ।' रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिवसँग भएको छलफलमा यसै हप्ता ती कामदारलाई अन्तिम स्वीकृति दिने विषयमा सकारात्मक संकेत प्राप्त भएको उनले जानकारी दिए।

यसैबिच, तथ्यांकले वैदेशिक रोजगारीप्रतिको निर्भरता अझै घट्न नसकेको देखाउँछ। वैदेशिक रोजगार विभागका अनुसार ०८२ को चैत महिनामा मात्रै ६१ हजार आठ सय १९ नेपाली वैदेशिक रोजगारीमा गएका छन्। तीमध्ये ठुलो हिस्सा पुनः श्रम स्वीकृतिमार्फत बिदेसिएका छन्, जसले विदेशमा काम गर्नेहरूको चक्र निरन्तर चलिरहेको देखाउँछ। विश्लेषकका अनुसार वैदेशिक रोजगारी अहिले पनि नेपाली अर्थतन्त्रको मेरुदण्डकै रूपमा रहेको छ। वार्षिक करिब १७ खर्ब रुपैयाँभन्दा बढी रेमिट्यान्स औपचारिक माध्यमबाट भित्रिने गरेको छ, जसले देशको विदेशी मुद्रा सञ्चिति, उपभोग र समग्र अर्थतन्त्र धानिरहेको छ। व्यवसायीहरू भन्छन्, 'यसकै हाराहारीमा रकम अनौपचारिक माध्यमबाट समेत भित्रिने गरेको अनुमान छ।'

यस्तो अवस्थामा नीतिगत अस्थिरता वा अनपेक्षित रोकावटले रेमिट्यान्स प्रवाहमा असर पार्ने जोखिम रहेको गुरुङको भनाइ छ। 'देश चलाउने मुख्य आधारमध्ये एक यही क्षेत्र हो,' उनले भने, 'कामदार रोकिने हो भने त्यसको असर सिधै रेमिट्यान्समा पर्छ, जुन अर्थतन्त्रका लागि गम्भीर विषय हो।' उनका अनुसार अहिले रोकिएका धेरै कामदारले ऋण लिएर, सम्पत्ति धितो राखेर विदेश जाने प्रक्रिया पूरा गरेका छन्। भिसाको समय सकिन लागेका केसहरू बढ्दै जाँदा तत्काल निर्णय नभए ठुलो आर्थिक क्षति हुन सक्ने उनले बताए।

गुरुङले समाधानका रूपमा स्पष्ट रोडम्याप प्रस्ताव गरेका छन्, 'पहिले भिसा प्राप्त सात हजार आठ सय ८८ कामदारलाई तुरुन्त उड्न दिने, त्यसपछि जोखिम मूल्यांकन गर्दै नयाँ श्रम स्वीकृति क्रमशः खोल्ने। यो नै व्यावहारिक र सन्तुलित उपाय हो।'

समग्रमा चैत महिनाको उच्च श्रम बहिर्गमन, अर्थतन्त्रमा रेमिट्यान्सको गहिरो निर्भरता र अहिलेको नीतिगत अन्योल, यी तीनै पक्षले वैदेशिक रोजगारी क्षेत्रलाई संवेदनशील मोडमा पुऱ्याएको छ।

कोइला अभाव र किलमा समस्या हुँदा हेटौंडा सिमेन्ट उद्योग पुनः बन्द

१३ चैतदेखि क्लिंकर उत्पादन सुरु गरेको उद्योग करिब २० दिन सञ्चालनपछि बिहीबारदेखि बन्द

मकवानपुरमा **पोष्टराज अधिकारी**



कोइला अभाव र उत्पादन मेसिन 'किल'मा प्राविधिक समस्या देखिएपछि हेटौंडा सिमेन्ट उद्योग पुनः बन्द भएको छ। चैत १३ गतेदेखि क्लिंकर उत्पादन सुरु गरेको उद्योग करिब २० दिन सञ्चालनपछि बिहीबार बिहानदेखि बन्द भएको हो। यसअघि चालू आर्थिक वर्षमा गत भदौ १९ देखि २४ गतेसम्म जम्मा पाँच दिन मात्रै उद्योग सञ्चालनमा आएको थियो।

उद्योगका सहायक प्रबन्ध निर्देशक भक्तिराम श्रेष्ठका अनुसार क्लिंकर उत्पादन गर्ने मुख्य मेसिन किलभित्र तापक्रम नियन्त्रणका लागि प्रयोग हुने इँटा खसेपछि तत्काल उत्पादन रोक्नुपरेको हो। 'किलभित्रको इँटा खसेपछि मेसिन चलाउन जोखिम हुने भएकाले बन्द गरिएको हो,' उनले भने, 'किल अत्यधिक तापक्रममा रहने भएकाले चिसिन समय लाग्छ। इँटा फेरेपछि मात्रै उत्पादन पुनः सुरु गर्न सकिन्छ।'

उनका अनुसार किल मर्मतका लागि कम्तीमा एक हप्तादेखि १० दिनसम्म समय लाग्ने अनुमान गरिएको छ। उद्योग बन्द हुनुमा कोइलाको अभाव पनि प्रमुख कारण बनेको छ। उद्योग सञ्चालनका लागि आवश्यक पर्ने कच्चा पदार्थ कोइला सकिँदै जाँदा उत्पादन निरन्तरता दिन कठिन भएको उद्योग प्रशासनले जनाएको छ। चैत १३ गतेदेखि सञ्चालन गर्दा मौज्दात रहेको कोइला र थप खरिद गरिएको करिब तीन हजार टन कोइलाबाट उद्योग झन्डै २० दिनसम्म सञ्चालन भएको थियो।

'अहिले उद्योगमा कोइला छैन,' श्रेष्ठले भने, 'करिब ६ हजार पाँच सय मेट्रिकटन कोइला खरिद प्रक्रियामा छ। कोइला आपूर्ति भएपछि उद्योग फेरि केही दिन सञ्चालन गर्न सकिन्छ।' उनका अनुसार कोइला आपूर्ति सम्झौताको चरणमै रहेकाले समयमै आपूर्ति हुन नसक्दा उद्योग बन्द गर्नुपर्ने अवस्था आएको हो। कोइला आउने अपेक्षामा उद्योग सञ्चालन गरिएको भए पनि मौज्दात सकिएपछि उत्पादन रोक्नुपरेको उनले बताए।

उद्योगले पछिल्लो २० दिनको अवधिमा करिब एक लाख क्विन्टल क्लिंकर उत्पादन गरेको जनाएको छ। उत्पादित क्लिंकरबाट सिमेन्ट उत्पादन तथा प्याकिङको काम भने अझै बाँकी रहेको छ।

उद्योग प्रशासनका अनुसार कोइला आपूर्ति सहज भएपछि र किल मर्मतकार्य सम्पन्न भएपछि उद्योग पुनः सञ्चालनमा ल्याइनेछ। 'मेसिनलाई पनि केही समय विश्राम आवश्यक पर्ने भएकाले अहिले बन्द गरिएको हो,' श्रेष्ठले भने, 'सबै प्रक्रिया पूरा भएपछि एक हप्तादेखि १० दिनभित्र उद्योग पुनः सञ्चालन गर्ने योजना छ।'

उद्योग धेरै समय बन्द र कहिलेकाहीं मात्रै सञ्चालन हुने अवस्थाले उद्योगको उत्पादन र आर्थिक व्यवस्थापनमा असर परिरहेको छ। दीर्घकालीन रूपमा कोइला आपूर्ति व्यवस्थापन र प्राविधिक मर्मतलाई व्यवस्थित नगरे उद्योग सञ्चालन चुनौतीपूर्ण हुने देखिएको सहायक प्रबन्ध निर्देशक श्रेष्ठको भनाइ छ।

सुर्खेतमा नबिल निःशुल्क जलन शिविरमा १९४ जनाको उपचार



काठमाडौं/ सुर्खेतस्थित प्रदेश अस्पतालमा सञ्चालित 'नबिल निःशुल्क जलन उपचार शिविर'मार्फत एक सय ९४ जनाले उपचार तथा परामर्श सेवा लिएका छन्। प्रादेशिक अस्पताल सुर्खेत र नबिलको संयुक्त आयोजना तथा फेक्ट नेपालको प्राविधिक सहयोगमा गत २७ चैतदेखि तीन दिनसम्म शिविर आयोजना गरिएको थियो।

शिविरमा आएका ३९ जना बिरामीको वरिष्ठ चिकित्सकद्वारा शल्यक्रिया गरिएको बैंकले जनाएको छ। जटिल किसिमका एकजना बिरामीलाई काठमाडौंको कीर्तिपुर अस्पतालमा रिफर गरिएको जनाइएको छ। शिविरमा लामो समयदेखि उचित उपचार तथा शल्यक्रियाको पर्खाइमा रहेका र आर्थिक अवस्था कमजोर भएका बिरामीले निःशुल्क उपचार पाएका थिए।

'नेपालमा जलनसम्बन्धी घटनाका पीडितले अझै पनि उचित उपचार नपाएर बस्नुपर्ने अवस्था रहेकामा नबिल बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत कर्णाली प्रदेशका दुर्गम क्षेत्रमा रहेका जलनपीडितलाई लक्षित गरी शिविर आयोजना गरेको हो,' नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत मनोजकुमार ज्ञवालीले भने। उनले आगामी दिनमा लुम्बिनी र मधेश प्रदेशमा पनि यस प्रकारका शिविर आयोजना गर्ने जानकारी दिए। फेक्ट नेपालको कीर्तिपुर अस्पतालका वरिष्ठ प्लास्टिक सर्जन डा. शंकरमान राईसहितका विशेषज्ञ चिकित्सकको टोलीले कर्णाली प्रदेशका जलनका बिरामीलक्षित शिविरमा शल्यक्रिया गरेका हुन्।

जलन उपचार शिविर सञ्चालन गर्नुअघि कर्णाली प्रदेशका विभिन्न जिल्लाका १६ स्थानमा स्क्रिनिङ क्याम्प राखिएको थियो। स्क्रिनिङ क्याम्पमा फेक्ट नेपालका स्वास्थ्यकर्मीले स्थानीय तहमै पुगेर प्रारम्भिक बिरामीको विवरण लिएका थिए। बैंकले यसअघि सुदूरपश्चिममा निःशुल्क जलन शिविर सञ्चालन गरेको थियो। गत फागुन १२ देखि १४ गतेसम्म धनगढीमा सञ्चालन भएको उक्त शिविरमार्फत ६५ जना जलनका बिरामीले निःशुल्क उपचार पाएका थिए।

ग्यालेक्सी ए-५७ र ए-३७ सार्वजनिक, दुई वर्षसम्मको किस्ताबन्दी सुविधा



काठमाडौं/ सामसङ नेपालले आफ्नो नयाँ ए सिरिज ग्यालेक्सी ए-५७ फाइभजी र र ए-३७ फाइभजी सार्वजनिक गरेको छ। यी स्मार्टफोनमा आकर्षक डिजाइन, स्मार्ट क्यामरा प्रणाली र उन्नत सफ्टवेयर टुल समावेश गरिएको बताइएको छ। कम्पनीले १२ महिनाको किस्ताबन्दीलाई अब २४ महिनासम्म थपेको छ। यसले प्रिमियम प्रविधिलाई अझ सजिलो र पहुँचयोग्य बनाउने कम्पनीको दाबी छ। यो सुविधा सामसङ इन्स्टा फाइनान्स सेवाअन्तर्गत हुलास फिनसर्भ हायर पर्चेजमार्फत हुने बताइएको छ।

ए सिरिजमा नवीनतम प्रविधि प्रयोग गरिएको छ, जसमा इन्ह्यान्स्ड असम इन्टेलिजेन्स रहेको छ। यसले स्मार्ट अन्तर्क्रिया, प्रोडक्टिभिटी र कन्टेन्ट सिर्जनालाई सजिलै बनाउने कम्पनीको भनाइ छ। क्यामरा, डिस्प्ले र सुरक्षा क्षेत्रमा सुधारसहित यी मोडेलले दैनिक प्रयोगका लागि भरपर्दो प्रदर्शन दिने जनाइएको छ।

यी स्मार्टफोनमा सामसङको उन्नत 'असम इन्टेलिजेन्स' उपलब्ध छ। भ्वाइस ट्रान्सक्रिप्सनले रेकर्डिङ, कल र भ्वाइस मेललाई टेक्समा रूपान्तरण गर्ने सुविधा छ। त्यसैगरी, एआई सेलेक्टले स्क्रिनमा देखिएका वस्तु सजिलै चयन र प्रयोग गर्न सहयोग गर्ने बताइएको छ। साथै, अब्जेक्ट इरेजर, फिल्टर, एडिट सजेसनजस्ता क्रिएटिभ टुल्सले तस्बिर सम्पादनलाई सजिलो बनाउने कम्पनीको भनाइ छ।

कम्पनीका अनुसार दुवै डिभाइसमा ५० मेगापिक्सेलसहितको ट्रिपल क्यामरा सेटअप छ, जसले विभिन्न अवस्थामा स्पष्ट तस्बिर खिच्न मद्दत गर्नेछ। साथै, अपग्रेड गरिएको सिपियू, जिपियू र एनपियूले स्मुथ मल्टिटास्किङ, स्ट्रिमिङ र कन्टेन्ट क्रिएसनलाई सहयोग गर्नेछ। यसमा रहेको ५००० एमएएच ब्याट्रीका कारण फोन दुई दिनसम्म प्रयोग गर्न सकिनेछ। यस्तै, दुवै डिभाइस आइपी-६८ सहित पानी र धुलोप्रतिरोधी पनि रहेको बताइएको छ।

ए-५७ मोडेल १२/२५६ को मूल्य ८९ हजार ९९९ र ८/२५६ को ८४ हजार ९९९ तोकिएको छ। यस्तै, ए-३७ को १२/२५६ जिबीको मूल्य ७९ हजार ९९९, ८/२५६ को ७२ हजार ९९९ र ८/१२८ को ६४ हजार ९९९ रुपैयाँ पर्नेछ।

आमाघर आश्रमलाई एनआइसी एसिया बैंकको वाटर प्युरिफायर सहयोग



काठमाडौं/ एनआइसी एसिया बैंकले मनहरी- ८, मकवानपुरस्थित आमाघर सेवा आश्रममा आरओ वाटर प्युरिफायर जडान गरेको छ। बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत आश्रममा रहेका व्यक्तिलाई स्वच्छ खानेपानी उपलब्ध गराउने उद्देश्यसहित वाटर प्युरिफायर जडान गरेको हो। बैंकका सर्कल हेड नारायणगढका रामकृष्ण काफ्लेले आश्रमका संरक्षक विजयराज सिग्देललाई एक कार्यक्रमबिच आरओ वाटर प्युरिफायर हस्तान्तरण गरेका छन्।

बैंकले उपलब्ध गराएको यस सहयोगले आश्रममा आश्रित व्यक्तिलाई स्वच्छ खानेपानीको सुविधा हुनुका साथै उनीहरूको स्वास्थ्य तथा आश्रम बसाइमा अझ सहजता हुने बैंकले विश्वास लिएको छ।

रैथाने खाना प्रवर्द्धन कार्यक्रम, सेफहरू सम्मानित



काठमाडौं/ रैथाने खानाको प्रवर्द्धन गर्ने उद्देश्यसहित 'रैथाने खाना प्रवर्द्धन तथा सञ्चारकर्मीसँग प्राकृतिक भोजन कार्यक्रम' आयोजना गरिएको छ। कार्यक्रम ग्लोरी मिडिया तथा न्युजलाइन्स मिडियाको संयुक्त आयोजनामा शनिबार ककनीमा सम्पन्न भएको हो। कार्यक्रममा सोल्टी ग्रुपका कर्पोरेट एक्जुकेटिभ सेफ युवराज पोखेल, वरिष्ठ सेफ मोहन गजुरेल, नेपाल सेफ एसोसिएसनका निवर्तमान अध्यक्ष रेशम लामा तथा प्रवासी सेफ सुवास थापालाई 'पाककला गौरव सम्मान' प्रदान गरिएको थियो। साथै, विभिन्न क्षेत्रमा योगदान गर्नेहरूलाई कदरपत्रसमेत प्रदान गरिएको थियो।

ग्लोरी मिडियाका अध्यक्ष सरोज ओझाले रैथाने खानालाई विश्वस्तरमा चिनाउने आवश्यकता रहेको बताए। न्युजलाइन्स मिडियाका अध्यक्ष राजु भट्टको संयोजनमा सम्पन्न कार्यक्रममा वरिष्ठ सेफ मोहन गजुरेलले रैथाने खानाका विभिन्न परिकारको आकर्षक प्रदर्शनीसमेत गरे।

'यामाहा ब्लु फेस्ट'मा मगरले जिते पाँच लाख



काठमाडौं/ यामाहा ब्लु फेस्टअन्तर्गत 'ब्लु कोड नयाँ वर्ष योजना'अन्तर्गत विजेता घोषणा गरिएको छ। यामाहाको आधिकारिक वितरक एमएडब्लू राइड्स प्रालिले भूकुटीमण्डपमा सञ्चालन गरेको यो योजनामा उमेश थापामगरले पाँच लाख नगद जितेका छन्। उनले एक्सचेन्ज सेगमेन्टअन्तर्गत रेजेडआर-१२५ फाई हाइब्रिड सवारीसाधन खरिद गरेका थिए।

कम्पनीका अनुसार कार्यक्रम सुरु भएयता ब्लु फेस्टमा मोटरसाइकल पारखी, परिवार तथा खरिदकर्ताको उल्लेखनीय सहभागिता रह्यो। आगन्तुकले यामाहाका उन्नत हाई-टेक मोटरसाइकल र स्कुटर अवलोकन गर्दै उत्साहपूर्ण र रमाइलो वातावरणको आनन्द लिए।

अन्य विजेतामा नवीना शर्मा, अरविन्द गुप्ता र आवास चौधरी रहेका छन्। उनीहरूले क्रमशः एक लाख, ५५ हजार र ५० हजार रुपैयाँ प्राप्त गरेका छन्। यसका साथै अन्य धेरै ग्राहकले पनि आकर्षक पुरस्कार जितेको कम्पनीले जनाएको छ। खरिदकर्ताले पाँच लाखसम्म क्यासब्याक, अधिकतम ४० महिनासम्मको सहज इएमआई सुविधा तथा अन द स्पट फाइनान्सिङ सेवाको लाभ लिएका छन्। यसले खरिद प्रक्रियालाई सहज र सुविधाजनक बनाएको कम्पनीले जनाएको छ।

प्रभु बैंक र मर्केन्टाइलबिच छुट सम्झौता



काठमाडौं/ प्रभु बैंक र नेपालमा एसर ल्यापटप र एप्सन प्रिन्टर आधिकारिक विक्रेता मर्केन्टाइल अफिस सिस्टम प्रालिबिच छुटसम्बन्धी सम्झौता भएको छ। सम्झौतापत्रमा बैंकका मार्केटिङ म्यानेजर सबिनशमशेर जबरा राणा र मर्कन्टाइलका कार्यकारी निर्देशक सुरज क्षेत्रीले हस्ताक्षर गरेका हुन्।

यससँगै बैंकका कर्मचारीले एसर ल्यापटप र एप्सन प्रिन्टर समान खरिदमा १८ प्रतिशतसम्म छुट पाउनेछन्। साथै, ग्राहकले एसर ल्यापटपलगायत एप्सन प्रिन्टरमा अधिकतम १५ प्रतिशतसम्म छुट पाउनेछन्। त्यसैगरी, क्रेडिटकार्ड प्रयोगकर्ताले भने इन्स्टा-पेबाट किस्ताबन्धी सुविधा पनि पाउने सम्झौतापत्रमा उल्लेख गरिएको छ। बैंकले देशभर फैलिएका तीन सय १२ शाखा सञ्चालन, दुई ८५ एटिएम र ६८ एक्सटेन्सन काउन्टरमार्फत वित्तीय सेवा दिँदै आइरहेको छ।

माछापुच्छ्रेले नेपाल पेको पेमेन्ट इनेबल गर्ने



काठमाडौं/ माछापुच्छ्रे बैंक लिमिटेड र एनसिएचएलबिच इएफटी कार्ड स्विचमार्फत नेपाल पे कार्डको पेमेन्ट इनेबल गर्न सम्झौता भएको छ। एक औपचारिक कार्यक्रममा माछापुच्छ्रे बैंकको प्रमुख डिजिटल बैंकिङ अधिकृत माधव सुवेदी तथा एनसिएचएलका प्रमुख कार्यकारी अधिकृत नीलेशमानसिंह प्रधानद्वारा सम्झौतापत्रमा हस्ताक्षर गरी उक्त सम्झौतापत्र आदान-प्रदान गरेका हुन्।

एनसिएचएलको इएफटी स्विच नेसनल कार्ड स्विचसँग इन्टिग्रेट भइसकेको र उक्त सम्झौतापश्चात् माछापुच्छ्रे बैंकले आफ्ना ग्राहकका लागि नेपाल पे कार्ड जारी गर्न सक्नेछ। साथै, डिस्कभर नेटवर्कअन्तर्गतका अन्तर्राष्ट्रिय कार्डहरू र पे कार्डसमेत अक्वायर गरी नेपाल पे कार्डका कारोबार प्रोसेस गर्न सक्नेछन्। पहिलो चरणमा बैंकले आफ्नो एक सय ९९ भन्दा बढी एटिएम र तीन हजारभन्दा बढी पिओएस टर्मिनमार्फत नेपाल पे कार्डको अक्वायरिङका लागि इनेबल गर्नेछ भने क्रमिक रूपमा उक्त कार्ड आफ्ना ग्राहकलाई जारीसमेत गर्नेछ।

एनसिएचएलले हालै नेपाल पे कार्डको व्यावसायिक रोलआउट सुरु गरिसकेको छ भने अन्तर्राष्ट्रिय पार्टनर डिस्कभर नेटवर्कमार्फत नेपाल पे कार्ड विश्वव्यापी रूपमा प्रयोग गर्न सकिने भएको छ। नेसनल पेमेन्ट स्विचअन्तर्गत नेपाल पे सञ्चालनमा आएसँगै बैंक तथा वित्तीय संस्था, भुक्तानी सेवाप्रदायक र भुक्तानी प्रणाली सञ्चालकले जारी गर्ने नेपाल पे कार्ड नेपाल तथा विदेशमा रहेका एटिएम र पिओएस टर्मिनलमा समेत प्रयोग गर्न सकिने भएको छ। साथै, अन्तर्राष्ट्रिय डिस्कभर कार्ड तथा डिस्कभर पार्टनर कार्ड पनि नेपालमा प्रयोग गर्न सकिने भएको छ।

एनसिएचएलको इएफटी सर्भिसेसमार्फत हाल १० वटा सदस्य बैंक वित्तीय संस्थाहरूले विभिन्न अन्तर्राष्ट्रिय कार्ड स्किम प्रोसेस गर्दै आइरहेका छन्। बैंकका देशभर एक सय ६५ वटा शाखा, १२ विस्तारित काउन्टर, ८८ शाखारहित बैंकिङ सेवा तथा एक सय ९९ एटिएम टर्मिनल सञ्चालनमा रहेका छन्।

दिक्तेलमा खुल्यो 'रैथाने कृषि मार्ट'

कृषि पेसालाई संरक्षण तथा प्रवर्द्धन गर्दै कृषकको उत्पादनलाई विश्व बजारसम्म पुऱ्याउने उद्देश्य

खोटाङमा **केदार लाफा**



सालपा कृषि कम्पनी प्रालि खोटाङले दिक्तेल बजारको किराँतचोकमा 'रैथाने कृषि मार्ट' सञ्चालनमा ल्याएको छ। स्थानीय कृषकलाई जैविक एवं प्रांगारिक खेती प्रणालीसँग सम्बन्धित आवश्यक बिउ, प्रविधि, सिप तथा औजारमार्फत कृषकको उत्पादनदेखि विश्व बजारसम्मको पहुँच स्थापनामा सहजीकरण गर्ने उद्देश्यसहित सालपा कृषि कम्पनीले दिक्तेल बजारमा कृषि मार्ट सञ्चालनमा ल्याएको हो।

कृषकको उत्पादनले बजारसम्मको पहुँच पाउन नसक्दा कृषि पेसाप्रति नै वितृष्णा पैदा हुँदै गएकाले त्यसलाई संरक्षण तथा प्रवर्द्धन गर्न सालपा कृषि कम्पनी स्थापना गरेर कृषि मार्ट सञ्चालन गरिएको कम्पनीका अध्यक्ष ध्रुव श्रेष्ठले जानकारी दिएका छन्। 'देशमा युवा जनशक्तिको पलायन, जनसंख्या वृद्धिदरमा कमी र बसाइँसराइका कारण खेतबारी बाँझिने क्रम बढ्दो छ। जिल्ला आयातित खाद्यान्नमा निर्भर हुँदै गएको छ,' उनले भने, 'जिल्लामा प्रांगारिक खेती प्रणाली तथा रैथाने प्रजातिका बालीनालीहरू क्रमिक रूपमा लोप हुँदै गएका छन्। खुला तथा प्रतिस्पर्धात्मक बजार प्रणाली तथा स्थानीय कृषकलाई राज्यबाट प्रदान गरिनुपर्ने उचित संरक्षण अभावका कारण उनीहरू बाहिरी बजारसँग प्रतिस्पर्धा गर्न सक्ने अवस्थामा छैनन्। कृषकको जीविकोपार्जनमा सहयोग पुऱ्याउँदै उनीहरूले उत्पादन गरेका कृषिउपज विश्व बजारसम्म पुऱ्याउने लक्ष्यका साथ सालपा कृषि कम्पनीको स्थापना भएको हो।'

दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाका नगरप्रमुख तीर्थराज भट्टराई र उपप्रमुख विसन राईले बुधबार संयुक्त रूपमा उद्घाटन गरेको कृषि मार्टमा लेकाली सिमी, कालो दाल, सेतो ड्वांगे दाल, लेकाली मकै, भटमास, सातु, कागुनो, नफलेको (ब्राउन) स्थानीय अटेमार्सी चामल, फलेको अटेमार्सी चामल, मकैको च्यांख्ला, ज्वाँ कोदोको पिठो, फापरको पिठो, कालो गहत, खैरो गहत, गुन्द्रुक, पिँडालुको सिप्टा र भुजुरी, जौ, आलुको मस्यौरा, रावाखोलाको असला माछाको सुकुटी, तिल, बदाम, सुकेको अकबरे खुर्सानी, सुकेको जिरे खुर्सानी, बेसार, स्थानीय तोरीको तेल, उसिनेको लेकाली मकै, घिउ, मेहेलको सर्वत, सखर, जुनेलोलगायतका कृषिउपज बिक्रीका लागि राखिएको छ। बिउबिजनमा भटमासहरू, ज्वाँ कोदो, लेकाली सिमी, मकै, जौ, कागुनो, जुनेलो, गहतहरू, दालहरू, मुला, गाँजर, गोलभेँडा, प्याज, लसुन, धनियाँ, रायो सागलगायत रहेको कम्पनीका व्यवस्थापक देवकुमार राईले जानकारी दिएका छन्।

कृषि मार्टमा विभिन्न प्रकारका आधुनिक कृषि सामग्री तथा औजारसमेत रहेको जनाइएको छ। हजारी, स्प्रे मेसिन, प्रांगारिक मलहरू, भिटामिन, प्लास्टिक टनेल, फेन्सिङ जाली, हर्मेटिक ब्याग, साइलेज ब्याग, च्याउको प्लास्टिक, गार्डेनिङ पाइप आदि आवश्यकीय कृषि सामग्री तथा औजारहरू बिक्रीका लागि राखिएको कम्पनीले जनाएको छ। कृषिजन्य सामग्री उत्पादन, प्रवर्द्धन र बजारीकरणका लागि रैथाने तथा गुणस्तरीय बिउबिजन, मल, सिप औजार र प्रविधिसम्बन्धी किसानसँग सहकार्य गरेर दिगो कृषि विकासका लागि विभिन्न कार्यक्रम तथा योजना सञ्चालन गर्ने लक्ष्य राखिएको कम्पनीले जनाएको छ।

जिल्लाका विभिन्न ठाउँमा बसोवास गर्दै आएका १५ जना व्यक्तिको सेयर लगानीमा स्थापना गरिएको कृषि कम्पनीले सरकारी तथा गैरसरकारी कार्यालय, सहकारी संस्था, किसान समूह, बैंक तथा वित्तीय संस्था र उद्देश्य मिल्ने अन्य व्यवसायीसँग साझेदारी र सहकार्य गर्ने, वातावरणमैत्री प्रविधि, जैविक खेती र दिगो कृषि अभ्यासलाई प्रवर्द्धन गर्ने उद्देश्य लिएको छ।

यस्तै, स्थानीय प्रविधिको नवप्रवर्तन, अध्ययन, अनुसन्धान र प्रयोगमार्फत उत्पादन प्रणालीमा सुधार गर्ने, कृषि फार्म, कृषि पर्यटन, कृषि उद्योग, कृषिउपज बिक्री केन्द्र र तालिम तथा प्रशिक्षण सञ्चालन गर्ने, पशुपालन, पशुजन्य उत्पादन तथा प्रशोधन, प्याकेजिङ र बजारीकरण गर्ने कम्पनीले जनाएको छ।

कृषि कम्पनीले कृषि प्राविधिक परिचालन गरी जिल्लाभरिका विभिन्न कृषक समूहमार्फत रैथाने बाली खेती प्रणालीको सम्भावनाको खोजी, खेतबारीदेखि बिउ भण्डारण, समर्थन मूल्य निर्धारण, ग्रेडिङ तथा प्याकेजिङ, गुणस्तर प्रत्याभूति आदि आवश्यक सिप तथा प्रविधि हस्तान्तरण गर्ने जनाएको छ। जिल्लामा उत्पादित सम्पूर्ण कृषिउपज आवश्यक प्रक्रिया पूरा गरी ब्रान्डिङमार्फत बजारसम्म पुऱ्याउने र आउटलेटका निकट भविष्यमा नै काठमाडौंमा बिक्री केन्द्र सञ्चालन गर्ने तयारी गरेको छ।

द.नं.: ३३/०५७/०५८ "आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नतिका लागि सहकारिताको भावनालाई जगाऔं।" स्था.ले.नं.: ३००३२८८८०

बालकुमारी बचत तथा ऋण सहकारी संस्था लि.

शंखधरचौक, मध्यपुर थिमि-४, भक्तपुर,फोन नं.: ९७७-०१-५०२३३२३, ५०२३४५५

ईमेल : basic@mail.com.np, वेबसाइट: www.balkumarisaccos.com

यस संस्थामा धितो सुरक्षणमा रहेको अचल सम्पत्ति (घर/जग्गा) लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने सूचना

दोस्रो पटक प्रकाशित मिति २०८३।०७।०६

यस सहकारी संस्थामा सुरक्षण बापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलका ऋणी सदस्यले बिभिन्न मितिमा बिभिन्न कर्जा शिर्षक अन्तर्गत लिनु भएको कर्जाको साँवा ब्याज तथा ढिलो बुझाए बापत लाग्ने हर्जना नतिरि नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरू उल्लंघन गर्नु भएकोमा यस संस्थाबाट सो कर्जा, त्यसको ब्याज र हर्जाना चुक्ता भुक्तानी गर्न पटक-पटक लिखित तथा मौखिक तरिकाले गरी पटक पटक राष्ट्रिय दैनिक पत्रिकामा ऋणीलाई कर्जा तिर्न बुझाउन आउने बारे ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत कर्जा तिर्न बुझाउन कुनै कदम नचाल्नु भएको तथा संस्थाको सम्पर्कमा समेत नआउनु भएको हुँदा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस संस्थाको सम्पूर्ण लेना दिएको रकम बुझाउन आउनु हुन कर्जाको ऋणी तथा धन जमानी समेतलाई अनुरोध गरिएको छ। उपरोक्त अनुसारको मितिमा समेत सो सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्न नआउनु भएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, बागमती प्रदेश सहकारी ऐन २०७६ र बागमती प्रदेश सहकारी नियमावली २०७६ ले तोके बमोजिमको कार्यविधि अवलम्बन गरी सो कर्जा लिँदा संस्थालाई धितो लेखिदिएको घर/जग्गा लिलाम बिक्री गरी सहकारी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा यसै सार्वजनिक सूचनाबाट जानकारी गराईन्छ। यदि सो कर्जा उपरोक्त अनुसारको मितिमा चुक्ता भुक्तानी नगरेमा १६ औं दिन तथा सो दिन विदा परे कार्यालय खुलेको पहिलो दिन लिलाम डाक बढावढाबाट सो घर/जग्गा बिक्री गरी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गरिने र ऋणीको धितो लिलाम बिक्री गर्दा समेत संस्थाले लेना रकमको साँवा ब्याज र हर्जाना संस्थालाई नबुझाए वा अपुग भएमा ऋणीको अन्य सम्पत्ति तथा ऋणीका एकाघरका परिवारका सदस्यको नाममा रहेका/भएका चल अचल सम्पत्तिबाट असुल उपर गरिने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ। यसै सूचनालाई आधारमानी सो घर जग्गा लिलाम बढावढाबाट खरिद गरी लिने इच्छुक सर्वसाधारण/संस्थालाई समेत यो सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिल

क्र.सं.	ऋणीको बिबरण	फोटो	धित्तो विवरण
१	कर्जा नं.:००१८२००११०४, ००१८२००११०७ नाम : ध्रुवराज न्यौपाने बाजे : गोबिन्द प्रसाद न्यौपाने बाबु : भैरव प्रसाद भन्ने अम्बरनाथ न्यौपाने ठेगाना: सा. दधिकोट गाविस वडा नं. ६, भक्तपुर, हाल सु.न.पा. ४, दधिकोट, भक्तपुर।		भक्तपुर जिल्ला सावित्रक दधिकोट गा. बि. स. वडा नं. ६(क) हाल सुर्यविनायक न.पा. वडा नं. ४ अन्तरगतको कि.नं. १४९३ को क्षेत्रफल ०-६-१-० को जग्गा र सो जग्गामा बनेको घर समेत तथा भक्तपुर जिल्ला सावित्रक दधिकोट गा.वि.स. वडा नं. ६(क) हाल सुर्यविनायक न.पा वडा नं. ४ अन्तरगतको कि.नं. १४९२ को ०-२-३-० जग्गा।
	जमानीकर्ताको नाम : सन्तोष राज न्यौपाने, बाजे : भैरव प्रसाद भन्ने अम्बरनाथ न्यौपाने, बाबु : ध्रुवराज न्यौपाने जमानीकर्ताको नाम : संगिता ढुंगेल (न्यौपाने), ससुरा : ध्रुवराज न्यौपाने, पति : सन्तोष राज न्यौपाने		

१) धितो लिलाम बढावढमा अन्तिम पटक सबैभन्दा बढी कबोल गर्ने व्यक्तिले आफूले कबुल गरेको अंकको १०% प्रतिशतले हुने रकम धरौटी बापत तुरुन्त लिलाम बढावढ गरेकै बखतमा यस संस्थामा जम्मा गर्नु पर्नेछ। तर सूचनामा उल्लेख गरिएका ऋणीका घर/जग्गा पन्चकृत मूल्यको आधारमा लिलाम बिक्री गरिनेछ।

२) लिलाम बढावढमा भाग लिने व्यक्ति/संस्थाले स्वीकृत पत्र पाएको मितिले ७ दिन भित्र बाँकी रकम बुझाई नामसारी गर्नु पर्नेछ। नामसारी गरि नलिएमा धरौटी बापत रहेको १०% प्रतिशत रकम स्वतः जफत हुनेछ।

३) तोकेको दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगतै सरकारी कार्यालय खोलिएको पहिलो दिनमा लिलाम बढावढ गरिनेछ।

४) लिलाम बढावढ गर्दा सबैभन्दा बढी अंक बोल्ने व्यक्ति वा संस्थालाई लिलाम स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थालाई सुरक्षित रहनेछ।

५) लिलाम बिक्री हुने घर जग्गा एवं सो सम्बन्धी कागजात हेर्न चाहनु हुने महानुभावहरूले यस संस्थाको कार्यालयबाट कार्यालय समय भित्र जानकारी लिन सक्नेछ।

६) सहकारी ऐन, सहकारी नियमावली, संस्थाको विनियम, कर्जा लगानी तथा असुली नीति अनुसार लिलाम बिक्री गर्नु पर्ने माथि उल्लेखित घर जग्गा लिलाम बिक्री गर्दा कसैले नसकारेमा संस्थाले उक्त धितोमा रहेको घर जग्गाको स्वामित्व आफूमा लिन सक्नेछ।

७) लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्चहरू ऋणी स्वयम्ले व्यहोर्नु पर्नेछ। धितो नामसारी दा.खा. गर्दा लागेको खर्च लिलाम सकार गर्नेले व्यहोर्नु पर्नेछ।

८) संस्थामा सुरक्षणमा रहेको धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएमा ऋणी तथा निजको एकाघर परिवारको नाममा रहेको अन्य चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिनेछ।

९) लिलाम बढावढ यस संस्थाको कार्यालयमा मिति २०८३ बैशाख २१ गते, सोमबार बिहानको १०:०० बजेदेखि दिनको ४:०० बजेसम्म हुनेछ।

आइतबार ६ वैशाख ०८३
www.nayapatrikadaily.com
नयाँ पत्रिका
का.नि.द.नं.१२८/०६३/६४, म.ले.हु.नि.द.न. १७/०६९/०७०

पिएम कपमा सात खेलाडीका १० शतक

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

विभागीय टोली त्रिभुवन आर्मीले अपराजित रहँदै प्रधाममन्त्री कप क्रिकेट प्रतियोगिताको उपाधि जित्यो। आर्मीले फाइनलमा सुदूरपश्चिममाथि पाँच विकेटको जित निकाली उपाधि हात पारेको हो। आठौं संस्करणमा यसपटक कुल १० शतक बने। यसक्रममा सात ब्याट्सम्यानले शतकीय इनिङ्स खेल्न सफल भए। गण्डकीका अर्जुन कुमालले प्रतियोगितामै एउटा नयाँ रेकर्ड स्थापित गरे। सहभागी खेलाडीमध्ये कान्छा बनेका उनले दुई शतक जोडे। यसैगरी, एपिएफका आसिफ सेखले एकै खेलमा दोहोरो शतकीय इनिङ्स खेलेका थिए। उनले मधेशविरुद्ध २०८ रनको कीर्तिमानी प्रदर्शन गरेका थिए। आर्मीका विनोद भण्डारीले पनि दुई शतक खेले। आसिफ, विनोद र अर्जुनले समान दुई शतक लगाए। समग्रमा प्रधानमन्त्री कपमा सात खेलाडीले शतकीय इनिङ्स खेलेका थिए।

१ आसिफ शेख (एपिएफ)

२ शतक, १ **अर्धशतक**, ४५७ रन



प्रधानमन्त्री कपमा एपिएफका आसिफ शेखले नौ खेलमा ४५७ रन जोडेका छन्। उनले प्रतियोगितामा दुई शतक तथा एक अर्धशतकीय इनिङ्स खेलेका थिए। यस क्रममा उनले एकपटक दोहोरो शतक तथा एकपटक शतक लगाए। एपिएफले अर्को सिजनको जय ट्रफीमा स्थान बनाउँदा उनको योगदान मुख्य रह्यो। उनले बागमतीविरुद्ध ११४ रन जोडेका आसिफले प्रधानमन्त्री कपमै इतिहास बनाउने क्रममा मधेशविरुद्ध २०८ रनको दोहोरो शतक जमाए। प्रधानमन्त्री कपमा एकै खेलमा दोहोरो शतक लगाउने उनी मात्र एक्ला ब्याट्सम्यान हुन्। मधेशसँगको खेलमा रिटायर्ड हुनुअघि उनले १४२ बलमा १५ चौका र १६ छक्का प्रहार गरेका थिए। उनले ९० बलमा ९ चौका र ६ छक्काको सहयोगमा शतक बनाए।

२ विनोद भण्डारी (आर्मी)

२ शतक, १ **अर्धशतक**, ४०४ रन



यसपटक प्रधानमन्त्री कपमा सहभागीमध्ये सिनियर खेलाडी विनोदले असाधारण प्रदर्शन गरे। यसै प्रदर्शनका कारण उनले राष्ट्रिय टोलीमा पुनरागमनसमेत गरेका छन्। आर्मीलाई च्याम्पियन बनाउने क्रममा उनले १० खेलमा ४०४ रन जोडे। यो क्रममा उनले दुई शतक तथा एक अर्धशतकीय इनिङ्स खेले। प्रतियोगितामा उनले सुदूरपश्चिमविरुद्ध समूह चरणमा १०० रन तथा कोशीविरुद्ध १८९ रनको योगदान दिएका थिए। प्रधानमन्त्री कपमा समग्रमा उनले चार शतक जोडेका छन्। विनोदले आफ्नो प्रधानमन्त्री कपको करिअरमा सर्वाधिक १८९ रन बनाउँदा १५० बलमा २१ चौका र पाँच छक्का प्रहार गरेका थिए।

३ अर्जुन कुमाल (गण्डकी)

२ शतक, २ **अर्धशतक**, ५०४ रन



गण्डकी प्रदेशले प्रधानमन्त्री कपको शीर्ष ६ स्थान रक्षा गर्न नसके पनि युवा ब्याट्सम्यान अर्जुन कुमालले सनसनी प्रदर्शन गरे। प्रतियोगिताकै एकै संस्करणमा उनले पनि दुईपटक शतकीय इनिङ्स खेले। उनको पहिलो शतक कोशीविरुद्ध रह्यो। प्रतियोगितामा एक खेल पनि जित हात नपारेको कोशीविरुद्ध अर्जुनले १०२ रन बनाएका थिए।

त्यसपछि महत्त्वपूर्ण खेलमा लुम्बिनीविरुद्ध उनले १०३ रन जोडेका थिए। यस खेलमा लुम्बिनीमाथि गण्डकीले आठ विकेटको जित निकाल्दा अर्जुनले १३० बलमा १०३ रन बनाए। जसमा १३ चौका र एक छक्का समावेश रह्यो। प्रतियोगिताकै सर्वाधिक रन बनाएपछि उनी पहिलोपटक राष्ट्रिय टोलीमा परेका छन्।

४ बसिर अहमद (आर्मी)

१ शतक, ० **अर्धशतक**, २५२ रन



यसपटक आर्मीले अपराजित रहेर उपाधि जित्ने क्रममा मध्यक्रमका बसिरले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए। उनले मध्यक्रम कमजोर भएको अवस्थामा टोलीलाई सुदृढ अवस्थामा पुऱ्याए। फर्ममा रहेका बसिरले प्रतियोगितामा एक शतक इनिङ्स खेले। प्रधानमन्त्री कपको आर्मीको आफ्नो खेल नेपाल पुलिसविरुद्ध थियो।

यो खेलमा बसिरले सय रन जोडेका थिए। पुलिसविरुद्धको कमजोर ब्याटिङमा बसिरले आक्रामक रूपमा ब्याटिङ गरी ८६ बलमा आठ चौका र दुई छक्का प्रहार गरी सय रन बनाउँदा आर्मीले सम्मानजनक योगफल बनायो। उनले फाइनलमा सुदूरपश्चिमविरुद्ध ४५ रन बनाए। यसैगरी, लिग चरणमा उनले कर्णालीसँगको खेलमा ४५ रन तथा मधेशविरुद्ध ४१ रन जोडेका थिए।

५ रञ्जित खड्का (लुम्बिनी)

१ शतक, ० **अर्धशतक**, २१२ रन



लुम्बिनीले अर्को सिजनको जय ट्फी क्रिकेट प्रतियोगितामा स्थान पक्का गर्ने क्रममा ब्याट्सम्यान रञ्जितले ब्याटिङमा राम्रो प्रदर्शन गरेका थिए। उनले प्रतियोगिता एक शतकको सहयोगमा २१२ रन जोडेका थिए। नौ खेलमा आठ इनिङ्स ब्याटिङ गर्न अवसर पाएका उनले नेपाल पुलिसविरुद्ध १२८ बलमा १२८ रन बनाए। यसक्रममा उनले १३ चौका र तीन छक्का प्रहार गरे।

६ शंकर राना (पुलिस)

१ शतक, ० **अर्धशतक**, २९० रन



पुलिस क्लबका नियमित ओपनर कुशल भुर्तेलको अभावमा बागमतीविरुद्ध शंकरले ओपनिङ गरेका थिए। ओपनिङ जिम्मेवारी पाएकै खेलमा उनले शतकीय इनिङ्स खेले।

यस खेलमा उनले ११६ रन जोडे। १२८ बल सामना गरेका उनले १२ चौका र ३ छक्का प्रहार गरेका थिए। शंकरले अन्य खेलमा त्यति राम्रो प्रदर्शन गर्न सकेनन्। उनले मधेशसँगको खेलमा २७ रन बनाएका थिए। एपिएफसँगको महत्त्वपूर्ण खेलमा उनले ६१ रन जोडेका थिए।

७ अर्जुन साउद (आर्मी)

१ शतक, ० **अर्धशतक**, १८५ रन



यसपटक प्रधानमन्त्री कपमा आर्मीको ब्याटिङ अन्य टोलीका तुलनामा बलियो देखिएको थियो। आर्मीका शीर्ष तथा मध्यक्रमका ब्याट्सम्यानले दमदार ब्याटिङ गरे।

अर्जुनले प्रतियोगितामा एक शतकीय इनिङ्स खेलेका छन्। उनले वीरगन्जमा भएको खेलमा कर्णालीविरुद्ध १२१ रन जोडेका थिए। यो क्रममा उनले ६ चौका र ३ छक्का प्रहार गरेका थिए। उनले लुम्बिनीसँगको खेलमा २८ रन बनाए।

■ चन्द्रगढी महिला गोल्डकप

पोखराको पोस्टमा आर्मीको आधा दर्जन गोल

पोखराको कमजोर डिफेन्सको फाइदा उठाउँदै त्रिभुवन आर्मीले पहिलो हाफमा चार र दोस्रोमा दुई गोल गऱ्यो

झापामा चिरञ्जीवी घिमिरे



त्रिभुवन आर्मी फुटबल क्लबको महिला टोलीले शनिबार पहिलो संस्करणको चन्द्रगढी महिला गोल्डकपमा सानदार जित निकालेको छ। मेची रंगशाला भद्रपुरमा आर्मीले पोखराको आरएस पोखरा फुटबल क्लबविरुद्ध ६-० को सानदार जित दर्ता गरेको हो। जितसँगै आर्मीले सेमिफाइनलमा पुगेको छ। निर्धारित ८० मिनेटको खेलमा आर्मीको जितका लागि चन्द्रा भण्डारी र विमला चौधरीले समान दुई गोल गरेका थिए। दीपा शाही र जेनिफर राना मगरले समान एक गोल गरे।

खेलको १०औं मिनेटसम्म पोखराले आर्मीलाई गोलरहितमा रोकेको थियो। त्यसपछि ११औं मिनेटमा आर्मीले गोल गऱ्यो। आर्मीकी दीपा शाहीले १-० का लागि गोल गरिन्। चन्द्रा भण्डारीले डिबक्सबाट गरेको प्रहार विपक्षी पोखराकी गोलरक्षक मनीषा तामाङको हातबाट फुत्किएको बललाई अनमार्क रहेकी दीपाले सहजै गोल गरेकी हुन्। खेलको २६ औं मिनेटमा आर्मीकी विमलाले २-० को अग्रता दिलाइन्। चन्द्राको पासमा दोस्रो बार च्याप्दै विमलाले प्रहार गरेको लङ रेन्जर बल गोलमा परिणत भएको थियो।

खेलको २८औं मिनेटमा विमलाले व्यक्तिगत दोस्रो गर्न सफल भइन्। सञ्जु कुमालले दिएको क्रसमा डिबक्समा अनमार्क रहेकी विमलाले भली गोल गरिन्। खेलको ३५औं मिनेटमा आर्मीका लागि चन्द्राले ४-० का लागि गोल गरिने। दीपा शाहीको कर्नरमा विमला विकले दिएको पासलाई चन्द्राले हेडिङ गोल गरिन्। पहिलो हाफमा आर्मी एकपक्षीय प्रदर्शन गऱ्यो। पोखराले खेलको कुनै पनि समयमा आर्मीलाई चुनौति दिन सकेन।

दोस्रो हाफमा पोखरा रक्षात्मक

पोखराले आर्मीविरुद्ध दोस्रो हाफमा बलियो डिफेन्स रणनीति लियो। जसका कारण आर्मीले मध्यान्तरपछि दुई गोलमात्र थप्यो। खेलको ५० औं मिनेटमा आर्मीकी स्ट्राइकर जेनिफरले ५-० का लागि गोल गरिन्। विमला चौधरीले गरेको प्रहार गोलरक्षकले नियन्त्रणमा लिन नसकेपछि आर्मीकी जेनिफरले टिमका लागि पाँचौं गोल गरिन्।

खेलको ६२औं मिनेटमा आर्मीकी चन्द्राले गोल गरिन्। तुलसा बोहोराले दिएको सुन्दर पासमा बल अघि बढाउँदै चन्द्राले सहजै गोल गरिन्। प्रतियोगिताको पहिलो खेलमा पोखरामाथि आर्मी हाबी रह्यो। विभागीय टोली आर्मीमाथि पोखराले सम्झनलायक प्रदर्शन गर्न सकेन। सुरुवातदेखि नै दबाबमा रहेको पोखराले कुनै पनि खतरानाक मुभ बनाउन सकेन। सुरुवातबाट आक्रामक खेल प्रदर्शन गरेको आर्मीले पोखरालाई रक्षापंक्तिमै व्यस्त बनायो। पहिलो खेलको प्लेयर अफ दी म्याच विमला चौधरी हुँदै नगद १० हजार रुपैयाँ हात पारिन्।

विजेताले ११ लाख रुपैयाँ पाउने

१४ वैशाखसम्म चल्ने प्रतियोगितामा दुई विदेशी टोलीसहित दश टिमको सहभागिता रहेको छ। प्रतियोगिताको विजेताले ११ लाख रुपैयाँ र ट्फी पाउनेछ। त्यस्तै, उपविजेताले पाँच लाख रुपैयाँ पाउनेछ। यो पुरस्कार राशि महिला फुटबलमा नेपालकै सर्वाधिक भएको आयोजकले जनाएको छ। त्यस्तै, प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीलाई नगद ५० हजार रुपैयाँ प्रदान गरिनेछ। उत्कृष्ट गोलरक्षक, डिफेन्डर, मिडफिल्डर, फरवार्ड र प्रशिक्षकले नगद २५ हजार रुपैयाँ पाउनेछन्। आइतबारको खेल भुटानको थिम्पु सिटी फुटबल क्लब र चर्चब्वाइज युनाइटेडबिच प्रतिस्पर्धा हुनेछ।

खेल संक्षेप

मिलिवाना र भानी फाइनलमा

कास्की/ मिलिवाना लावत र भानी राजभण्डारी पाँचौं राष्ट्रिय जुनियर राष्ट्रिय टेनिस प्रतियोगिताअन्तर्गत यू-९ महिलातर्फ फाइनलमा पुगेका छन्। कास्की जिल्ला टेनिस संघको आयोजनामा शनिबार पोखरा रंगशालास्थित टेनिस कोर्टमा यू-१८ पुरुषतर्फ दर्शिल श्रेष्ठले संगम मगरलाई ६-० र ६-० ले हराउँदै अन्तिम चारको स्थान पक्का पारे। शाश्वत बज्राचार्यले सन्दीप विकमाथि ६-०, ५-७ र ६-० को सेटमा हराए। स्पन्दन उदासले अभिषेक विकलाई ६-० र ६-० को सेटमा पराजित पाखा लगाउँदै सेमिफाइनलमा स्थान बनाएका छन्। यू-१६ महिलामा ऐरा खत्री, शाल्भी शेरचन, आरुषी शेरचन र सोराह थापाले अन्तिम चारमा पुगेका छन्। आगामी ८ वैशाखसम्म हुने प्रतियोगितामा कास्कीका १५ सहित काठमाडौं, चितवन, बुटवललगायतबाट ९० जना खेलाडीले प्रतिस्पर्धा गरिरहेका छन्।

च्याम्पियन खेलाडी निश्चल र सुरम्या सम्मानित

काठमाडौं/ स्ट्याग च्याम्पियन्स टेबलटेनिस एकेडेमीले आइटिटिएफ एटिटियू दक्षिण एसियाली युथ टेबलटेनिस चाम्पियनसिपमा पदक जित्ने दुईजना खेलाडीलाई शनिबार सम्मान गरेको छ। स्ट्याग च्याम्पियन्स टेबलटेनिस एकेडेमीका निश्चल थापा र सुरम्या शाक्यले नेपालको प्रतिनिधित्व गर्दै पदक जितेका थिए। भारतको सिमलामा ८ देखि ११ अप्रिलसम्म भएको प्रतियोगितामा नेपालले यू-१५ महिला र पुरुषमा भाग लिएको थियो। नेपाली महिला टोलीले यू-१९ डबल्समा सहभागिता जनाएको थियो। नेपालले समग्रमा तीन रजत र कांस्य पदक प्राप्त गरेको थियो। निश्चलले यू-१५ पुरुष डबल्समा एक रजत र यू-१५ पुरुष टिममा एक कांस्य जितेका छन्। सुरम्याले यू-१५ महिला डबल्समा एक रजत र यू-१५ महिला टिममा कांस्य हात पारेकी थिइन्। प्रतियोगितामा नेपाल, आयोजक भारत, बंगलादेश, श्रीलंका र माल्दिभ्सले सहभागिता जनाएको छ।

मच्छिन्द्र इटहरी गोल्डकपबाट बाहिरियो

काठमाडौं/ युवा समाज मोरङले १६औं इटहरी गोल्डकप फुटबल प्रतियोगिताको साबिक विजेता मच्छिन्द्र फुटबल क्लबलाई सडेनडेथमा ५-४ ले हराएको छ। जितसँगै मोरङ फाइनल पुग्ने पहिलो टोली बनेको छ। निर्धारित समयमा दुवै टोलीले तीन-तीन गोलको बराबरी खेलेका थिए। त्यसपछि खेलको निर्णय सिधै पेनाल्टी सुटआउटबाट भयो। पेनाल्टीमा पनि दुवैले चार-चार गोल गरेपछि सडेनडेथमा खेल पुग्यो। सडेनडेथमा मच्छिन्द्रका युवराज ढकालले गोल गर्न सकेनन्। मोरङका पद्म भट्टराईले गोल गरेपछि युवा समाज उपाधिनजिक पुगेको हो। पेनाल्टीमा मच्छिन्द्रका रोहित चन्द, दीपेश गुरुङ, देवेन्द्र तामाङ र तुषार विश्वकर्माले गोल गरे। युवा समाजका रामचन्द्र वाजी, विशाल तामाङ, शिशिर लेखी र सिर्जनराज गौतमले गोल गर्दा कप्तान सुजन चौधरीको प्रहार गोल पोस्टमा लागेर फर्किएको थियो।

शारीरिक सुगठनका ६ प्रतियोगिता हुँदै

काठमाडौं/ काठमाडौं शारीरिक सुगठन तथा फिटनेस संघले आयोजनामा विभिन्न प्रतियोगिता हुने भएको छ। संघले मिस्टर काठमाडौं शारीरिक सुगठन प्रतियोगिता, मास्टर-मिस्टर काठमाडौं, जुनियर मिस्टर, पुरुष एथलेटिक फिजिक्स, महिला एथलेटिक फिजिक्स तथा पुरुष स्पोर्टस् फिजिक्स ०८३ प्रतियोगिता आयोजना गर्ने जानकारी दिएको हो। आगामी भाद्र १९ र २० मा मिस्टर काठमाडौं हुनेछ। ४० वर्षमाथिको मास्टर र २१ वर्षमुनिको जुनियर प्रतियोतिगा हुने संघले जनाएको छ। संघ यसपटक ६ वटा विभिन्न प्रतियोगिता आयोजना गर्न लागेको हो। 'नेपालभरिका शारीरिक सुगठन खेलमा आबद्ध खेलाडीलाई समेट्ने गरी परिमार्जित एवं परिष्कृत रूपमा राष्ट्रियस्तरको प्रतियोगिता आयोजना गर्न लागेका हौं,' संघले भनेको छ। मिस्टर काठमाडौं शारीरिक सुगठनमा सात तौल समूहमा प्रतिस्पर्धा हुनेछ। जुनियर मिस्टर काठमाडौंमा सहभागी हुन ०८२ चैत्र मसान्तसम्म २१ वर्ष ननाघेको हुनुपर्नेछ।

■ पहिलो खेलमा नेपालको हार

काठमाडौं/ आईसिसी महिला टी-२० आई च्यालेन्ज ट्फीमा शनिबार नेपाल पहिलो खेलमै अमेरिकासँग ४४ रनको पराजित भएको छ। अमेरिकाले पहिले ब्याटिङ गर्दै २० ओभरमा ६ विकेट गुमाएर १२३ रन बनायो। प्रत्युत्तरमा नेपालले २० ओभरमा ९ विकेट गुमाएर मात्र ७९ रन बनायो। नेपालको ब्याटिङ निकै कमजोर रह्यो। कुनै पनि ब्याट्सम्यानले ठूलो ठूलो इनिङ्स खेल्न सकेनन्। बिन्दु रावलले मात्र ४५ बलमा २७ रनको सर्वाधिक योगदान दिएका थिए। कविता जोशीले ११ रन बनाइन्। अमेरिकाका बलर माही माधवन र तरणुम चोपराले समान दुई विकेट लिए। नेपालले सोमबार इटालीको महिला टोलीसँग प्रतिस्पर्धा गर्नेछ। अमेरिकाको ब्याटिङमा पूजा गणेशले ४९ बलमा ४७ रन बनाइन्। नेपालको बलिङमा मनीषा उपाध्यायले ४ ओभरमा १८ रन खर्चेर २ विकेट लिइन्।



राजन र सन्तोषीलाई हाफ म्याराथन उपाधि

काठमाडौं/ त्रिभुवन आर्मी क्लबका राजन रोकाया र धादिङकी सन्तोषी श्रेष्ठले कान्तिपुर हाफ म्याराथनअन्तर्गत २१.१ किलोमिटरको हाफ म्याराथनको उपाधि जितेका छन्। पुरुषतर्फ राजनले पहिलोपटक उपाधि हात पारेका हुन्। महिलातर्फ सन्तोषीले लगातार दोस्रोपटक जितेकी हुन्। कान्तिपुर मिडिया ग्रुपको आयोजनामा रन फर नेपाल नारासहित शनिबार १४औं संस्करणको हाफ म्याराथन आयोजना गरेको हो। हाफ म्याराथनबाहेक कर्पोरेट एन्ड इन्फ्लुएन्सर रन (५ किमि), एक्स्ट्रिम कलेज रन (७ किमि), ह्विलचेयर रेस (३ किमि) गरी चार विधामा प्रतिस्पर्धा भएको थियो। यसपटक हाफ म्याराथनमा अहिलेसम्मकै सबैभन्दा बढी चार हजारजना धावकले सहभागिता जनाएका थिए। यसअघि ०७५ मा दुई हजार पाँच सय ६० जना दौडिएका थिए।



शीर्ष तीनमा आर्मीका खेलाडीको एकलौटी वर्चस्व रह्यो। अर्जुन बुढा एक घण्टा ६.०४ मिनेटका साथ दोस्रो र सुशील शाही एक घण्टा ६.५ सेकेन्डका साथ तेस्रो भए। महिलामा सन्तोषीले एक घण्टा १८.११ मिनेटमा पूरा गरेर विजेता बनेकी हुन्। धादिङकी उनले गत वर्ष एक घण्टा २३.२८ मिनेटमा पूरा गरेकी थिइन्। पुरुष र महिला विजेताले एक लाख ५० हजार रुपैयाँ पाएका छन्। कलेज रनकै महिलामा अनुसिया तण्डुकारले उपाधि जितिन्। उनले ३४ मिनेट २१.८५ सेकेन्डमा दौड पूरा गरेकी थिइन्। पुकार बस्नेत र कुसुम तामाङले कर्पोरेट तथा इन्फ्लुएन्सरतर्फ विजेता बने। पाँच किलोमिटर दूरीमा भएको दौडमा माउन्ट एभरेस्ट सेकेन्डरीका पुकारले १७ मिनेट ४२:६० सेकेन्डमा पूरा गरे। श्री सगरमाथा सेभिङ एन्ड क्रेडिटका रामचन्द्र श्रेष्ठले १८ मिनेट २० सेकेन्डबाट दोस्रो र जयमाता दुर्गा यातायातका युन राई १९ मिनेट ०१ सेकेन्डबाट तेस्रो भए।

पूर्वखेलाडी सर्फराज बने पाकिस्तानका मुख्य प्रशिक्षक



सन् २०१७ मा आइसिसी च्याम्पियन्स ट्फीमा कप्तानी भूमिका निर्वाह गरेका सर्फराज अहमद अब पाकिस्तानी टोलीका प्रशिक्षक

एजेन्सी

पाकिस्तान क्रिकेट बोर्ड (पिसिबी)ले बंगलादेशविरुद्धको दुई टेस्ट सिरिजका लागि खेलाडीसँगै प्रशिक्षक घोषणा गरेको छ। ४ मेदेखि बंगलादेशमा हुने दुई टेस्टका लागि पूर्वराष्ट्रिय टोलीका खेलाडी सर्फराज अहमदलाई नयाँ मुख्य प्रशिक्षक नियुक्त गरेको पिसिबीले जनाएको छ। यसैगरी, पिसिबीले चार नयाँ खेलाडी समावेश गरिएको छ। टोलीको कप्तानी सान मसुदले गर्नेछन्। अब्दुल्लाह फजल, अजान अवाइस, गाजी घोरी र अमादबाट पहिलोपटक टेस्ट टोलीमा परेका हुन्। खेलाडीहरूले घरेलु क्रिकेटमा उत्कृष्ट प्रदर्शन गरेपछि उनीहरूले टोलीमा अवसर पाएका हुन्।

दक्षिण अफ्रिकाविरुद्धको खेलमा खराब प्रदर्शन गरेका पाँच खेलाडी टोलीमा अटाएनन्। सफिक, आसिफ अली, अबरार अहमद, कामरान गुलाम र रोहेल नजिर यसपटक टोलीमा नरहेको पिसिबीको भनाइ छ। मोहम्मद अब्बासले पुनरागमन गरेका छन्। बंगलादेशविरुद्ध बाबर आजम, मोहम्मद रिजवान, सलमान अघा, सउद सकिल र इमाम उल हक अनुभवी ब्याट्सम्यानका रूपमा छन्। बलिडतर्फ साहिन शाह अफ्रिदी, हसन अली, खुर्रम साहजाद र अब्बासले जिम्मेवारी पाएका छन्। नोमान अली र सजिद खान स्पिनरका रूपमा छन्।

घरेलु प्रतियोगिताबाट चार खेलाडी छानिए

पाकिस्तानले बंगलादेशविरुद्ध चार नयाँ खेलाडी छनोट गर्दा उनीहरूले घरेलु प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरेको पिसिबीले जनाएको छ। पहिलो श्रेणीमा फजाल सर्वाधिक रन बनाउने ब्याट्सम्यान हुन्। उनले सात खेलमा ५१.८३ को औसतमा ६२२ रन जोडे। प्रेसिडेन्ट कपमा उनले ओपनिङका रूपमा ब्याटिङ गरी एक खेलमा १८२ रन बनाएका थिए। कराँच ब्लुबाट प्रतिस्पर्धा गरेका फजाललले फाइनलको दुवै इनिङ्समा ८८ तथा ११४ रन जोडेका थिए।

यसैगरी, विकेटकिपर ब्याट्सम्यानका रूपमा घोरी समावेश भएका छन्। उनले ४८.२७ को औसतमा ५३१ रन जोडेका थिए। अवासीले लगातार पहिलो श्रेणी क्रिकेट प्रतियोगितामा उत्कृष्ट फर्ममा छन्। उनले ४८.६ को औसतमा ब्याटिङ गरेका थिए। उनले पहिलो श्रेणीमा अहिलेसम्मा पाकिस्तानका लागि २ हजार ६ सय ७३ रन जोडेका छन्। गत संस्करणमा उनले ८ सय ८४ रन बनाएका थिए।

फास्ट बलर बटले प्रेसिडेन्ट कपमा सर्वाधिक ३२ विकेट लिएका थिए। उनले १९.२१ औसतमा बलिङ गरेका थिए। बलिङ मात्र नभएर ब्याटिङमा समेत उनको प्रदर्शन राम्रो छ। उनले प्रेसिडेन्ट कपमा २०६ रन जोडेका छन्। बलरका रूपमा उनको यो प्रदर्शन अब्बल रहेको पिसिबीले जनाएको छ। नयाँ प्रशिक्षक सर्फराजले युवा खेलाडीहरूको साथमा बंगलादेशविरुद्ध उत्कृष्ट प्रदर्शन गर्न सक्ने जनाएका छन्।

प्रशिक्षण करिअरमा जमेका सर्फराज

सन् २०१७ को आइसिसी च्याम्पियन्स ट्फिमा सर्फराजको कप्तानीमा पाकिस्तानले प्रतिस्पर्धा गरेको थियो। अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्न्यास लिएपछि उनले प्रशिक्षण करिअर अगाडि बढाएका थिए। यू-१९ एसिया कपमा पाकिस्तानले पछिल्लोपटक सहभागिता जनाउँदा मुख्य प्रशिक्षक उनी नै थिए। यसैगरी, उमेर समूहको विश्वकपको फाइनलमा उनकै प्रशिक्षणमा पाकिस्ताले भारतलाई हराएको थियो।

सर्फराजलाई प्रशिक्षणमा पाकिस्तानकै पूर्व खेलाडीहरू असाद सफिक र उमार गुलले सहयोग गर्नेछन्। असादले ब्याटिङ तथा गुलले बलिङ प्रशिक्षण गर्नेछन्। गुलले पछिल्लो समयमा पाकिस्तानको एकदिवसीय टोलीमा बलिङ प्रशिक्षकका रूपमा काम गरेका थिए। सर्फराजको प्रशिक्षणमा पाकिस्तानले गत सिजनमा एसिया कप यू-१९ क्रिकेट प्रतियोगिता जितेको थियो। पाकिस्तानले बंगलादेशमा ४ मेमा ढाकामा पहिलो टेस्ट खेल्नेछ। यी दुईबिच दोस्रो टेस्ट १६ मेमा हुनेछ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com